

ISSN 2631-2298
nepalmag.com.np
आइतबार • २९ भदौ २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

क्राइम ल्यान्ड

नेपाली भूमिमा एकपछि अर्को अपराधकर्ममा विदेशी संलग्नता

- बर्सेनि ६०० देश निकाला
- नेपालका जेलमा १२०० विदेशी

स्काउटमा गिद्धेनजर | प्रधानमन्त्रीको स्वास्थ्यमा यसरी छिर्‍यो राजनीति



Marvel®
FlowGuard™ Plus CPVC and Lead Free PVC Piping Systems
सुरक्षा घरको
साथ जीवनभरको...
गुणस्तरिय
PLUMBING
का लागि अपनाउनुहोस्
Marvel का
Piping System
Marvel® FLOWGUARD PLUS CPVC PLUMBING SYSTEMS
For Hot & Cold Water Distribution
Marvel® Aquaflo
uPVC Pressure Pipe for Drainage & Water Supply
Marvel® DURADRAIN
Under Ground Drainage Pipe
Marvel® SafeDuct
Fire Resistant uPVC Conduit Pipes & Fittings
NEPAL STANDARD CERTIFICATION MARK
NSF pw
NSF certification for CPVC pipes*
UKAS MANAGEMENT SYSTEMS
ISO 9001:2015
Lead-free
Only those products marked NS/NSF are certified
Marvel Technoplast Pvt. Ltd.
www.marvel.com.np

AMBE STEELS
दीर्घायु भवः
AMBE GROUP
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS


KMG
WITHOUT FEAR OR FAVOUR
The road to the truth is difficult.
A path filled with division, diversion and danger.
A path filled with validation and temptation.
There are voices to be heard and stories to be told.
The road is long and the road is hard.
But this is the road we walk.
Without fear or favour.
THE KATHMANDU POST

K. L. DUGAR GROUP
AURA
NOW IN NEPAL
Joy of Freshness
Works on Low Voltage
Longer Freshness
Larger Freezer Space
Toughened Glass Shelves
10 YEARS* WARRANTY
* CONDITIONS APPLY
AURA
INTELLIGENT REFRIGERATORS
Available in 190 liters to 230 liters
Smart Appliances P Limited
CORPORATE OFFICE:
CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
COMPANY SHOWROOM:
KATHMANDU: CHARKHAL, DILLIBAZAR, TEL: 01-4436920
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD, TEL: 021-522758
FOR SERVICE:
Toll Free No.: 16600110090, For Dealership: 9801105114

भित्र
आइतबार, २९ भदौ २०७६ (वर्ष २०, अंक ७)
Nepal National Weekly, 15 Sept 2019 (Vol. 20, No. 7)

स्काउट डुबाउने खेल

दलीय हस्तक्षेपले थिलथिलो, साहूमहाजनदेखि नेता-कर्मचारी जग्गा हत्याउने दाउमा

१६

रम्री देखिनैपर्ने ! | ४०

२४ बेथिति
अकर्मण्य आयोग

४२ फिल्म
सिमानापारि सिने-क्रेज

२६ (अ) सहमति
भास्कर गौतम

२८ आवरण
क्राइम ल्यान्ड

१२ हाम्रो नेपालमा
अलग भाषा

१५ प्रदेश ५
एम्बुलेन्स मासेर गाडी

२२ स्वास्थ्य
ओलीको स्वास्थ्यमा राजनीतिक दाउपेच

३६ कृषि अनुदान
किसानका नाममा स्वाहा !

सम्पादकीय | ५
प्रतिक्रिया | ६
प्रवेश | ८
परिहास | १०
स्मरण | १४
टिप्पणी : विज्ञानबाबु रेग्मी | २१
पहिरन बहस : कैलाश राई | ३९
आर्काइभ : शिशिर वैद्य | ४४
रङ | ४६
नदेखिएका बीपी : शशांक कोइराला | ४८
तीन किताब | ४९
पुस्तक | ५०
कोलाज | ५२
नेपाल मण्डल | ५४
नोटबुक | ५६

हल्लैहल्लाको देश र 'स्मल कन्ट्री सिन्ड्रोम'

भारतीय अभिनेता ऋतिक रोशनले नेपालीलाई हियाएर बोले रे भन्ने हल्लालाई पुष्ट्याइँबिनै चितवनको एक पत्रिकाले खबर बनाउँदा दुई दशकअघि देशै ठप्प भयो । सप्तरीमा एकको ज्यान गयो भने असंख्य घाइते । काठमाडौँमा मधेसी र केही भारतीय मूलका बासिन्दामाथि कुटपिटका घटना भए ।

हल्लाराजका दृष्टान्त अरू पनि छन् । नेपाल-भारत दुवैतिरका मानिसले यस्ता हल्लामा आनन्द लिने गरेका छन् । प्रणव मुखर्जी भारतका विदेशमन्त्री छँदा मध्यपूर्वको एक कार्यक्रममा गएर भने, 'नेपालमा राजतन्त्र फाल्न हामीले भूमिका खेलेका हौं ।' ००७ सालयताका विभिन्न परिवर्तनमा भारतीय लोकतन्त्रको ऐक्यबद्धता, सहायता र चलखेललाई झिनो रेखाले छुट्टयाउने गरेको छ । यही रेखाले यथार्थ र षडयन्त्र सिद्धान्तबीचको अन्तर धूमिल बनाइदिएको छ । सन् १९५० तिर जवाहरलाल नेहरुले मातृकाप्रसाद कोइरालालाई लेखेका चिट्ठीदेखि सन् २०१० को दशकमा प्राध्यापक एसडी मुनीको *नेपाल इन् ट्रान्जिसन् : फ्रम पिपुल्स वार टु फ्रजाइल पिस* पुस्तकभित्रका लेख यसैको सिलसिलामा देखिन आउँछन् ।

भारतीय सत्तावृत्तका मानिसहरू जति चलखेल गर्छन्, त्योभन्दा बढी चलखेलको भ्रम दिन रुचाउँछन् । प्रगतिशील, लोकतन्त्रवादी होऊन् या दक्षिणपन्थी- जोसुकै भारतीयको नेपाल-नीति र प्रवृत्ति उही छ । कुनै बेला माओवादी बैठक चल्दाचल्दै गेट-ऋयास गरेर प्रचण्डको लाजिम्पाट निवास छिर्ने राकेश सुददेखि, जयन्त प्रसाद, रणजीत राय, जयशंकर सबैको रवैया एकैनास थियो । आजपर्यन्त यो प्रवृत्ति उस्तै छ । यहाँका नेताले जेसुकै निर्णय लिए पनि त्यसमा भारतीय प्रभाव छ भनी तर्क गर्नेलाई कूटनयिकका यस्ता व्यवहारले पुट दिने गरेका छन् ।

यस्तैमा आइपुगेका छन्, भारतीय गुप्तचर संस्था 'रअ' का भूतपूर्व विशेष निर्देशक अमर भूषण । आज सञ्चारले डिजिटल फड्को हानिसक्दा पनि सही सूचनाको अनिकाल अझै छ भन्ने प्रस्ट्याए- यिनको उपन्यास *इन्साइड नेपाल* र त्यसमा आधारित भएर गत साता छापिएका खबरले । यो प्रेसको कमजोरी मात्रै होइन, काठमाडौँका विचार अड्डाहरूमा उपस्थिति देखाउँदै आएका मानिस पनि यसैका पछाडि दगुर्न पुगे ।

पुस्तक कुन विधाको हो, हिजोआज गाताहरू बोल्दैनन् । प्रकाशक हार्पर कलिन्सले नेपालको राजतन्त्र हटाउन रअले सन् १९९० देखि नै अपरेसन थालेको, तर त्यसले २००६-२००९ मा मात्रै पूर्णता पाएको भूषणको लेखनलाई उपन्यास हो भनी बाहिरी गातामा उल्लेख गरेको थिएन । पुस्तकबारे पहिलो खबर छाप्ने भारतीय पत्रिका *डीएनए*ले भित्री गाताको सूचना प्रस्ट्याइदिन सक्थ्यो । नेपालबाट प्रकाशित खबरहरू त्यही समाचारमा आधारित भएर बिनासवाल प्रमुखतासाथ छापिए । गल्ती पत्ता लाग्दासम्म लाखौं पाठकले खबर पत्याइसकेका थिए ।

प्रेसबाट पनि यदाकदा त्रुटि हुन्छन् । यो प्रकरणले हामी भारतभन्दा भूगोल, जनसंख्या र आर्थिक आधारमा कमजोर भएर बाँचेको सानो देश हुनुको लघुताभासबाट कतिसम्म ग्रस्त रहेछौं भन्नेबारे विगतदेखिको कुण्ठाको पुनरावृत्तिसमेत गराइदिएको छ । भारतलाई पनि नेपालमा 'नभएको प्रभाव' समेत देखाउने मौका 'रअ' कर्मचारीको पछिल्लो काल्पनिक पुस्तकजस्ता घटनाहरूले दिइरहेका छन् । आखिर तिनको के जान्छ, पत्याइदिने यहाँ छँदै छन् !

जनताको बहुसंख्या भने ठीकै सोच्छ । जसले जतिसुकै कथा हाले पनि राजा फाल्ने आन्दोलनमा बीसौं लाख नेपाली ओर्लिएको सत्य हो । इतिहासमा राजतन्त्रबाट पटक-पटक धोका पाउँदै आएका सार्वभौम जनताको निर्णयलाई कुनै पनि निहुँ झिकेर अवमूल्यन गर्ने छूट कसैलाई छैन । गणतन्त्र हाम्रो संविधानको अभिन्न अंग भइसक्यो । सत्तासञ्चालकका अनेक कमजोरी छन्, तर तिनलाई देखाएर राजतन्त्रको औचित्य अब पुष्टि हुन्न ।

जहाँसम्म भारतको प्रसंग छ, नेपाली सानो देश हुनुको हीनभावबाट अब माथि उठ्नुपर्छ । हामी त यसै पनि भूपी शेरचनले लेखेझैं हल्लैहल्लाको देशका नागरिक पर्‍यौं । तर आइन्दा नेपालबारे लेख्दा भारतीय प्रेसबाट थप संवेदनशीलताको अपेक्षा गर्नु अनुचित हुँदैन । अनि हाम्रा लागि पनि यो उपन्यास काण्ड एउटा पाठ बन्न गएको छ ।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : २२ भदौ २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८



देला र पुरानो पुस्ताले ?

महाधिवेशन आउन दुई वर्ष बाँकी छँदै मुलुकको पुरानो पार्टी नेपाली कांग्रेसभित्र बूढा-तन्नेरीबीच नेतृत्वको जोडघटाउ सुरू भएछ *(भिड्ने तयारी, २२ भदौ)* । नेपालका सबै राजनीतिक दलमा मृत्यु नहुन्जेल पार्टीमा पकड जमाउने वृद्ध नेताको संख्या बाक्लै छ । यसमा कांग्रेस अछूतो रहने कुरै भएन ।

कांग्रेस कार्यकर्ताका लागि झिनो आशा रहेका प्रवक्ता विश्वप्रकाश शर्मा र गगन थापाहरूले आउँदो महाधिवेशनबाट पार्टीको उपल्लो पदमा पुग्ने आशा नगरे पनि हुन्छ । किनभने महाधिवेशनका बेला वृद्ध नेतृत्वबीच पदको बाँडफाँटमा समझदारी पक्कै हुनेछ । युवा नेतृत्वबिना अबको कांग्रेसले आफूलाई सत्तारूढ बनाउन सक्लाजस्तो लाग्दैन ।

■ **उदयबहादुर अमात्य**
टोखा, काठमाडौं

- सुस्त कांग्रेसले आगामी ०७७ साल भदौमा १४ औं महाधिवेशन गर्छ भन्नेमै संशय छ । पार्टीभित्रै गुट-उपगुटमा विभक्त कांग्रेसीहरू एक भएर महाधिवेशनमा जालान् भन्नेमा पनि शंका देखियो । पद र सत्तालाई प्रमुखता दिएकै कारण खुइलिँदै गएको कांग्रेसलाई गति दिन सक्षम नेतृत्व आवश्यक छ । आगामी महाधिवेशनबाट युवा नेतृत्वले पार्टी हाँक्ने अवसर पाए मात्र कांग्रेसको गति र मति फर्किने थियो । नाममा प्रजातान्त्रिक तर काममा परिवारवाद, नातावाद, गुटवादलाई प्रश्रय दिने कांग्रेसमा आमूल परिवर्तन ल्याउन सुध्रिनुको विकल्प छैन ।

■ **कमला शर्मा**
विराटनगर, मोरङ

अनुपलाई बधाई

फिल्म निर्देशनसँगै अभिनय र प्रशिक्षकमा प्रभावी पहिचान बनाएका अनुप बरालको यात्रा पोखराबाट सुरू भएर फेरि पोखरामै थिएटर स्थापना भएको खबर थाहा पाउँदा हामी पोखरेलीलाई खुसी लागेको छ *(नदीपुर थिएटर, २२ भदौ)* ।

खुसी किन भने अनुप प्रसिद्ध कार्टुनिस्ट दुर्गा बराल वात्सयनका पुत्र हुन् । अनुपले अब पोखराबाट थिएटर स्थापना गरेर कलाकार बन्न चाहनेका लागि धेरै गुन लगाएका छन् । अनुपकै कारण पोखरा अब राष्ट्रिय कलाकारले नाटक मञ्चन गर्ने थलो बनोस् । सफलताको शुभकामना ।

■ **रुद्रनाथ पौडेल**
पोखरा-३, कास्की

प्रतिक्रियाका लागि
nepalpatra@kmg.com.np
लेख रचनाका लागि
nepalmag@kmg.com.np

@NepalMagazine
@NepalMagazine
@nepalmagazine

ट्वीट

सानेपामा टक्कर
Bishnu Aryal@vsnuaryal
कांग्रेसको आगामी नेतृत्वमा गगन-विश्वप्रकाश जो आए पनि हुन्छ । तेस्रोले छिर्के नहानोस् ।

कांग्रेसमा गगन-विश्वप्रकाश पुस्ताको दशक
D!NESH SUNR @dineshgrk
सम्पादकीयमा प्रदीप गिरि र अच्युत वाग्ले हावी भएछन् । कांग्रेसको विधान, नीति कार्यक्रमअनुसार चल्ने वा के-के सुधार गर्ने भनेर महासमितिमा गगन थापासहित ७ जनाले बहसमा ल्याएको दस्तावेजले पनि धेरै कुरा भनेको छ ।

'नयाँ पुस्तामा नयाँ कुरा छैन'
Santosh Budhathoki@budhathokisanto
जनताको निराशा यो सरकारको कामकारबाहीले चरम सीमा पार गरेको अवस्था छ । विशेषगरी पुरानो नेतृत्वले चाहे कांग्रेस होस् वा नेकपा, यो अवसरको फाइदा उठाउनुस् । शुभकामना छ, आश छ तर भर छैन ।

TIWARI Badriprasad@TIWARIBADRIPRA1
प्रदीप गिरिको विद्वतामा मेरो प्रश्न होइन । प्रश्न यो हो कि अब परम्परागत नेतृत्वले नेपाली कांग्रेस अगाडि बढ्न सक्दैन । गगन, विश्वप्रकाशहरूले नेतृत्वमा गएपछि पनि परम्परागत रूपमा पार्टी सञ्चालन गरे भने त्यतिबेला फेरि विकल्प खोज्नेछन् ।

आफैँसँग तर्सेका गणतन्त्रवादी
Kewal Kiran@kewalpb
अंग्रेज भारतवर्षबाट फर्केको ७२ वर्ष भयो । भारत अझै ब्रिटानिया बिस्कुट बनाउँछ, मन पराउँछ । मसुरी प्रशासकीय महाविद्यालयमा पापड खान काँटाचम्चा नै प्रयोग गरिन्छ । गोरो हुन, देखिन प्रयोग गरिने 'फेयर एन्ड लभ्ली' भारतवर्षमा सबैभन्दा ठूलो बजार भएको प्रसाधन सामग्री हो । कथा अनन्त छ ।

पोस्ट

पात
Rajab Pudasaini
कवितालाई सम्मानित पृष्ठ दिएकामा धेरै-धेरै धन्यवाद । विप्लव प्रतीक कविताको गम्भीर्य बुझ्ने निकै राम्रा कवि हुन् । यो कविताका लागि उनलाई बधाई ।

आफैँसँग तर्सेका गणतन्त्रवादी
Dhiraj Dev
विष्णु सापकोटाको यो लेख फिक्का-फिक्का लाग्यो । के नपुगे-नपुगेजस्तो । राजतन्त्रसँगै गणतन्त्रवादीको चरित्रमाथि पनि अलि लेखिदिएको भए गज्जब हुन्थ्यो ।

मनमौजी झन्डावाल
Gopal Bantawa
चाकडी, किनेको र तथास्तुबाट पाएको पदको महत्त्व बुझेर भए पनि पदको गरिमा जोगाउनुपर्ने । स्थलगत अध्ययन र विश्व घटना-परिघटनाको विश्लेषण गरेर भावी सन्ततिलाई केही दिन नसके पनि भएको संरचना नबिगारे हुने ।

Sporty & sharp 15" dual tone alloy wheels

7" touchscreen infotainment by Harman™ with Android™

Projector headlamps with smoked black bezel

Body hugging seat bolsters

Dual front airbags, ABS with EBD for absolute safety

Electric ORVMS and foldable mirror

Sipradi Trading Pvt. Ltd., Thapathali, Kathmandu
Phone: 01-4250610/ 4250612

SIPRADI
SIPRADI TRADING P. LTD.
A Distributor of TATA Vehicles

प्रवेश

सोभै



साताका चर्चित

मेधा मावि
भक्तपुर

शिक्षा मन्त्रालयको वार्षिक मूल्यांकनमा सामुदायिक विद्यालयतर्फ देशभरकै उत्कृष्ट ।

हरिप्रसाद कँडेल
शिक्षक, भीमोदय मावि, चितवन

१ लाख रूपैयाँको 'पीपी प्रसाई राष्ट्रिय उत्कृष्ट शिक्षक पुरस्कार- ०७६' बाट पुरस्कृत ।

माधवप्रसाद घिमिरे
राष्ट्रकवि

१ लाख १ हजार रूपैयाँको मदन-शीला स्रष्टा सम्मान ।

मनिका सुनार
तेक्वान्दो खेलाडी

दक्षिण कोरियाको छन्ङजु वर्ल्ड मार्सल आर्ट्स मास्टरसिप काता (बोन) मा स्वर्ण पदक ।

डीबी कार्की
पूर्वसांसद

प्रहरीको जागिर लगाइदिने भन्दै रकम असुलेको प्रमाणित भएपछि पक्राउ ।

मुलुकबाहिर

स्पेसमा पहिलो अपराध

मान्छे जहाँ जान्छ, आफ्नो बानी व्यवहार पनि साथै लिएर जान्छ । त्यसैले मान्छे पृथ्वीमा बसोस् कि अन्तरिक्ष जाओस्, लाएको बानी छाड्न सक्दैन ।

एनी म्याक्लेनमाथि आफ्नी समलैंगिक पार्टनरको बैंक खाता गैरकानुनी रूपमा हेरेको आरोप छ । उक्त विषयमा अमेरिकाको नासाले अनुसन्धान गरिरहेको *द न्युयोर्क टाइम्सलाई* उद्धृत गर्दै *न्यूजडटस्काइडटकमले* जनाएको छ ।



यससँगै एनीले दुइटा रेकर्ड राखेकी छन् । पहिलो, अन्तरिक्षमा भएको पहिलो अपराध । दोस्रो, एनी चन्द्रमामा पाइला टेक्न छनोटमा परेकी पहिलो महिला पनि हुन् ।

टाइम्सका अनुसार अन्तर्राष्ट्रिय स्पेस स्टेसन (आईएसएस) मा काम गरिरहेका बेला एनीले बैंक खातामा पार्टनरको परिचय चोरेर गैरकानुनी तबरले खाता हेरेकी थिइन् । प्रहरीको बयानमा एनीले खाता हेरेको स्वीकारे पनि त्यो गलत नभएको दाबी गरेकी छन् । पूर्वसहमतिअनुसार परिवारको बैंक खाता हेरेको उनको प्रस्टीकरण थियो ।

एनीकी पूर्वश्रीमती समर वर्डनले संघीय व्यापार आयोग र नासा कार्यालयमा उजुरी गरेकी थिइन् । आईएसएसमा ६ महिना बिताएर भर्खरै आएकी एनीले समरसँग सन् २०१४ मा बिहे गरेकी थिइन् । सन् २०१८ मा छुट्टिनुअघि एनी र समर मिलेर समरको छोरा सँगै हुर्काउँदै आएका थिए । ने

त्यस बखतको **नेपाल**



हाम्रो ENGLISH प्रेम

राम्रो अंग्रेजी शिक्षा पाएका हामी जेभेरियनहरूले भाषाको तस्करी गर्‍यौं कि भाषाज्ञानद्वारा नेपली समाजको प्रजातान्त्रीकरणमा सहयोग पुर्‍यायौं भन्नेबारे म अहिले सोचिरहेको छु । पञ्चायतकालमा नै उमेर पुगेका स्कुलका ग्र्याजुएटरहरू उक्त व्यवस्थाको विरुद्धमा लागेको खासै पाइँदैन । बरु भाषाको दखल तत्कालीन अप्रजातान्त्रिक व्यवस्थाको आयु लम्ब्याउनपट्टि खर्च भएको देखिन्छ । राम्रो अंग्रेजीलाई माध्यम बनाएर अन्तर्राष्ट्रिय ज्ञानमा पहुँच राखी मुलुकका लागि मौलिक योगदान दिने धेरै जेभेरियनहरू निस्केनन् । यद्यपि त्यसमा अपवाद नभएका होइनन् । न त उनीहरूले विकास उद्योगभित्र चल्ती लवजलाई तिरस्कार गरी नेपालको प्रगतिमा स्वतन्त्र विचार र योगदान नै पुर्‍याए । तर यो कमजोरी सेन्ट जेभियर्समा पढेका व्यक्तिहरूको मात्र समस्या होइन । अंग्रेजी मोहमा फसेका अरू धेरै स्कुलका भूतपूर्व विद्यार्थीहरूको हालत पनि यस्तै छ ।

प्रत्यूष वन्त
नेपाल, १६–३१ भदौ २०५७

सुरेश किरण

अपराध बढेको सहर

नेपालमै सबैभन्दा बढी अपराध हुने जिल्ला काठमाडौं रे ! नेपाल प्रहरीको अपराध अनुसन्धान शाखाले हालै यो तथ्यांक सार्वजनिक गरेको हो । काठमाडौं नै नेपालको सबैभन्दा बढी अपराध हुने ठाउँ भन्ने रिपोर्ट आएपछि काठमाडौंबासी झस्केका छन् । काठमाडौंलाई त मन्दिरै मन्दिरको सहर भन्थे । भगवानै भगवानको सहर भन्थे । कसरी यति धेरै अपराध बढेको होला ?

तर यो कुनै आश्चर्यको कुरो भने होइन । किनभने काठमाडौं अहिले त्यस्तो सहर बनेको छ, जहाँ घर नभएको कुनै नेता नै छैन भन्दा हुन्छ । सबै राजनीतिक दलका ठूला नेता यहीं बस्छन् । प्रधानमन्त्री यहीं बस्छन् । मन्त्री यहीं बस्छन् । राज्यमन्त्री यहीं बस्छन् । सहायकमन्त्री यहीं बस्छन् ।

जो मन्त्री वा प्रधानमन्त्री होइनन्, उनीहरू पनि यहीं बस्छन् । जो मन्त्री वा प्रधानमन्त्री हुने लाइनमा छन्, उनीहरू पनि यहीं बस्छन् । नेता यहीं बस्छन्, कार्यकर्ता यहीं बस्छन् । अनि यहाँ अपराध नबढे अरू कहाँ बढ्छ ?

गफ र मन्त्रिपरिषद्

प्रधानमन्त्री केपी ओलीले सिंगापुर बसेर नेपालमा गरेको टेलिकन्फरेन्स वास्तवमा मन्त्रिपरिषद् बैठक थियो कि गफगाफ मात्रै थियो ? अहिले नेपाली राजनीतिको मुख्य विषय यही बनेको छ । प्रधानमन्त्रीले गरेको त्यो कार्य वास्तवमा के थियो ? मन्त्रिपरिषद् बैठकै थियो कि ? अथवा हाइहेल्लो भन्ने गफगाफ मात्रै थियो ? स्वयं मन्त्रीहरूलाई पनि त्यो थाहा छैन । अहिले त मन्त्री नै अन्योलमा छन् ।

तर अन्योलपूर्ण नै भए पनि यो अवस्थाले एउटा कुरा उजागर गरेको छ । त्यो के हो भने हाम्रो सरकारमा मन्त्रीहरू बसेर गफगाफै मात्र गरे पनि त्यो मन्त्रिपरिषद् बैठक हुने सम्भावनाचाहिं प्रबल रहेछ । भनौं, मन्त्रीहरू बसी गफगाफ मात्र गरेर पनि सरकारले मन्त्रिपरिषद् बैठक बस्यो भन्न सक्दो रहेछ ।

कतिले ठान्दा हुन्, मन्त्रिपरिषद् बैठक भनेको त साह्रै गम्भीर हुने होला । साह्रै गहन पनि हुने होला । तर त्यस्तो होइन रहेछ । त्यहाँ त खालि गफै हुने रहेछ । अब अहिलेको विवाद नै हेर्नुस् । मन्त्रीहरूबीच जुन बैठक बस्यो, त्यो गफ हो कि मन्त्रिपरिषद् बैठक भन्ने नै ठम्याउन सकिएन । अर्थात्, मन्त्रिपरिषद् बैठकलाई गफभन्दा पनि हुँदो रहेछ । अनि गफलाई मन्त्रिपरिषद् बैठक भन्दा पनि हुँदो रहेछ । कुरो उस्तो-उस्तै हो ।

एउटा ताराको नाम

विश्वका खगोलशास्त्रीले नेपाललाई एउटा मौका दिएका छन्, आकाशमा देखिने कुनै ताराको नाम नेपाल आफैंले राख्न पाउने । आकाशमा धेरै तारा छन् । त्यसमध्ये कुनै एक-दुई ताराको नाम आफ्नै हिसाबल राख्ने मौका नेपाललाई दिइएको रहेछ । अब नेपाल आफैंले सोचेर, विचारेर र बुद्धि-बर्कत लगाएर ताराको नाम राख्न पाउने भएको छ ।

तारा धेरै टाढा बसेका हुन्छन् । पृथ्वीबाट हेर्दा राम्रै लाग्छ । टिमटिम चम्किरहेको हुन्छ । छोउँ-छोउँजस्तो लाग्छ तर छुनचाहिं सकिंदैन । हेर्ने मात्रै हो । हेर्ने अनि चित्त बुझाउने । अतः मेरो एउटा सुझाव छ, हाम्रो भागमा परेको ताराको नाम 'समृद्धि' भनेर राख्दा कसो होला ? आखिर हामीले आफ्नै स्थिति र परिस्थिति मिलाएर नाम राख्ने त हो नि ।

अर्को एउटा ताराको नाम 'सुखी नेपाली' भनेर राख्दा पनि हुन्छ होला । अहिले नेपाली जनतालाई सुखी बनाउने चर्चा पनि असाध्यै चलिरहेको छ । कसैले 'सुखी नेपाली खै त ?' भनेर सोध्यो भने औंलो ठड्याएर आकाशतिर देखाउन मिल्छ ।

होइन अलिकति राजनीतिक नाम नै चाहिन्छ भन्ने हो भने 'लोकतन्त्र' राख्दा पनि नसुहाउने होइन । हाल देशमा लोकतन्त्र कहाँ छ भनेर कुर्लिने एउटा समूह जन्मिएको छ । तिनीहरूलाई 'ल हेर लोकतन्त्र, ऊ त्यहाँ छ' भनेर देखाउन पनि काम लाग्छ ।

यी त भए मैले सोचेका केही नाम । अब अर्को नाम तपाई सोच्नुस् ।

चिनियाँ लुटेरा

नेपालमा चिनियाँ गतिविधि बढेको भन्ने गुनासो आइरहेको अलि धेरै नै भयो । तर मान्छेले पत्याएका थिएनन् । धेरैलाई लागेको थियो कि यो अमेरिकाले लगाएको आरोप हो । किनभने चीनबारे अमेरिकाको टिप्पणी अक्सर यस्तै हुने गर्छ । तर अहिले आएर यो कुरा पनि नपत्याई नहुने अवस्था आएको छ । किनभने नेपाली बैंकहरूको एटीएमसमेत लुट्न चिनियाँ आइपुगेका छन् । गत साता देखिइहालियो, एक बथान चिनियाँले एकैचोटि नेपालका विभिन्न बैंकको एटीएम लुटे ।

(चिनियाँ लुट्ने काममा समेत मुलुकको राष्ट्रिय नीति अनुशरण गर्दा रहेछन् । चीनले जे उत्पादन गरे पनि एकै पटक धेरै मात्रामा उत्पादन गर्ने नीति लिएको छ । 'मास प्रोडक्सन' मा जाँदा त्यसको उत्पादन मूल्य कम पर्ने रहेछ । अहिले लुट्ने काममा समेत त्यही सूत्र फलो गरेका छन् । धन्य चिनियाँ लुटेराहरू !)

चीनबाट छिट्टै रेल आउला कि भन्ने प्रतीक्षा नेपाली जनतालाई थियो । तर रेल आउनुभन्दा अघि लुटेरा आए । चीनले जे गर्छ, त्यो नयाँ शैलीले गर्छ । लुटेरा पनि नयाँ शैली नै लिएर आए । बैंक लुट्ने भनेको पैसा नै लुट्ने हो । तर उनीहरूले बैंकभित्र छिरेर लुटेनन्, एटीएममार्फत लुटे । लुटमा पनि नयाँ प्रयोग । अब यसले एउटा स्वाभाविक प्रश्न उठाएको छ, रेल नआउँदै त यति धेरै लुटेरा आइसके भने रेल आइसकेपछि झन् के हालत हुने होला ?

[झटारो]

नेपाल गरिब छैन

लक्ष्मण गाम्नागे

नेपाल गरिब देश होइन । यहाँ जताततै पैसाको छेलोखेलो छ । हामी नेपालीले मात्र यहाँको पैसा सम्हाल्न नसकेको ठानेर विदेशीहरू पनि बेलाबेला पैसा बटुल्न आउने गरेका छन् । भर्खरै चिनियाँको एउटा टुकडी आएर दुई-चार वटा एटीएम मेसिनबाट केही मिनेटमै बिटाका बिटा पैसा जम्मा गरेको हामीले देख्यौँ । चीन र भारत मात्र होइन, बंगलादेश, पाकिस्तान, नाइजेरिया, रुस, स्पेनदेखिका ह्याकर, चोर यहाँ प्रशस्त पैसा पाइन्छ भनेर आउँछन् र लिएर जान्छन् । नेपालका गल्लीगल्लीमा पैसा, टोलटोलमा पैसा, सटरमा पैसा, बुथमा पैसा, घरघरमा पैसा छ । अनि नेपाल कसरी गरिब भयो ?

यहाँ धनसम्पत्तिका अथाह कारोबार जहिलेसुकै र जतासुकै भइरहेका छन् । नाका र भन्सारबाट बोराका बोरा सुन ओसारपसार हुन्छन् । नक्कली नोटका करोडौं-अर्बौंका कारोबार हुन्छन् । मालपोत, भन्सार, कर, अदालत, खोलानाला, बगर वा भट्टीमा हरेक दिन कति पैसाको कालो कारोबार हुँदो हो ! सरकारी जग्गाजमिन, वनजंगल हुँदै बालुवाटारदेखि टुँडिखेलसम्मका जग्गा खरिदबिक्रीमा संलग्न दलाल, कर्मचारी र नेताहरूले कति क्विन्टल रकमको लेनदेन गर्दा हुन् ! अनुमान गर्दा नै आत्तिएर ढल्न सकिन्छ ।

निर्वाचनका बेलामा हेर्नुस्, एउटा साधारण वडा सदस्यको उम्मेदवारले चुनाव लड्न लाखौं रकम खर्च गर्छ भने एउटा सांसदको उम्मेदवारले करोडौं खर्च गर्छ । पेसा व्यवसायका नाममा वरको सिन्को पर नसारी राजनीतिक दलका नेता-कार्यकर्ता आलिसान महलमा बस्छन्, प्राडो-पजेरो चढ्छन्, देशविदेश सयर गर्छन् । करोडौंका थैली बुझाएर राजनीतिक नियुक्ति हुन्छन् । एउटा मन्त्रीले ५/७ वटा सवारी साधन आफ्नो कब्जामा राखेर छानीछानी कुदाउँछ ।

नेता, मन्त्री, प्रशासक, प्रहरी, सेनाका अधिकारी हरेकका छोराछोरी विदेशमा पढ्छन् । कति बाबुआमाले त छोराछोरीकै नाममा विदेशी बैंकमा अर्बौं रकम जम्मा गर्ने र विदेशको कमाइ भन्दै देशमा भित्र्याउने गरेको पनि सुनिन्छ । हाम्रा नेताहरू संसारका जुनसुकै देशका जतिसुकै महँगा अस्पतालमा उपचार गराउन सक्ने हैसियत राख्छन् । नेता-कार्यकर्ता लस्करै लागेर विदेशमा उपचार गराइरहेका आफ्ना नेतालाई भेट्न जहाज चार्टर गरेरै भए पनि जान सक्छन् ।

संघीयता लागू भएपछि पैसाको खेलो झनै बढेको छ । स्थानीय निकायका निर्वाचित सर्वहारा वर्गका जनप्रतिनिधिसमेत करोडौं मूल्यका सुविधासम्पन्न गाडी चढ्छन् । पहाड, मधेसका कुनाकन्दरामा राष्ट्रिय झन्डा फरफराउँदै सयौं गाडी दौडिरहेका भेटिन्छन् । पैसा धेरै भएर स्थानीय निकायले भीरमा पैसा छरेका छन्, पहिरोमा पोखेका छन्, पोखरीमा पुरेका छन्, खाडलमा रोपेका छन्, खोलामा बगाएका छन्, पुलमा ओछ्याएका छन्, चन्दा बाँडेका छन्, विदेश सयर गरेका छन् । त्यति गर्दा पनि पैसा नसकिएर वर्षेपिच्छे बजेट फ्रिज भएका समाचार आउँछन् । ल हेर्नुस्, नेपालमा पैसा ! त्यत्तिकै नेपाललाई गरिब राष्ट्र भनेर हेप्न पाइन्छ ?

पैसाको मात्र होइन, नेपालमा बेरोजगारीको पनि समस्या बाँकी छैन अब । पछिल्लो अनुमानअनुसार सम्पूर्ण जनसंख्याको ५० प्रतिशत नेपाली पत्रकारितामा संलग्न छन् । उति नै संख्यामा ज्योतिषी छन् । ८० प्रतिशतभन्दा बढी नेपाली राजनीतिज्ञ छन् । प्रायः सबै नेपाली इन्जिनियर र चिकित्सक छन् । सबै नागरिक जान्ने-सुन्ने, नेता र अगुवै अगुवा छन् । धनले कोही गरिब छन् भने पनि ज्ञानले नेपाल गरिब छैन । आइन्दा कसैले नेपाललाई गरिब नभनून् । चेतना भया ।

हाम्रो नेपालमा

अलग भाषा

प्रथम

रवि मानन्धर

राजधानीमा फोटो प्रतियोगिता भइरहेकै हुन्छन् । तर यस पटक भने अलि भिन्न शीर्षकमा फोटो प्रतियोगिता आयोजना भयो । शीर्षक थियो, नेपाल बहुभाषिक परिवेशमा साक्षरता अभिवृद्धि । शीर्षक साधारण थिएन । प्रतियोगितामा मुलुकभरबाट १ सय ८२ फोटोग्राफर तथा फोटो पत्रकारले फोटो पठाए । यसरी प्रतियोगितामा भिड्न आएका तस्बिरको संख्या थियो, ६ सय ३६ ।

प्रतियोगितामा वीरगन्जका पंकज श्रेष्ठले खिचेको 'फरक क्षमता' नामक तस्बिर पहिलो भयो । युनेस्को नेपाल र मानव स्रोत विकास केन्द्रको सहकार्यमा फोटो पत्रकार क्लबद्वारा आयोजित प्रतियोगितामा अटिजमका विद्यार्थीलाई शिक्षिकाले पढाउँदै गरेको उक्त तस्बिरले ७० हजार रुपैयाँ पायो ।

के छ त यो तस्बिरमा ? प्रतियोगिता निर्णायकमण्डलका सदस्य फोटो पत्रकार नरेन्द्र श्रेष्ठको शब्दमा अटिजम आफैँमा फरक हो । अझ यस रोग लागेकालाई पढाउने शैली झनै फरक हुन्छ । पंकजले खिचेको तस्बिरमा तीन पक्ष महत्त्वपूर्ण छन् । पहिलो, विद्यार्थीलाई शिक्षा दिने क्रममा विद्यार्थी–शिक्षिकबीचको अनौठो न्यानो सामीप्य देखिन्छ । दोस्रो, फोटो खिच्ने क्रममा पछाडि भित्तामा अंग्रेजी अक्षरमा लेखिएको अटिजमलाई कुशलतापूर्वक तस्बिरको शीर्ष भागमा पारिएको छ । तेस्रो र

मुख्य, प्रतियोगिताका लागि दिइएको शीर्षकसँग यो तस्बिर हुबहु मिल्छ ।

प्रतियोगितामा सुनिता डंगोलले खिचेको देवीका रूपमा पुजिने कुमारीलाई पढाउँदै गरेको तस्बिरले दोस्रो स्थान सुरक्षित गर्‍यो भने अनिश रेग्मीको कक्षाकोठामा सांकेतिक भाषामा एकआपसमा कुरा गरिरहेका दुई विद्यार्थीको तस्बिरले तेस्रो स्थान ओगट्यो । ने

राजा महेन्द्रका रणनीतिकार

निरशमशेर जबरापछि केही समय कार्यवाहक र ०२२ सालमा प्रधानसेनापति भएका सुरेन्द्रबहादुर शाहलाई सबैले नेपाली कांग्रेसको बीपी कोइरालाको सरकारलाई अपदस्थ गराउन भूमिका खेलेको मान्छन् । तर शाह ०१७ सालमा नेपाली सेनाको दोस्रो पद रथी (लेफ्टिनेन्ट जनरल) थिए । राजा महेन्द्रको रणनीतिअनुसार प्रधानसेनापति महारथी निरशमशेर जबरालाई नेपाल भ्रमणमा आएका भारतीय प्रधानसेनापति जे थिमैयासँगै तराईको जंगलमा सिकार खेल्न पठाइयो ।

ताम्ला उक्याब

संविधानअनुसार तत्कालीन शाही नेपाली सेनाका परमाधिपति सुप्रिम कमान्डर इनचिफ राजा थिए । सेनामा दोस्रो दर्जा रथीमा रहेका शाहले काठमाडौं त्रिपुरेश्वरमा चलिरहेको तरूण दलको सम्मेलन स्थलबाटै राजाको निर्देशानुसार प्रधानमन्त्री बीपीसहितका नेतालाई सौहार्दपूर्वक स्यालुट ठोकेर कब्जामा लिएका थिए । प्रधानसेनापतिको अनुपस्थितिमा परमाधिपतिको निर्देशनअनुसार उनले बीपीलाई गिरफ्तार गरेको भन्ने चर्चा त्यतिबेला चलेको थियो ।

कतिपयले ०१७ सालको घटनालाई कार्यान्वयनमा लैजान तत्कालीन प्रधानसेनापतिको सट्टामा आफ्नै ज्वाइँ नाता पर्ने दोस्रो दर्जाका रथी सुरेन्द्रबहादुर शाहको साथ लिएर महेन्द्रले मिसन फत्ते गरेको पनि भन्ने सुनिन्छ । त्यो हुँदै होइन । नेपाली सेनामा प्रधानसेनापति भएपछि शाहले थुप्रै सुधारका काम गरे । शाहअघिका प्रधानसेनापति निरशमशेरको पालामा नेपाली सेना र नेपाल प्रहरीका दर्जामा संस्कृतीकरण घुसाइएको थियो । यसमा हिन्दु पुरातनवादी पक्ष हाबी भएको मानिन्थ्यो । प्रशासनका साथै सुरक्षा अंगमा सबै चीजको नाम फेर्ने प्रचलन पनि त्यतिबेलै सुरू भएको हो । नेपाल प्रहरीको उच्च दर्जालाई आईजीपी भन्ने गरिन्थ्यो तर प्रहरी महानिरीक्षकबाट बोलाउन थालियो । नेपाली सेनामा पनि राजालाई सुप्रिम कमाण्डर इनचिफको सट्टा परमाधिपति भनेर संस्कृतीकरण गरियो ।

कमाण्डर ईनचिफ श्री सुरेन्द्रबहादुर शाह (वि.सं. २०२२/०१/१४ - २०२७/०१/२७)

चारतारे मुख्य जनरल कमान्डर इन-चिफलाई प्रधानसेनापति, तीनतारे जनरललाई लेफ्टिनेन्ट जनरलको सट्टा रथी, मेजर जनरललाई उपरथी, ब्रिगेडियर जनरलको सट्टा सहायक रथी भनेर संस्कृतीकरणको सम्बोधन थालियो । प्रधानसेनापति शाह सेनापति हुँदादेखि नै हो, सेनामा प्रचलित राणा, शाह जर्नेललाई राजा र तिनका श्रीमतीलाई रानी, हजुर, बक्सियोस्, प्रभु इत्यादि शब्द प्रयोग नगर्न उर्दी नै जारी गरे । तत्कालीन सेनामा सबैले सबैलाई तपाईं सम्बोधन गर्ने आदेश जारी भयो । यसलाई त्यतिबेला प्रगतिशील कदम मानियो ।

नाम बदल्ने संस्कृतीकरणको घटना नेपाल राष्ट्र बैंकसम्म पुग्यो । तत्कालीन गभर्नर कुलशेखर शर्मा संस्कृतीकरणको विरोधमा उभिए । राष्ट्र बैंकका दर्जा फेर्ने भए राजीनामा दिनेसम्मको चेतावनी उनले तत्कालीन सरकारलाई दिएको चर्चा सुनिन्थ्यो । शर्माकै कारण राष्ट्र बैंकमा यो निर्णयले प्रवेश पाएन । त्यही कारण अहिले पनि राष्ट्र बैंकमा गभर्नर, डेपुटी गभर्नरजस्ता पद यथावत रहन सकेका हुन् भनिन्छ ।

सेनाबाट अवकाशपछि दुर्गम विकास समितिको अध्यक्षमा कार्यरत रहँदा शाहसँग कैयौं जिल्ला घुम्ने अवसर मिल्यो । समितिको जिम्मेवारी वहन गर्ने क्रममा शाहसँग दैनिक सम्पर्कमा रहनुपर्थ्यो । पेसाले सैनिक भए पनि साहित्यप्रति बढ्ता लगाव थियो, उनको ।

शाहलाई राजा महेन्द्रका रणनीतिक सल्लाहकारका रूपमा चिनिन्थ्यो । रणनीतिक अध्ययनकै क्रममा उनले सेनापति भएपछि जुम्ला, हुम्ला पैदल भ्रमण गरे । गोप्य रूपमा तिब्बत ल्हासा भ्रमण गरे । चीनकै सहयोगमा बनेको कोदारी राजमार्ग हुँदै पहिलोपल्ट ल्हासा भ्रमण गर्ने उनै थिए ।

राजा महेन्द्रकै रणनीतिलाई कार्यान्वयनमा लैजान शाहको योगदान महत्त्वपूर्ण रहेको मानिन्थ्यो । राजा महेन्द्रलाई पदच्युत गर्न भारतले तत्कालीन नेपाली कांग्रेसलाई सशस्त्र सहयोग उपलब्ध गराएको भनिन्थ्यो । सन् १९६२ मा चीन-भारत सीमा युद्ध भयो । युद्धमा पराजित भारतले कांग्रेसलाई ४० किमि सीमा वरपर सशस्त्र गतिविधि गर्न रोक्यो । त्यतिबेलै उत्पत्ति भएको हो- तत्कालीन कांग्रेसलाई सम्बोधन गर्ने शब्दावली, अराष्ट्रिय तत्त्व । त्यसपछि भारतीय बिनाविभागीयमन्त्री लालबहादुर शास्त्री राजा महेन्द्र भेट्न नेपाल आए । भारतीयबाट राजा महेन्द्रको शासनलाई पूर्ण रूपमा सम्मान गरियो । यद्यपि चीनसँग घनिष्ट सम्बन्ध बनाएका राजा महेन्द्रलाई शासनाच्युत गराउन भूमिका खेलेको निहुँमा चीनले भारतमाथि आक्रमण गरेको भन्ने चर्चा त्यतिबेला थियो ।

राजा महेन्द्रलाई बलियो बनाउन सेनापति शाहले कुनै कसर बाँकी राखेनन् । राजा महेन्द्रको साख्खै ज्वाइँ नाता पर्नुको कारणले मात्र नभई दुवै जनाबीच शासन-प्रशासन, विदेशी सम्बन्ध, रणनीतिजस्ता विषयमा मन मिल्थ्यो । दुवै जनाको रणनीतिका कारण नै ०१७ सालको घटना घटाउन सहज भएको मानियो । समय-समयमा शाहलाई भेट्न स्वयं राजा महेन्द्र उनको निवास डिल्लीबजार पुग्ने गर्थे । राजा त्यहाँ जानुको अर्थ सूचना र महत्त्वपूर्ण सल्लाह बटुल्ने हुने गर्थ्यो ।

प्रस्तुति : गोकुल अर्याल

एम्बुलेन्स मासेर गाडी

लुम्बिनी प्रादेशिक अस्पतालमा भद्रगोल

अमृता अनमोल

^उपचार गर्न आएका बिरामी अलपत्र अवस्थामा

अमृता अनमोल/बुटवल

लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा सिटी स्क्यानका लागि ४ र सामान्य एक्सरे गर्न ५ गरी ९ स्वास्थ्यकर्मी छन्। तर बिरामीको एक्सरे गर्छन्, कार्यालय सहयोगी रामबहादुर खड्का र अकवर अली शेषले । उनीहरूले एक्सरे गर्दा आउने प्राविधिक समस्याबारे बिरामीले गुनासो गर्दा सुनुवाइ पनि हुँदैन ।

अस्पतालमा प्रदेश ५ का १२ सहित स्याङ्जा र बाग्लुङ गरी १४ जिल्लाका दिनहुँ १२ सय बिरामी आउँछन्। अस्पताल सुरक्षागार्डको कोठामा सोधपुछ कक्षको बोर्ड छ तर कर्मचारी देखिँदैनन्। अर्घाखाँची छत्रदेवकी विष्णु खनाल गुनासो पोख्छिन्, "अस्पतालमा बिरामी छ। तर कहाँ, के सेवा छ, बताइदिने कोही रहेनछ।"

अस्पतालमा दिनहुँ आउने असहाय र बेवारिसे बिरामीलाई सेवा पुऱ्याउन ५ वर्षअघि राखिएको हेल्प डेस्कमा पनि कोही कर्मचारी भेटिँदैनन् । कर्मचारी नभेटिनुको कारण अस्पताल प्रशासनले बताउँदैन । मेडिकल सुपरिटेन्डेन्ट कृष्ण खनाल स्वास्थ्यकर्मी अभावले सहयोगीबाट एक्सरेको काम चलाएको बताउँछन् । जबकि २ वर्षअघि अस्पतालमा जनशक्ति सर्वेक्षणका बेला उक्त शाखामा कर्मचारी थपिएनन् ।

अस्पतालमा बिमा सुविधा लिएका दैनिक करिब ४ सय बिरामी आउँछन्। अस्पतालमा छुट्टै शाखा नहुँदा बिरामी टिकट काउन्टरबाटै पाउनुपर्ने बिमा सुविधाबाट समेत वञ्चित छन् । कपिलवस्तुको ४ नम्बरबाट आएकी शकुन्तला थापा बिमा सुविधाका बिरामी भनेपछि अस्पतालले दोस्रो दर्जाको व्यवहार गरेको गुनासो पोख्छिन्। भन्छिन्, "उपचारका लागि सोधपुछ गर्दादेखि नै झन्झट बेहोर्नुपर्छ।"

१९६७ सालमा ६ बेडबाट सुरु भएको अस्पतालमा ५ सय ३० कर्मचारी छन्। उनीहरू अस्पताल कतिखेर आउँछन्, जान्छन्, प्रशासनले पत्तो पाउँदैन । चिकित्सक अस्पतालमा बिरामीको उपचार गराउनुको साटो निजी क्लिनिकमा भेटिन्छन्। २ वर्षअघि चिकित्सकको विरोधका बाबजुद इलेक्ट्रिक हाजिरी सुरु गरिए पनि त्यो लागू भएन । "धेरै ठाउँमा सुधार्नुपर्ने रहेछ । अध्ययन गर्दै छु," डेढ महिनाअघि अस्पताल आएका प्रशासन प्रमुख विपिन क्षत्री भन्छन्, "विस्तारै कडाइ र सुधार प्रक्रिया चलाउनेछु।"

अस्पतालमा दैनिक आउने बिरामीको नाम दर्ता र बिलिङका लागि गत वैशाखदेखि कृषि विकास बैंकले काउन्टर राखेको छ। काउन्टरमा यसअघि रहेका अस्पतालका १३ कर्मचारीले बिनाकाम तलब बुझ्छन्। अस्पतालमा रोटरी इन्टरनेसनलले दिएको अक्सिजन प्लान्टले ६ घन्टामा ३ सिलिन्डर अक्सिजन उत्पादन गर्छ। उक्त प्लान्ट चलाउन एक जना कर्मचारी भए पुग्नेमा ६ कर्मचारी छन् ।

अस्पतालकै तथ्यांकअनुसार स्टोरमा औषधी, केमिकल, सफाइ सामग्री, स्टेसनरीलगायत वार्षिक करिब साढे ६ करोड रुपैयाँको मालसामान किनिन्छ । तिनको लेखाजोखा राख्न एक वर्षअघि सफ्टवेयर मेसिन किनिए पनि अहिलेसम्म चलाइएको छैन । अस्पतालका लेखा अधिकृत अब्दुल गफ्फार खाँ सबै शाखामा ल्यापटप दिइएकाले अब छिट्टै सेवा सुरु हुने बताउँछन् ।

सामान्यतया जुनसुकै अस्पतालका एम्बुलेन्समा बिरामी आउजाउ गर्छन् । तर लुम्बिनी प्रादेशिक अस्पतालको एम्बुलेन्समा डाक्टर तथा कर्मचारी चढ्छन् । २ वर्षअघि नेपाल-भारत सहयोग समाजले दिएको टाटा सुमो साइरन एम्बुलेन्स तोडमोड गरेर कर्मचारी चढ्ने बनाइएको छ। "३० वर्ष पुरानो गाडी थियो । अनकलमा बोलाउनुपर्ने र राती आउजाउ गर्ने डाक्टरलाई गाडी भएन," मेसु खनाल भन्छन्, "त्यसैले एम्बुलेन्सको सिट मोडेर गाडी बनाइएको हो।" ने

विशेष

स्काउटमा गिद्धेनजर

दलीय हस्तक्षेपले थिलथिलो, साहूमहाजनदेखि नेता-कर्मचारी जग्गा हत्याउने दाउमा

माधव बस्नेत

स्काउटको जमिन छ । तर मन्त्रीले तोक लगाएको भरमा जोकसैलाई प्रयोग गर्न दिनुपर्ने ? सार्वजनिक सम्पत्ति, राज्यको ढुकुटीमा लुटपाट ? स्काउटको पैसा कार्यकर्तालाई बाँड्ने ? त्यहाँ स्काउटको जमिनमा, स्काउटको भवनमा पार्टी झन्डा हालेर कसैले पार्टी कार्यालय चलाउँछ । अहिले पनि झन्डा छ । राज्यसत्ताको यति दुरूपयोग, लुटपाट ?

तत्कालीन प्रमुख प्रतिपक्षी नेकपा एमालेका अध्यक्षको हैसियतमा केपी ओलीले २१ जेठ ०७४ मा दिएको अभिव्यक्ति हो, यो । ओलीले यस्तो अभिव्यक्ति नदिऊन् पनि किन ! खानी तथा भूगर्भ विभागसँग जोडिएको नेपाल स्काउटको लैनचौरस्थित राष्ट्रिय प्रधान कार्यालय परिसरको ठूलै क्षेत्रफलमा ०७० सालको निर्वाचनमा संखुवासभाबाट निर्वाचित सभासद् दीपक खड्काले चारतारे झन्डा फहऱ्याएर सम्पर्क कार्यालय राखेका थिए । खड्का निर्वाचनलगत्तै बनेको सुशील कोइराला मन्त्रिपरिषद्मा खानेपानी राज्यमन्त्री पनि भएका थिए । नेपाल स्काउटलाई सरकारले दिएको जग्गामा चारतारे झन्डा देखेपछि ओलीले उल्लिखित टिप्पणी गरेका थिए ।

तिनै ओली पछिल्लो समय प्रधानमन्त्री भएपछि सोही स्काउटलाई राजनीतिक भर्ती केन्द्र बनाउन पुगेका छन् । युवा तथा खेलकुद मन्त्रालयले १६ पुस ०७५ मा नेपाल स्काउटको केन्द्रीय तदर्थ समिति गठन गरेको थियो । त्यसको संयोजक जिम्मेवारी लोकबहादुर भण्डारीलाई दिइएको छ । भण्डारी पूर्वएमालेको झापा-काठमाडौँ सम्पर्क मञ्चका अध्यक्ष भइसकेका व्यक्ति हुन् । अनि, प्रधानमन्त्री ओलीका विश्वासपात्र पनि । उनी उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ (हिसान) को महासचिव पनि छन् । भागबन्डाका आधारमा स्काउटको तदर्थ समिति बनाइएको थियो । कास्कीका शिवबहादुर भण्डारी, सर्लाहीका इन्द्रभूषण यादव (अधिकारी), धनुषाकी सीमा कर्ण र भक्तपुरका विजेन्द्र ध्वजु तदर्थ समितिमा भागबन्डाकै आधारमा सदस्य चुनिएका हुन् । भण्डारी नेकपा, यादव र कर्ण कांग्रेस तथा ध्वजुलाई नेमकिपाका तर्फबाट सदस्य बनाइएको छ । रोचक के भने ०७४ मा कांग्रेस सभापति शेरबहादुर देउवाको प्रधानमन्त्रित्वकालमा धनुषाका चन्दन कौशिकलाई स्काउट तदर्थ समितिको संयोजक बनाइएको थियो । आफू हट्नुपर्ने भएपछि कौशिकले दिदी सीमालाई कांग्रेस कोटाबाट सदस्य बनाए ।

बालबालिका, युवालाई शारीरिक, मानसिक, बौद्धिक विकासमार्फत अनुशासित र स्वावलम्बी नागरिक उत्पादन गर्ने मानव सेवामुखी लक्ष्य लिएको संस्था आज पार्टीहरूको भर्ती केन्द्र बन्न पुग्दा जोकोहीको मन कुँडिन्छ । तदर्थ समिति संयोजक भण्डारी भने राजनीति हाबी नभएको जिकिर गर्छन् । "म निकै अघिदेखि नै स्काउटमा आबद्ध थिएँ । यसअघिकै कार्यसमितिमा तदर्थ समितिको सचिव भइसकेको थिएँ," भण्डारी भन्छन्, "त्यसैले राजनीतिक कारणले भन्दा स्काउटमा राम्रो गरेर देखाउने प्रणले मलाई संयोजक बनाइएको हो ।"

स्काउटको छवि धेरै बिग्रिएकाले राजनीतिभन्दा माथि उठेर संस्थागत सुधार गर्ने र १ वर्षभित्र ७ सय ५३ वटै स्थानीय तहमा पुऱ्याएर छाड्ने उनको जिकिर छ । भन्छन्, "निर्वाचन गराएपछि दोहोऱ्याएर बस्दिनँ ।"

स्काउटमा भएको राजनीतिको प्रमाण जति

गिरिजाप्रसाद कोइराला

शेरबहादुर देउवा

स्काउट दाउपेचका खेलाडी

पुष्पकमल दाहाल

केपी ओली

पनि दिन सकिन्छ । एउटा उदाहरण हो, ७ कर्मचारीको करार नवीकरण विलम्ब हुनु । स्काउट राष्ट्रिय प्रधान कार्यालयमा केशवबहादुर बोहरा प्रबन्धक, रविराज पौडेल प्रशासकीय अधिकृत, इभा गिरी लेखा अधिकृत र मीना पराजुली करारमा नासु छन् । उनीहरूसहित ३ कार्यालय सहयोगीको करार असार-साउनभित्र नवीकरण हुनुपर्नेमा यो समाचार तयार पार्दासम्म भएको छैन ।

संयोजक भण्डारीका अनुसार युवा तथा खेलकुदमन्त्री जगत विश्वकर्माकै चाहनामा करार नवीकरण विलम्ब भएको हो । करार विलम्बपछि १२ भदौमा युवा तथा खेलकुद सचिवसमक्ष यो विषय पुगेको थियो । सचिवले करार नवीकरण स्काउटभित्रको आन्तरिक मामिला भएकाले मन्त्रालयमा आउनुपर्ने विषय नै नभएको बताएको स्रोतको भनाइ छ ।

००९ सालमा स्थापित नेपाल स्काउटले विश्व स्काउटको सदस्यता भने ०२६ मा मात्र प्राप्त गरेको थियो । प्रजातन्त्रको उषाकालमा स्थापित स्काउट राजतन्त्रको छत्रछहारीमा फैलियो । राजा वीरेन्द्रदेखि युवराज दीपेन्द्र, श्रुति, निराजन, पारसलगायत दरबारका सबै सदस्यले स्काउट तालिम लिएका थिए ।



स्काउट किचलो : कागजात आफैँ बोल्छ

यसर्थ पञ्चायतकालमा स्काउटलाई दरबारिया सेवक जन्माउने अड्डाका रूपमा चित्रण गरिन्थ्यो । भलै, त्यसबेला दरबारले एउटा कुरा भने मिचेको थिएन । त्यो के भने स्काउटका प्रमुख आयुक्त, सहआयुक्त, राष्ट्रिय तालिम आयुक्त, अन्तर्राष्ट्रिय आयुक्तलगायत उपल्लो पदमा पुग्नेहरू संस्थाभित्रैबाट खारिएका हुन्थे । दरबारले राजनीतिक नियुक्तिका आधारमा भर्ती गर्दैनथ्यो । स्काउटका पूर्वप्रमुख आयुक्त श्रीराम लामिछाने भन्छन्, "स्काउट गैरराजनीतिक संस्था हो । दरबारले आफूप्रतिका विश्वासपात्र जन्माउने एकाध काम त गर्‍यो होला तर राजनीतिक भर्ती केन्द्र बनाएन ।"

स्काउटका पहिलो प्रमुख आयुक्त त्रैलोक्यनाथ उप्रेती त्रिभुवन विश्वविद्यालयका उपकुलपति, राजदूतसमेत भए । उनीपछिका रणधीर सुब्बाले परराष्ट्रमन्त्री, त्रिविको उपकुलपति, चीनको राजदूतलगायत नियुक्ति पाए । पशुपतिशमशेर राणाले दरबारको चासोमा एक पटक रविशमशेरलाई प्रमुख आयुक्त बनाए पनि लामो समय नेतृत्वमा रहेनन् ।

नेपाल स्काउटमा राजनीतिक हस्तक्षेप भने पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र पूर्वशिक्षा तथा खेलकुदमन्त्री आमोदप्रसाद उपाध्यायले भित्र्याएका हुन् । ०५६ मा कोइरालाले विश्वासपात्र उपाध्यायमार्फत पूर्वसचिव शरदकुमार भट्टराईलाई स्काउटको प्रमुख आयुक्त बनाएका थिए । गैरस्काउट भट्टराईलाई प्रमुख आयुक्त बनाउन कोइराला र उपाध्यायले ठूलै तिकडम गरेका थिए । भलै, निर्वाचनपछि भट्टराई पनि त्यो पदमा टिकिरहन सकेनन् ।

राजनीतिक घुसपैठ

पछिल्लो पटक १९ जेठ ०७१ बाट स्काउटमा राजनीति छिरेको हो । त्यसअघि नेपाल स्काउटको प्रमुख आयुक्त थिए, श्रीराम लामिछाने, जो ०२० सालमा ललितपुर, मंगलबजारको विद्यालय पढ्दैदेखि स्काउटमा आबद्ध हुँदै उपल्लो पदमा पुगेका थिए । लामिछाने निर्वाचनबाटै तीन कार्यकाल प्रमुख आयुक्त चुनिए । ०७०/७१ सालतिर रामप्रसाद भट्टराईले आफूलाई माओवादी भन्दै स्काउटको रूपान्तरण गर्ने नारा दिएर 'क्रान्तिकारी स्काउट संघ' स्थापना गरे । स्काउटभित्र छाडा राजनीति यही बिन्दुबाट भित्रियो ।

क्रान्तिकारी स्काउट गठन गरेपछि एउटै व्यक्ति लामो समय नेतृत्वमा रहेको भन्दै भट्टराई र अर्का स्काउट शिक्षक गुणराज प्याकुरेल अनशन बसे । भट्टराईले तीन दिनमा स्थगित गरे पनि प्याकुरेल २१ दिनसम्म अनशन बसे । यससँगै तत्कालीन युवा तथा खेलकुदमन्त्री पुरुषोत्तम पौडेलले भेट्न बोलाएका बेला लामिछानेले राजीनामा दिए । त्यसयता स्काउट निरन्तर राजनीतिक भर्ती केन्द्र बनिरहेको छ । लामिछानेले राजीनामा दिएपछि राजनीतिक नियुक्तिमा चार जना संयोजक फेरिइसके तर कसैले पनि निर्वाचन गराएनन् ।

लामिछानेपछि पूर्वसचिव ध्रुवप्रसाद शर्मालाई ६ महिनाभित्र निर्वाचन गराउने गरी तदर्थ समिति संयोजक बनाइएको थियो । तर उनले निर्धारित समयमा निर्वाचन गराउन सकेनन् । शर्मा 'यस्तो राजनीतिक किचलोमा नबस्ने' भन्दै बाहिरिए । यसपछि झापाका रविन दाहाललाई निर्वाचन गराउने जिम्मेवारीसहित संयोजक बनाइयो, जतिबेला ओली नै प्रधानमन्त्री थिए । दाहाल नेतृत्वको तदर्थ समितिमा हालका

स्काउट तदर्थ समिति संयोजक लोकबहादुर भण्डारी

मासिक ७५ लाखको कारोबार ?

नेपालस्काउटडटओआरजी लगइन गर्नेबित्तिकै सुरुमै गैरनाफामूलक संगठन लेखिएको भेटिन्छ । तर पछिल्लो समय संगठनमा राम्रै आय छ । पूर्वप्रमुख आयुक्त श्रीराम लामिछानेका भनाइमा यही आय देखेपछि स्काउटमा सबैका आँखा गड्न थालेका हुन् । त्यसअघि यसलाई कसैले प्राथमिकताको सूचीमा राख्दैनथे ।

युवा तथा खेलकुद मन्त्रालयले नेपाल स्काउटलाई आर्थिक वर्ष ०७६/७७ का लागि करिब ६ करोड रुपैयाँ बजेट दिएको छ । राष्ट्रिय प्रधान कार्यालय परिसरको सटर/कबलबाट मासिक २४ लाखभन्दा बढी स्काउटको खातामा जम्मा हुन्छ । मन्त्रालयबाट विनियोजित ६ करोड रकम हिसाब गर्दा मासिक ५० लाख र प्रधान कार्यालय परिसरबाट भाडा उठ्नेसमेत गरी नेपाल स्काउट राष्ट्रिय कार्यालयको मासिक कारोबार ७५ लाख हाराहारी हुने देखिन्छ ।

मन्त्रालयले दिएमध्ये राष्ट्रिय प्रधान कार्यालयले ७७ जिल्लालाई वार्षिक एक लाख रुपैयाँ दिन्छ । स्काउटमा स्थायी र करार गरी करिब ३० कर्मचारी छन् । तीमध्ये ७ ककनी र २ जना सुन्दरीजलमा बस्छन् । बाँकीको दरबन्दी लैनचौरमै छ । उनीहरूको तलब, सञ्चयकोषलगायत सेवा-सुविधाका लागि मासिक १० लाख हाराहारी खर्च हुन्छ । कर्मचारीका लागि वार्षिक १ करोड २० लाख र ७७ जिल्लामा ७७ लाख गरी वार्षिक १ करोड ९७ लाख रुपैयाँ खर्च हुने देखिन्छ । तर भाडासमेत गरी वार्षिक ८ करोड ९० लाख रकम स्काउटको खातामा जम्मा हुन्छ । त्यसमा ७७ जिल्लामा विनियोजन गर्ने र कर्मचारीका लागि खर्चिनेसमेत गरी करिब २ करोड घटाउने हो भने पनि ६ करोड ९० लाख रकम बचत हुनुपर्छ । बचत रकम केमा खर्च हुन्छ त ?

प्रबन्धक बोहराका अनुसार तालिम सञ्चालन, पोसाक वितरणमा वार्षिक ठूलै रकम खर्च हुन्छ । स्काउटका भवनसमेत यही रकमबाट मर्मत गर्नुपर्ने भएकाले बचत त्यति धेरै हुँदैन । "यस वर्ष ककनी तालिम केन्द्र स्तरोन्नतिका लागि करिब ६० लाख रुपैयाँ खर्च हुँदै छ । पोखरामा १६-२१ जेठमा १६-२५ वर्ष उमेरका युवालाई दिइने स्काउट तालिम 'रोभर मुट' गरियो । त्यसमा ४ हजार ५ सय उपस्थित थिए," बोहराको कथन छ, "रोभर मुटका लागि झन्डै २ करोड खर्च भयो । प्रदेश १ मा एक सातासम्म ५ सयको सहभागितामा भएको तालिममा ८० लाख खर्चनुपर्‍यो । यस्ता कार्यक्रमका कारण खासै बचत हुँदैन ।"

जग्गामा किचलो परिरहेका खड्काका अनुसार स्काउटभित्रको ठूलो अनियमिततालाई अन्यत्र ध्यान मोड्न स्काउट नेतृत्वले जग्गाको प्रसंग निकालेको हो । स्काउटभित्रको अनियमितता खोज्न ढिलो भइसकेको उनको जिकिर छ । पूर्वप्रमुख आयुक्त लामिछाने पनि स्काउटभित्र उकुसमुकुस रहेको औंल्याउँछन् । उनलाई वर्तमान कार्यसमितिमा सल्लाहकार त राखिएको छ तर सल्लाह लिइँदैन । "म र मेरो टिमले ठूलो संघर्ष गरेर स्काउटको सम्पत्ति जोगायौं । भौतिक संरचना निर्माण गरिदियौं," भन्छन्, "त्यही नै पछिल्ला वर्ष कलहको कारण बन्यो । त्यसैले त्यहाँ अनियमितता नहोला भन्न सकिँदैन ।"

संयोजक भण्डारी मन्त्रालयले दिने बजेट जनशक्ति उत्पादन, तालिम र कर्मचारीको तलब, सुविधामै सकिने दाबी गर्छन् । "पद्धति र विधिभित्र रहेर मैले स्काउटलाई आर्थिक अनुशासनमा राख्ने काम गरिरहेको छु," उनको कथन छ, "म नेतृत्वमा आइसकेपछि स्काउटभित्र कुनै अनियमितता छैन ।"

संयोजक भण्डारी सचिव नियुक्त भएका थिए । दाहालले पनि निर्वाचन गराउन सकेनन् ।

त्यसपछि प्रधानमन्त्री शेरबहादुर देउवाको चाहनामा चन्दन कौशिकलाई तदर्थ समितिको संयोजक बनाइयो । चन्दनले समेत निर्वाचन नगराएपछि भण्डारी संयोजक चुनिएका छन् । चलाखी के गरिएको छ भने भण्डारीलाई दिइएको जिम्मेवारीमा कार्यकाल तोकिएन ।

युवा तथा खेलकुद मन्त्रालयका उपसचिव जनार्दन रिजालको हस्ताक्षरमा भण्डारी नेतृत्वको तदर्थ समितिलाई दिइएको नियुक्तिपत्रमा उल्लेख छ, 'नेपाल स्काउटको नयाँ ऐन लागू भएको ६ महिनाभित्र निर्वाचन सम्पन्न गरी निर्वाचित कार्यसमितिलाई जिम्मेवारी हस्तान्तरण गर्न र मौजुदा ऐन तथा नियमावलीको परिधिभित्र रही राष्ट्रिय कार्यकारी समितिसमेतको कार्य गर्न नेपाल सरकार (मन्त्रीस्तरीय) को मिति ०७५/०९/१६ को निर्णयबमोजिम देहायअनुसारको राष्ट्रिय तदर्थ समिति गठन गरिएको बेहोरा आवश्यक कार्यार्थ जानकारी गराइएको छ ।'

०७१ सालदेखि नै नेपाल स्काउटको ऐन संशोधन गर्ने विषय निरन्तर उठे पनि संशोधन हुन सकिरहेको छैन । ०५० सालमा सरकारले बनाएको स्काउट ऐन पाँच पटक संशोधन भइसकेको छ । मुलुक संघीय संरचनामा गएकाले त्यहीअनुसार ऐन संशोधन गरी निर्वाचन गराउने दायित्व भण्डारी नेतृत्वको तदर्थ समितिलाई छ । मन्त्रालयले पठाएको पत्रानुसार जति ढिलो ऐन संशोधन गर्‍यो, त्यति धेरै पदमा बसिरहने सुविधा भण्डारीलाई छ । नेपाल स्काउटका प्रबन्धक केशवबहादुर बोहरा भन्छन्, "ऐन ल्याउन त ०७१ सालदेखि नै खोजेको हो तर कहिले आउँछ भन्न सक्ने अवस्था छैन ।"

जग्गा किचलो

पूर्वमा नारायणहिटी दरबार, पश्चिममा दुग्ध विकास संस्थान, उत्तरमा खानी तथा भूगर्भ विभाग र दक्षिणतर्फ उपराष्ट्रपतिको कार्यालय/निवास । स्काउट जति महत्त्वपूर्ण स्थानमा छ, यस मोहडाभित्रको कथा भने निकै कुरूप छ ।

नेपाली सेनाको मुख्यालय भद्रकालीपछि एउटै प्लटमा झन्डै २४ रोपनी क्षेत्रफलमा फैलिएको उपत्यकाभित्र अर्को स्थान सायद नेपाल स्काउटको जमिन मात्र हो । स्थानीयका अनुसार यस क्षेत्रको जमिनको मूल्य यतिबेला प्रतिआना डेढ करोडदेखि ८० लाख रुपैयाँसम्म छ । लैनचौरमा स्काउटको कित्ता नम्बर १० मा ५ रोपनी २ आना ३ दाम ३ पैसा र कित्ता नम्बर ११ मा १८ रोपनी १० आना ३ दामको समथर प्लट छ । नजिकै कित्ता नम्बर ५२ मा अर्को २ रोपनी ६ आना २ पैसा २ दाम जग्गा पनि छ ।

प्रबन्धक बोहराका अनुसार १६ भदौ ०७२ सालमा लैनचौरस्थित प्रधान कार्यालयको सम्पत्तिको मूल्यांकन १ अर्ब ८१ करोड ८१ लाख १९ हजार १ सय ५० रुपैयाँ गरिएको थियो । प्रचलित मूल्यअनुसार यसबेला एउटै प्लटमा रहेको २४ रोपनी जग्गाको मूल्य प्रतिआना डेढ करोडले मात्र हिसाब गर्दा ५ अर्ब ७६ करोड हुन्छ । मूल्यवान जग्गाको उपयोग कौडीको भाउमा त भइरहेकै छ, त्यसमा पनि ठूलो किचलो छ । पछिल्ला दिनमा यो किचलोमा मुछिएका छन्, पूर्वराज्यमन्त्री दीपक खड्का ।

एक समय लैनचौरस्थित स्काउटको उक्त जग्गामा गोरखापत्र संस्थान, ठेकेदार, राप्रपा नेता तथा पूर्वमन्त्री विक्रम पाण्डे, लाजिम्पाटस्थित एम्बास्डर होटल सञ्चालक योगेन्द्र शाक्य, ठमेलका केही व्यापारीलगायतले आँखा गाडेका थिए । पाण्डेले त लैनचौरको जग्गा आफूले

दीपक खड्का र उनले स्काउटको जग्गामा सञ्चालन गरेको ब्यांक्वेट रेस्टुराँ

लिएर अलि पर धेरै जग्गा किनिदिनेसमेत भनेका थिए । कतिसम्म भने पाण्डेले राजा ज्ञानेन्द्रको सक्रिय शासनका बेला दरबारका सचिवको समेत फोन लगाएका थिए ।

गणतन्त्र स्थापनापछि पनि ठमेलका ती व्यापारीले तत्कालीन उपप्रधान तथा स्थानीय विकासमन्त्री प्रकाशमान सिंह, काठमाडौं महानगरपालिकाका पूर्वमेयर तथा पूर्वमन्त्री पीएल सिंहसमेतको दबाब लगाएका थिए । तर तत्कालीन प्रमुख आयुक्त लामिछानेले त्यो जमिनलाई खरिद-बिक्री, सट्टापट्टा गर्न तथा व्यापारिक प्रयोजनमा लगाउन मानेनन् । ०७२ सालको भूकम्पका बेला ठमेल, लैनचौर र लाजिम्पाटबासीकै लागि उपयोग हुन सक्ने भन्दै पन्छिए । स्काउटको जग्गा संरक्षण गर्ने उपाय भने योगेन्द्र शाक्यले सुझाएको लामिछाने बताउँछन् । भन्छन्, "स्काउटको त्यो जग्गामाथि धेरैको आँखा लागेको छ । मलाई दबाब र प्रलोभन त कति आए-आए । तर शाक्यको उपायले काम गर्‍यो ।"

उनै लामिछानेले नेपाल इन्भेस्टमेन्ट बैंकबाट ऋण लिएर स्काउट कार्यालय प्रवेशको दायाँदेखि खानी तथा भूगर्भ विभागको सीमासम्म भुइँतलामा ३६ सटरसहितको दुईतले भवन बनाए । यी भवनलाई हाल व्यापारिक भवन प्रथम र दोस्रो भनिन्छ । यसबाहेक दुग्ध विकास संस्थानदेखि प्रधान कार्यालय प्रवेशको बायाँसम्म १२ सटर छन् । यी तीन ब्लकका सटर/कबल बोलपत्र आह्वानमार्फत खड्का ल्यान्ड डेभलपमेन्ट प्रालिले भाडा सम्झौतामा लिएको थियो, ०६४/०६५ तिरै । यो दीपक खड्काकै कम्पनी हो ।

दुग्ध विकास संस्थानसँगैको सटरको सम्झौता मंसिर मसान्त ०७५ बाट सकिएको छ भने व्यावसायिक भवन प्रथम (मूल गेटसँगैको दुईतले टायलको छाना भएको) र व्यावसायिक भवन दोस्रो भुइँ तला (खानी विभागतर्फको भवनको आधा भुइँ तला) खड्का ल्यान्ड डेभलपमेन्टले दोस्रो पटक बोलपत्रमार्फत भाडामा लिएको छ । व्यावसायिक भवन प्रथम १६ वैशाख ०७४ देखि १५ वैशाख ०८४ सम्म र दोस्रो भवनको आधा भुइँ तला १ जेठ ०७५ देखि वैशाख मसान्त ०८५ सम्म भाडा सम्झौतामा लिएको हो । व्यावसायिक भवन दोस्रोको आधा भुइँ तला र प्रथम तला प्रमोद जयसवालले भाडा लिएका छन् । यसको सम्झौता अवधि पनि वैशाख मसान्त ०८५ सालसम्म छ ।

यसबाहेक खानी विभागसँगैको करिब ६ रोपनी जमिनमा भने ठूलो किचलो छ ।

१) सम्झौता नगरीकन देहायका संस्थाहरूले स्काउटको जग्गा प्रयोग गरी संरचना निर्माण गरेको देखिएकाले यथाशीघ्र त्यस्ता संरचना हटाउने र खड्का ल्यान्ड डेभलपमेन्ट प्रालिलाई समेत सम्झौताबमोजिमको जग्गा मात्र उपलब्ध गराउने ।

क) लैनचौर ब्यांक्वेट प्रालि

ख) माई च्वाइस रेस्टुरेन्ट एन्ड बार

२) सम्झौता नगरीकन अनधिकृत व्यक्ति-संस्थाले आफ्नो संस्थाको स्वामित्वमा रहेको जग्गा कब्जा गरी स्थायी संरचना बनाउँदासमेत कारबाही नगर्ने नेपाल स्काउटका जिम्मेवार पदाधिकारीहरूलाई प्रचलित कानुनबमोजिम कारबाही गर्ने ।

युवा तथा खेलकुद मन्त्रालयका अधिकृत रामकृष्ण श्रेष्ठले ५ पुस ०७५ सालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई बोधार्थ दिएर नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालय लैनचौरलाई लेखेको पत्रको बेहोरा हो, यो । खानी विभागसँग जोडिएको स्काउटको ३ रोपनी जग्गाका विषयमा मन्त्रालयले स्काउटलाई यस्तो पत्र लेखेको हो । जानकारका अनुसार खानी विभागसँग जोडिएको स्काउटको ३ रोपनी जग्गामा १०/१२ वर्षअघि सुक्खा पोखरी थियो ।

लामिछाने स्काउटका प्रमुख आयुक्त भएका बेला जगन्नाथदेवलस्थित चाइना टाउन बनाएको स्थानको माटो लगेर सुक्खा खाल्डो पुरियो । यही मेसोमा लामिछाने र दीपक खड्काबीच भेट हुँदा खाल्डो पुरिएको जग्गाको कुरा भएपछि बोलपत्र आह्वान भयो । योगेन्द्र शाक्यले ३ रोपनीको मासिक ८५ हजार रुपैयाँ भाडा बुझाउने कबोल हाले । खड्काको कम्पनीले मासिक १ लाख २० हजार बुझाउने कबोल हाल्यो । बोल/कबोल बढी हालेकाले खड्का र स्काउटबीच १ भदौ ०६६ सालबाट लागू हुने गरी १० वर्ष भाडा सम्झौता भयो । सुरुमा मासिक १ लाख २१ हजार ५ सय तिर्ने गरी उनले ३ रोपनी जग्गा भाडामा लिए । उक्त भाडा ३/३ वर्षमा ५ प्रतिशतका दरले बढ्ने



एकै दिन गरिएको निर्णय पुस्तिकाको फरक अक्षर, यही निर्णयको बुँदा नम्बर ४ लाई देखाएर दीपक खड्काले मुद्दा जिते ।

सम्झौतामा उल्लेख छ । त्यही ३ रोपनीमा खड्काले बनाएको लैनचौर ब्यांक्वेटको धौलागिरि र कञ्चनजंघा हल छन् ।

त्यसअघि भदौ ०६३ सालबाटै खड्काले व्यावसायिक भवन प्रथमसमेत बोलपत्रमार्फत भाडामा लिइसकेका थिए । ०६३ सालमा व्यावसायिक भवन प्रथम भाडामा लिएपछि खड्कालाई स्काउटको प्रधान कार्यालयले १ रोपनी जग्गा पार्किङका लागि दिएको थियो । व्यावसायिक भवन भाडामा लिएबापत स्काउटले पार्किङका निम्ति दिएको १ रोपनी जग्गामा उनले स्थायी संरचना बनाए र त्यसको भुइँ तलामा माई च्वाइस रेस्टुरेन्ट एन्ड बार खोले । चुनावका बेला प्रथम तलामा आफ्नो सम्पर्क कार्यालय खडा गरेर खड्काले चारतारे झन्डा फहर्‍याएका थिए । उनको सम्पर्क कार्यालय अहिले पनि त्यही छ ।

स्काउट प्रबन्धक बोहराका अनुसार व्यावसायिक भवन प्रथमको प्रथम पटकको सम्झौता १ वैशाख ०७४ मै समाप्त भइसकेको छ । दोस्रो बोलपत्रमा पनि ती सटर खड्काले नै भाडामा लिएका छन् । तर स्काउट राष्ट्रिय प्रधान कार्यालयले सटर भाडामा लिएबापत १ रोपनी पार्किङ दिन नसक्ने भनी पत्र थमाएको छ । दोस्रो बोलपत्रको सम्झौतासँगै पत्र थमाए पनि उनले अघिल्लो पटक पार्किङका लागि दिएको १ रोपनी जग्गा छाडेका छैनन् । स्काउटले २६ फागुन ०७५ मा उनलाई पार्किङका लागि दिएको जग्गा खाली गराइदिन पत्र लेखेको देखिन्छ ।

स्काउट तदर्थ समिति संयोजक भण्डारीका भनाइमा खड्काले ३ रोपनी जग्गा १० वर्षे सम्झौतामा लिएका थिए । तर त्योभन्दा बढी जमिन उपयोग गरेको भन्दै अख्तियारमा उजुरी परेको थियो । अख्तियारले नापी कार्यालयको समेत सहयोग लिएर छानबिन गर्‍यो । छानबिनबाट खड्काले स्काउटको ५ रोपनी ९ आना ३ पैसा अर्थात् सम्झौताभन्दा २ रोपनी ९ आना ३ पैसा बढी जग्गा उपभोग गरेको भेटियो । त्यसमाथि ३ रोपनीमा गरेको १० वर्षे सम्झौतासमेत साउन मसान्तमै सकिइसकेको छ ।

"अख्तियारले छानबिन गरेर खड्कालाई हटाउनू भनेको छ । युवा तथा खेलकुद मन्त्रालयदेखि स्काउटले पटक-पटक पत्राचार गर्दासमेत सम्झौताभन्दा बढी ओगटेको जमिन छाडेका छैनन्," संयोजक भण्डारी भन्छन्, "सम्झौता सकिँदासमेत ३ रोपनीमा पनि कब्जा जमाइरहेका छन् । धम्क्याएर, अदालतको प्रयोग गरेर सम्पत्ति खाने दाउ भइरहेको छ ।"

११ भदौमा खड्काबाट स्काउटको जग्गा आफ्नो स्वामित्वमा कसरी लिने भन्नेबारे युवा तथा खेलकुदमन्त्री, सचिव र सहसचिवबीच छलफल भएको भण्डारी बताउँछन् । खड्का भने आफूले स्काउटको जग्गा बढी उपयोग नगरेको र सबै सम्झौताअनुसार नै भइरहेको दाबी गर्छन् । "मैले स्काउटको जे-जति जमिन लिएको छु, सबै टेन्डर गरेर लिएको हुँ । दरबारमार्गको भन्दा बढी भाडा बुझाइरहेको छु," खड्का भन्छन्, "दाबीका साथ भन्छु, सरकारी सम्पत्तिमा यति धेरै पैसा कहीँ-कसैले तिरेका छैनन् । यहाँको २ रुपैयाँ उठाएर खानुपरेको छैन, लानुपरेको छैन ।"

नापी विभागको नापजाँचबाट खड्काले चर्चेको २ रोपनी ९ आना ३ पैसाभन्दा बढी र साउन मसान्तबाट सम्झौता सकिएको ३ रोपनीसमेत छाडिदिन २७ फागुन ०७५ बाट स्काउटले पटक-पटक पत्राचार गरेको देखिन्छ । त्यसपछि खड्का अदालत पुगेका थिए ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश मेदिनीप्रसाद पौडेलले खड्काकै पक्षमा फैसला गरिदिए । रोचक के भने १ भदौ ०६६ मा खड्कालाई १० वर्षका लागि सम्झौता गरी ३ रोपनी जग्गा दिइएको थियो । त्यसको दुई वर्षपछि २१ साउन ०६८ मा स्काउटका तत्कालीन प्रमुख आयुक्त एवं राष्ट्रिय कार्यकारी समितिका अध्यक्ष श्रीराम लामिछाने अध्यक्षताको बैठकले उक्त लिज अवधि १५ वर्ष भनी निर्णय गरेको छ । उक्त दिनको बैठकको निर्णय नम्बर ४ मा उल्लेख छ, 'पोखरी ३ रोपनी जग्गा : शिलबन्दी बोलपत्रअनुसार ०६६ भदौदेखि रु. १,२१,५०० बुझाउँदै आएको लिज अवधि १५ वर्ष ।'

खड्काले अदालतमा यही निर्णयको प्रति पेस गरेपछि उनको पक्षमा फैसला भएको देखिन्छ । तर शिलबन्दी बोलपत्रअनुसार १० वर्षलाई भाडामा दिइएको जग्गामा कार्यसमितिको निर्णयबाट के आधारमा ५ वर्ष अवधि बढाइयो ? रहस्यकै गर्तमा छ ।

त्यसबेला बैठकको अध्यक्षता गरेका लामिछाने आफूले त्यस्तो निर्णयमा हस्ताक्षर गरेको सम्झना नभएको बताउँछन् । "बोलपत्र आह्वानमार्फत १० वर्षलाई भाडामा दिइएको जमिनमा स्काउट कार्यकारी समितिको बैठकले ५ वर्ष समयावधि थप्न मिल्दैन । त्यो निर्णय कुनै हालतमा भएको छैन," *नेपाल*सँगको कुराकानीमा लामिछाने भन्छन्, "त्यसबेलाका निर्देशक गौतम अधिकारीले मलाई जानकारी नदिई थपेका हुन् कि भन्ने लाग्छ, यो कुरा मैले पहिलेदेखि नै भन्दै आएको छु ।" अवस्था कस्तो छ भने बैठकको उपस्थिति र निर्णयको पानामा फरक-फरक अक्षर छन् । निर्णय पानाको तलमाथि एक जनाको मात्र हस्ताक्षर छ । यसले ठूलै गडबडी देखाउँछ ।

यसबाहेक ककनीमा स्काउटले सरकार स्वामित्वको ७ सय २३ रोपनी चर्चेको छ, त्यसमध्ये ३ सय १२ रोपनीको लालपुर्जा स्काउटकै नाममा छ । त्यहाँ लक्जेम्वर्ग सरकारले २० करोड रुपैयाँ खर्चेर तालिम भवन बनाइदिएको छ । काठमाडौं सुन्दरीजल, रानीपोखरीस्थित पाठशालाछेउ पनि स्काउटको जग्गा छ । यी जग्गामा पनि धेरथोर किचलो नै छ । ने

शुल्कमै बेइमानी

भक्तपुर सानोठिमीस्थित एउटा निजी विद्यालयले यसै शैक्षिक सत्रमा स्काउट सदस्य बनेबापत प्रतिविद्यार्थी २ हजार ६ सय रुपैयाँ शुल्क असुल्यो । यसबाहेक ड्रेस, ब्याचलगायतको पैसा छुट्टै छ । विद्यार्थीलाई २/३ दिनको क्याम्प लगेबापत प्रतिव्यक्ति न्यूनतम ४ हजारदेखि ७ हजार रुपैयाँ लिइन्छ । म्याट्रिस, स्लिपिङ ब्याग, हेड लाइट, रक, ग्लोब्सलगायत सामान खरिद गर्दा अभिभावकको गोजी उत्तिकै रित्तिन्छ । स्काउटको प्रधान कार्यालयको नियममा भने एक सदस्यका लागि वार्षिक शुल्क १० रुपैयाँ मात्र छ । विद्यार्थीलाई स्काउटमा आबद्ध गराएबापत विद्यालयलाई मनपरी शुल्क लिन स्काउट नेतृत्वले किन छुट दिइरहेको छ ? स्काउटकै मिलेमतो वा राष्ट्रिय प्रधान कार्यालयको जानकारीबिनै विद्यालयले आफूखुसी धेरै पैसा उठाएका हुन् ?

प्रबन्धक बोहराका अनुसार स्काउटमा आबद्ध भएबापत कतिपय विद्यालयले ४/५ हजारसम्म लिएको सुनिने गरे पनि त्यसको छानबिन भएको छैन । विद्यार्थीलाई स्काउटमा आबद्ध गरेबापत विद्यालयले उठाएको शुल्कबारे पत्र काट्ने तयारी भइरहेको संयोजक भण्डारी सुनाउँछन् । भन्छन्, "धेरै ठाउँमा बढी लिएको गुनासो सुनेको छु । त्यसलाई नियन्त्रण गरिनेछ ।"

नेपाललाई रुवान्डाको पाठ

[टिप्पणी]

विज्ञानबाबु रेग्मी

नेपालमा रुवान्डा त्यति चर्चामा आउने देशको नाम होइन। हाम्रै समाजमा जातीय एवं क्षेत्रीय पहिचानको बहस पार नलागेको बेला हुतु र तुत्सीबीचको द्वन्द्वको विषय यसै पनि आम मानिसको सरोकारमा आउँदैन। यद्यपि विश्व आर्थिक संवाद र 'ग्लोबल साउथ' को विकास बहसमा रुवान्डा पटक-पटक दोहोरिएर आउने नाम हो । यस विकासोन्मुख अफ्रिकी मुलुकको दर्दनाक विगत, संयमित र विकासप्रेमी वर्तमान नेतृत्व, उत्साहजनक आर्थिक वृद्धिले कोरेको तीक्ष्ण भविष्य।

सुरुमा जर्मन र पछि बेल्जियन साम्राज्यअन्तर्गत रहँदादेखि नै बहुसांख्यिक हुतु र अल्पसंख्यक तुत्सी बसोबास गर्ने रुवान्डामा यी दुई जातिबीच कलह हुन्थ्यो। सन् १९६२ मा स्वाधीनता प्राप्त गरिसकेपछि पनि यो समस्या ज्यूँका त्यूँ रह्यो। जातीय कलहले उचाइ लिएकै बेला सन् १९९४ को अप्रिल ६ मा रुवान्डाको हुतु मूलका राष्ट्रपति सवार हवाईजहाजमा आक्रमण हुँदा उनको घटनास्थलमै मृत्यु भयो। तुत्सी जातिका विद्रोही नेताहरूले हत्या गरेको आरोपमा जातीय द्वन्द्वले उग्र रूप लियो । त्यसपछिको सय दिनमै आम हुतु नागरिकको संलग्नतामा अनुमानित करिब ८ देखि १० लाख (जसमा अधिकांश तुत्सी जातिका थिए) को निर्मम नरसंहार भयो। वर्तमान राष्ट्रपति पल कागामेले नेतृत्व गरेको तत्कालीन रुवान्डन प्याट्रियोटिक फ्रन्टले राजधानी किगाली नियन्त्रणमा लिएपछि तत्कालका लागि द्वन्द्वविराम भयो। तर सन् १९९४ देखि २००० सम्म रगतले पोतिएको रुवान्डी समाज अस्थिर नै रह्यो।

पास्तर बिजीमुङ्गुको राजीनामापछि ४३ वर्षीय पल कागामेले देशको कार्यकारी प्रमुखको रूपमा राष्ट्रपति पद ग्रहण गर्न पुगे। सन् २०१७ को चुनावमा बहुमतसहित तेस्रो कार्यकालका लागि कागामे अझै देशको नेतृत्व सम्हाल्दै छन्। कहिल्यै निको नहुनेजस्तो आलो इतिहासको घाउलाई फर्केर हेर्दा कागामेको नेतृत्व रुवान्डाका लागि सञ्जीवनी बुटीझैं साबित भएको छ।

राष्ट्रपति पदमा आसीन भएसँगै कागामेले 'भिजन २०२०' सार्वजनिक गरे । यस कार्यनीतिको मूल उद्देश्य सन् २०२० भित्र रुवान्डालाई ज्ञानमा आधारित मध्य आय भएको मुलुक बनाउने थियो। सामाजिक सहिष्णुता बढाउने, संयमित राज्य संरचना निर्माण, निजी क्षेत्रको संलग्नता वृद्धि, जनशक्ति र मानव संसाधनको विकास, विश्वस्तरीय भौतिक पूर्वाधार निर्माण, स्वास्थ्य र शिक्षासँगै प्रविधिको स्तरोन्नतिमा आर्थिक स्रोत केन्द्रित गर्ने थिए। यी महत्त्वाकांक्षी लक्ष्य सन् २०२० को पूर्वसन्ध्यामा बसेर मूल्यांकन गर्दा बलियो आधार समातेर तय गरिएका थिए भन्ने प्रस्ट छ।

१९९४ को द्वन्द्वपछि केही वर्ष रुवान्डाको अर्थतन्त्र नाजुक अवस्थामा पुग्यो । करिब २० प्रतिशत जनसंख्या गुमाउनुपरेको घटनाको असरस्वरूप नगदेबालीको उत्पादनमा गिरावट, भौतिक निर्माण आयोजनाको कार्यविराम, स्वदेशी एवं विदेशी लगानीको कमीजस्ता तत्काल समाधान गर्न नसकिने समस्या झेल्नुपर्‍यो। न्यून प्रतिव्यक्ति आय भएकाले स्वास्थ्य र शिक्षामा सबैको पहुँच बढाउने र गुणस्तरीय सामाजिक सुरक्षा सुनिश्चित गर्ने काम त आफैँमा चुनौतीपूर्ण थियो।

कृषि विकासका लागि कागामेले सन् २०१० मा सिँचाइ गुरुयोजना अघि सारे। उक्त कार्यक्रमको फलस्वरूप अहिले करिब ७० प्रतिशत जनसंख्या कृषि क्षेत्रमा आबद्ध छन्। कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३० प्रतिशतभन्दा बढी छ। स्वास्थ्य सेवा विकासका लागि कागामेले सामाजिक सहकार्यको अवधारणामा स्वास्थ्य बिमा कार्यक्रम अघि बढाए । आय र योगदानका आधारमा सबै नागरिकलाई उचित स्वास्थ्य सुविधा मिलेको छ। रुवान्डाको स्वास्थ्य क्षेत्र अफ्रिकाकै उदाहरणीय मानिन थालेको छ।

विश्व बैंकको 'इज अफ डुइङ बिजनेस' सूचकांकमा २९ नम्बरमा पर्न सफल रुवान्डाले अन्य विकासोन्मुख मुलुकलाई सजिलै पछि पारेको छ । सन् १९९४ मा प्रतिव्यक्ति आय १ सय २७ अमेरिकी डलर भएकामा अहिले ७ सय ७३ डलर पुगेको छ। विगत दुई दशकमा औसत आयु ३० वर्षबाट बढेर ६७ वर्ष पुगेको छ । अफ्रिकी मुलुकमध्येमै भ्रष्टाचार न्यून छ। ५० प्रतिशतभन्दा बढी महिला सांसद भएको देश रुवान्डा र क्युबा मात्र हुन्। केही कमजोरी रहे पनि कागामेको नेतृत्वलाई अमेरिकी पूर्वराष्ट्रपति बिल क्लिन्टनदेखि बेलायती पूर्वप्रधानमन्त्री टोनी ब्लेयरसम्मले मुक्तकण्ठले प्रशंसा गरेका छन् । तर तीभन्दा पनि कैयौं गुणा बढी कागामे आफैँको लगनशीलता र अनुशासनले बोलेको छ।

प्रजातान्त्रिक पद्धतिमा चामत्कारिक व्यक्तिले भन्दा पनि चुस्त व्यवस्था र कानुनको शासनले मात्र दिगो विकास सम्भव हुन्छ। इतिहासको आलो घाउ पुरेर अर्थतन्त्रलाई चलायमान बनाउँदै समृद्धिको मैदानमा होमिएको रुवान्डा र त्यसलाई दिशानिर्देश गरिरहेका कागामेलाई देख्दा भने व्यक्तिको प्रयत्नलाई उपेक्षा गर्न मिल्दैन। हामीले रुवान्डाबाट सिक्नुपर्ने कुरा धेरै छन्। नेपालको आर्थिक छलाङका लागि पनि आम समाजको भावनालाई योजनाबद्ध विकासमा लगाउने पहलकदमी र अनुशासित नेतृत्वको आवश्यकता खड्किन्छ, कागामेजस्तै।

रेग्मी अमेरिकाको ड्युक विश्वविद्यालयमा अर्थशास्त्र पढ्दै छन्।

स्वास्थ्यमा राजनीति

ओलीको स्वास्थ्यलाई लिएर नेकपामा दाउपेच

जनक नेपाल

तत्कालीन एमालेको नवौँ महाधिवेशनको पूर्वसन्ध्यामा नेता भीम रावलले २५ जेठ ०७१ सालमा नेपालगन्जमा आफ्नो गुटको भेलामा पार्टी अध्यक्षका प्रत्यासी केपी ओलीको स्वास्थ्यबारे बोलेका थिए, '१४ वर्ष जेल बसेका ओलीजीप्रति मेरो सम्मानै छ । तर अब उहाँ पहिलेजस्तो सक्रिय हुन सक्नुहुन्न । संक्रमणको जोखिमले स्प्रे गरेको मञ्चमा सीसाभित्रबाट बोल्नुपर्छ । कार्यकर्ताले हात मिलाउनसमेत पाउँदैनन् । हाम्रोजस्तो गतिशील पार्टी त्यस्तो अध्यक्षबाट चल्दैन ।"

बितेका पाँच वर्षमा ओलीको स्वास्थ्यबारे गरिएका यस्ता अनेकौं अड्कलबाजी फेल खाएका छन् । सीसाभित्रबाट बोल्नुपर्ने भनिएका ओली ०७४ सालका स्थानीय तह, संघ तथा प्रदेश निर्वाचन परिचालनको कमान्डर मात्र भएनन्, सम्भवतः सबैभन्दा धेरै खटिए । माओवादीसँग चुनावी गठबन्धन बनाए । अन्ततः उसैसँग पार्टी एकता गरेर झन्डै दुई तिहाइ बहुमतको सरकारको नेतृत्व गरिरहेका छन् ।

एमालेको नवौँ महाधिवेशनको सरगर्मी उत्कर्षमा पुग्दा अध्यक्षका मुख्य दाबेदार ओली भने मस्तिष्क ज्वरोले थलिएका थिए । एक महिना बैंककमा उपचार गराइरहँदा उनको स्वास्थ्यबारे दुई गुटले आ-आफ्नै ढंगले अड्कलबाजी गरे । त्यही क्रममा माधव नेपाल प्यानलबाट उपाध्यक्षका प्रत्यासी रावलको उक्त अभिव्यक्ति आएको थियो । त्यसको प्रतिवाद गर्दै ओली निकट महेश बस्नेतले जवाफ फर्काएका थिए, 'उहाँ निको हुनुहुन्छ । महाधिवेशनसम्म सञ्चो नभए स्ट्रेचरमै राखेर भए पनि अध्यक्ष बनाइन्छ ।'

काठमाडौं र भारतका अस्पतालमा निको नभएपछि ओलीलाई एयर एम्बुलेन्सबाट बैंकक पुऱ्याइएको थियो । त्यहाँ उनले झन्डै एक महिना उपचार गराए । स्वदेश फर्किएपछि उनले भनेका थिए, "मलाई सरकार, पार्टी र शुभेच्छुकले धेरै ऋण लगाउनुभएको छ । राम्रो काम गरेर उहाँहरूको ऋण चुक्ता गर्नेछु ।" महाधिवेशनमा ओलीलाई झापा आन्दोलनकालीन नेताहरू मुकुन्द न्यौपाने, प्रदीप नेपाल, मोहनचन्द्र अधिकारीहरूले पनि सघाएका थिए । नेता नेपाल भन्छन्, "केपीको मनमा एक पटक पार्टी अध्यक्ष हुने ठूलो धोको थियो । त्यो पूरा गर्न सके उनको आयु लम्ब्याउन सकिएला भनेरै हामीले लबिइङ गरेका हौँ । भयो पनि त्यस्तै ।"

नवौँ महाधिवेशनबाट अध्यक्ष चुनिएपछि १ साउन ०७१ सालमा पार्टी कार्यालय बल्खुमा ओलीले अर्को भावुक अभिव्यक्ति दिएका थिए, 'सम्भवतः कमरेडहरूको जतिको लामो जीवन मेरासामु छैन, त्यसैले मलाई कुनै पनि काम बिस्तारै गर्दै जाऔँला नि त भन्ने सुविधा छैन भन्ने तथ्यप्रति सजग छु ।' आफ्नो सम्पूर्ण सामर्थ्य, ऊर्जा र विवेक पार्टी, जनता, देश र मानवताप्रति समर्पित हुने उनले प्रतिबद्धता जनाएका थिए ।

नेता प्रदीप नेपाल महाधिवेशनमा आफूहरूले झलनाथ खनाल र माधव नेपाल पार्टी प्रमुख भइसकेकाले एकपल्ट ओलीलाई

म फेरि सञ्चो भएँ : उपचारपछि फर्किएका प्रधानमन्त्री ओली काठमाडौं विमानस्थलमा, २० भदौ

सिंगापुर लर्को : स्नेह कि स्वार्थ

आज सिंगापुरमा प्रधानमन्त्रीज्यूको स्वास्थ्योपचारको जानकारी लिने मौका मिल्यो । सामान्य स्वास्थ्य अवस्था तथा सोमबार र बुधबारको जाँचपछि नेपाल फर्कने खबरले असाध्यै खुसी लाग्यो । थप स्वास्थ्यलाभको कामना !

नेकपा स्थायी समिति सदस्य एवं ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले १४ भदौमा फेसबुक स्टाटस लेखे । प्रधानमन्त्री केपी ओलीको नेसनल युनिभर्सिटी हस्पिटलमा मृगौलासम्बन्धी 'एन्टी बडी' उपचारअन्तर्गत सुरु गरिएको 'प्लाज्माफेरेसिस' १८ भदौमा पूरा भएको थियो । यसअघि १८ साउनमा सिंगापुर गएका ओली उपचारपछि २७ साउनमा फर्किएका थिए ।

प्रधानमन्त्री ओली ५ भदौमा स्वास्थ्योपचारका लागि दोस्रोपल्ट सिंगापुर उडेसँगै उद्योगी, व्यापारी र नेकपाका शीर्षदेखि मध्यम तहसम्मका नेताहरू स्वास्थ्यलाभको कामना गर्न, शुभकामना दिन भन्दै लाम लागेर पुगे । यसरी सिंगापुर पुग्नेमध्येका ऊर्जामन्त्री पुनले मात्रै यसबारे औपचारिक रूपमा लेखे ।

वीरगन्जस्थित विवादित नेसनल मेडिकल कलेज सञ्चालक बसुरुद्दिन अन्सारीले पुनभन्दा पहिल्यै सिंगापुरमा ओलीलाई भेटेको प्रचार गरिसकेका थिए । नेकपाको प्रचार विभाग उपप्रमुख सूर्य थापाका भनाइमा प्रधानमन्त्री उपचारका सिलसिलामा महाराजगन्ज शिक्षण अस्पताल र छाउनीस्थित नेपाली सेनाको अस्पतालमा रहँदासमेत शुभचिन्तकले भेट्न पाउँदैनथे भने झन् अन्तर्राष्ट्रिय अस्पतालमा भेट्न पाउने कुरै हुँदैन । "सिंगापुरमा प्रधानमन्त्रीको अत्यन्त संवेदनशील उपचार भएको हो । भीडभाड गरेर धेरै मान्छेले भेट्ने विषय नै होइन," थापा भन्छन्, "उहाँको स्वास्थ्यलाभको कामना गर्नेले त पूर्ण आराम गर्न दिनुपर्छ । उल्टै सिंगापुर पुगेर उहाँलाई धपेडी थपिदिने काम भयो ।"

स्रोतका अनुसार नेता, उद्योगी, व्यापारी गरी दुई दर्जनभन्दा बढी व्यक्ति प्रधानमन्त्री ओली भेट्न सिंगापुर पुगेका थिए । नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष सुरज वैद्य, व्यवसायी चन्द्र ढकाल, व्यापारी दीपक मलहोत्रा, सौर्य एयरलाइन्सका प्रमुख दीपक पोखरेल, क्याप्टेन रामेश्वर

अंगद ढकाल

ओलीको उपचार-यात्रा

५ भदौ, ०७६
नेसनल युनिभर्सिटी अस्पताल, सिंगापुर

१८ साउन ०७६
नेसनल युनिभर्सिटी अस्पताल, सिंगापुर

१२ कात्तिक ०७५
मनमोहन कार्डियोथोरासिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टर, काठमाडौँ

२६ पुस ०७४
बुमरूङगार्ड अस्पताल, थाइल्यान्ड (चुनावी दौडधूपले बिरामी, निर्वाचन लम्बिएपछि फलोअप उपचारार्थ)

९ भदौ ०७४
बुमरूङगार्ड अस्पताल, थाइल्यान्ड

२ असार ०७२
बुमरूङगार्ड अस्पताल, थाइल्यान्ड

१७ वैशाख ०७१
बुमरूङगार्ड अस्पताल, थाइल्यान्ड (मस्तिष्क ज्वरोले गम्भीर भएपछि एयर एम्बुलेन्सबाट)

१८ फागुन ०७०
म्याक्स अस्पताल, दिल्ली

९ फागुन ०७०
ग्रान्डी अस्पताल, काठमाडौँ (चुनावी दौडधूपले हातखुट्टामा संक्रमण)

१९ मंसिर ०७०
मेदान्त मेडिसिटी अस्पताल, भारत (एयर एम्बुलेन्सबाट)

०७० कात्तिक
नर्भिक अस्पताल, काठमाडौँ (श्वासप्रश्वासमा समस्या, फोक्सोमा पानी)

०६४ साउन
मृगौला प्रत्यारोपण, अपोलो अस्पताल, भारत

नेतृत्व छाड्न आग्रहसमेत गरिएको सम्झिन्छन्। तर अर्को प्यानलले नमानेपछि प्रतिस्पर्धाबाटै ओलीलाई अध्यक्ष बनाउन सघाउनुपरेको उनी बताउँछन् । भन्छन्, "ओलीबाट पार्टी संगठनमा योभन्दा धेरै काम होला भन्ने त सोचिएकै होइन। राष्ट्रिय स्वाभिमानको रक्षा र संविधान कार्यान्वयनमा भने ऐतिहासिक काम भएका छन् ।"

यद्यपि ओलीले २१ माघ ०७० सालको पार्टी संसदीय दलको निर्वाचनबाट नेतृत्वमाथि हस्तक्षेप बढाउँदै ल्याएका थिए। त्यतिबेला उनी पार्टी अध्यक्ष झलनाथ खनाललाई २३ मतको अन्तरले हराउँदै १ सय ७३ सदस्यीय एमाले संसदीय दलका नेता निर्वाचित हुन पुगे। उनलाई नेता वामदेव गौतमको साथ थियो। त्यतिबेला ओलीले गौतमलाई आफू अध्यक्ष भएपछि संसदीय दल र प्रधानमन्त्री बनेपछि कार्यवाहक अध्यक्ष बनाउने आश्वासन दिएका थिए ।

अध्यक्षका प्रत्यासी ओलीको बिग्रेको स्वास्थ्यस्थितिमा महाधिवेशन प्रतिनिधिलाई आश्वस्त पारेर चुनाव जित्नु उनको गुटका लागि ठूलो चुनौती थियो। मुख्य सहयोगी बनेका गौतमको विचार नेपाल समूहका नेता घनश्याम भूसालसँग मिल्थ्यो । तैपनि उनले ओलीलाई छाडेनन्। ओलीलाई भोट दिन आनाकानी गर्ने पूर्वमाले समूहका प्रतिनिधिलाई गौतमले भनेका थिए, "बरु मलाई भोट नदिए हुन्छ, ओलीलाई दिनू। ओलीले जित्नु मैले जितेसरह हो।" त्यसो

थापा, व्यापारी दिनेशलाल श्रेष्ठ, सोनाम छिरिङ शेर्पा, गैरआवासीय नेपाली संघका अध्यक्ष भवन भट्टलगायत सिंगापुर पुगे।

पूर्वमन्त्री कृपाशुर शेर्पा, पूर्वप्रहरी नायब महानिरीक्षक तथा हाल ललितपुर-३ का सांसद नवराज सिलवाल, डीआईजी तथा प्रहरी प्रवक्ता विश्वराज पोखरेललगायत पनि प्रधानमन्त्री ओलीप्रति शुभेच्छा जनाउँदै सिंगापुर पुगे। जानकारका अनुसार ओली भेट्न सिंगापुर पुग्नेमध्ये धेरैजसो प्रधानमन्त्रीका स्वकीय सचिव राजेश वज्राचार्यलाई भेटेर फर्किए। डाक्टरले प्रधानमन्त्रीलाई भेट्न नदिएपछि वज्राचार्यलाई आफूहरू आएको खबर सुनाइदिन भनेका थिए। सिंगापुर जाउआउमा विमान भाडा ८० देखि ८५ हजार र होटल, खानपिनमा ७० हजारमाथि खर्च हुन्छ। नेकपाका एक स्थायी समिति सदस्य भन्छन्, "त्यहाँ पुग्नेमध्ये धेरैजसो व्यक्तिगत स्वार्थमा लिप्त र यहाँ भेट्न नपाउनेहरू छन्। नेतृत्वलाई रिझाएर व्यक्तिगत फाइदा लिने एउटा पंक्ति जो सत्तामा आए पनि यस्तै चाकरी गर्छ।"

ओली सिंगापुर उड्नुअघि नै सूचना तथा प्रविधिमन्त्री गोकुल बाँस्कोटाले प्रधानमन्त्रीको उपचार खर्च राज्यकोषबाट नहुने बताएका थिए। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता सहसचिव यमलाल भुसालका अनुसार प्रधानमन्त्रीको उपचार खर्च सरकारी कोषबाट बेहोरिएको छैन। भन्छन्, "प्रधानमन्त्रीज्यूको उपचार खर्च सरकारी कोषबाट नबेहोरिएकाले हाम्रो कार्यालयलाई यसको जानकारी छैन।"

पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले सचिवालय बैठक डाक्ने तयारी गरेपछि महासचिव विष्णु पौडेलले अध्यक्ष तथा प्रधानमन्त्री ओलीलाई १६ भदौमा यसको जानकारी दिए। भोलिपल्टै ओलीले सिंगापुर बोलाएपछि पौडेल १७ भदौमा उडे। प्रस्तावित उपाध्यक्ष वामदेव गौतमलाई पनि ओलीले 'मलाई भेट्न नआउने' भन्दै बोलाएको स्रोत बताउँछ। गौतम र पौडेल सँगै सिंगापुर जाने तयारीमा थिए।

प्रचण्डले गृहजिल्ला चितवनबाट फोन गरेर गौतमलाई सिंगापुर जान रोकेका थिए। तर १८ भदौमा सिंगापुर उडे। "बिरामी भेट्न गएको भन्ने भ्रम मात्र हो," नेकपाका एक सचिवालय सदस्य भन्छन्, "खासमा सचिवालय बैठक बस्न नदिन र हामी एक ठाउँ छौँ भन्ने देखाउन ओलीले दुवैलाई सिंगापुर बोलाएका हुन्।"

■ **माधव बस्नेत**

भन्नुको पछाडि ओली अध्यक्ष भएपछि आफूले कार्यवाहक अध्यक्ष पाउने गौतमको अपेक्षा थियो । ओलीको खस्किँदो स्वास्थ्य रिपोर्टसमेत देखाएर गौतमले निकटस्थलाई आश्वस्त पारेका थिए ।

एमालेको नवौँ महाधिवेशनदेखि नेकपासम्म आइपुग्दा राजनीतिक दाउपेच र रणनीति ओलीको स्वास्थ्यस्थितिबारे गरिएका अड्कलबाजी वरपरै घुमिरहेको छ । ५ भदौको सचिवालय बैठकमा ओली र वरिष्ठ नेता नेपालबीचको भनाभनको भित्री कारण पनि उनको स्वास्थ्यसम्बन्धी टीकाटिप्पणी नै थियो । नेपाल समूहभित्र उनको स्वास्थ्यबारे नवौँ महाधिवेशनदेखि नै नकारात्मक टीकाटिप्पणी हुँदै आएको ओली समूहको दाबी छ । ओलीको स्वास्थ्यलाई लिएर कांग्रेस सांसद गगन थापाबाट १८ भदौको प्रतिनिधिसभामा अभिव्यक्तिपछि सत्ता-प्रतिपक्ष सवालजवाफमै उत्रिए । थापाले भनेका थिए, 'प्रधानमन्त्री बासरह हुनुहुन्छ । हामी हाम्रो बा बिरामी हुनुभएको भए के भन्थ्यौँ ? बा धपेडी नगर्नुस्, आराम गर्नुस्, विश्राम गर्नुस् । हामी हाम्रो बालाई त्यसो भन्छौँ तर हाम्रा प्रधानमन्त्री बालाई किन यसो भन्न सक्दैनौँ ?' सत्तापक्षका सांसदले भने ओलीको स्वास्थ्यभित्र आफ्नो भविष्य नदेख्न चेतावनी दिँदै थापाको प्रतिवाद गरेका थिए ।

ओलीको स्वास्थ्यस्थिति आकलन गर्दै नेकपाभित्र उत्तराधिकारीसमेत खोजी हुन थालेको छ । पछिल्लो समय नेता गौतमलाई पार्टी उपाध्यक्ष र संगठन विभाग प्रमुख बनाउनु र कास्की-२ बाट उपनिर्वाचनको प्रस्ताव गरिनुलाई त्यसैको पूर्वाभ्यासका रूपमा हेर्नेहरू पनि छन् । राजनीतिक लाभ र हानिलाई हेरेर नवौँ महाधिवेशन अघिदेखि तत्कालीन एमालेमा ओलीको स्वास्थ्यलाई राजनीतिसँग जोड्ने प्रवृत्ति देखिएको नेकपा नेता प्रकाश ज्वाला बताउँछन् । "यसबीचमा अध्यक्ष ओलीको स्वास्थ्यबारे विभिन्न अड्कलबाजी, अनुमान र अपेक्षा गरिए । त्यसैसँग राजनीतिक समीकरण र रणनीति बनाइए," उनी भन्छन्, "मान्छेको स्वास्थ्यको के अनुमान हुन्छ र ? आज ठीक छ, भोलि के हुन्छ । त्यसैले नेताको स्वास्थ्य र राजनीतिलाई जोड्नु बेठीक मात्र होइन, अमानवीय पनि हो ।" ने

बेथिति

खोटो नियत

गैरन्यायिक हत्या छानबिनमा छलछाम

मनबहादुर बस्नेत

राज्यद्वारा निषेधित भूमिगत संगठन विप्लव समूहका सर्लाही इन्चार्ज कुमार पौडेल प्रहरीसँगको दोहोरो भिडन्तमा मारिए, ५ असारमा । त्यसको भोलिपल्ट राष्ट्रिय मानव अधिकार आयोगले छानबिन टोली बनाएको प्रेस विज्ञप्ति जारी गर्‍यो । हतारहतार अनुसन्धान टोली बनाएको डेढ महिनापछि बल्ल आयोगले इन्काउन्टरमा संलग्न भनिएका प्रहरीको बयान लिन थाल्यो । पहिलो दिन अर्थात् १५ साउनमा ६ जना प्रहरीको बयान लिएको थियो । तर भोलिपल्टै बयानको विवरण मिडियामा सार्वजनिक गरिदियो ।

अनुसन्धान नटुंगिउन्जेल गोप्य रहनुपर्ने बयान बाहिरिएपछि प्रहरी भोलिपल्ट पुनः आयोगको कार्यालय ढकढकाउन पुगे । प्रमुख आयुक्त अनुपराज शर्मा बिदामा रहेकाले आयुक्त गोविन्द शर्मा पौडेललाई प्रहरी अधिकारीले आफ्नो भनाइ बाहिरिएकामा आपत्ति जनाएका थिए । टोलीमा संलग्न एक प्रहरीका अनुसार पौडेलले समेत बयान विवरण सार्वजनिक भएकोबारे आश्चर्य प्रकट गरेका थिए । "आइन्दा यस्तो हुँदैन भनेर माननीयज्यूले भनेपछि हामी फर्कियौँ," ती प्रहरी अधिकारी भन्छन् ।

सर्लाहीको लालबन्दी जंगल छेउमा प्रहरीसँगको भिडन्तमा पौडेल मारिएको सरकार पक्षको दाबी छ । तर यो नक्कली भिडन्त भएको पौडेल परिवार र विप्लव समूहले दाबी गर्दै आएका छन् । सुरक्षा सूत्रअनुसार काठमाडौँबाट विशेष टोली बनाएरै पौडेललाई कारबाही गरिएको हो । नक्कली भिडन्तकै आशंकामा आयोगले समेत छानबिन थाल्यो । तर तीन महिना लाग्दासमेत टुंग्याउन सकेको छैन । बरु उल्टै बयान दिन आएकाको भनाइ सार्वजनिक गरिदिएर आफ्नै संहिता उल्लंघन गरिदियो । बयान दिन आउनेको गोपनीयता कायम राख्नु आयोगको मुख्य कर्तव्य हो ।

बयान सार्वजनिक भएकोबारे आयोगभित्र विवादसमेत देखिएको थियो । तर अहिलेसम्म महत्त्वपूर्ण सूचना बाहिर नगएकाले अबचाहिँ गम्भीर बन्नुपर्ने भनेर घटना सामसुम पारिएको आयोगका एक सदस्य बताउँछन् । आयोगका प्रवक्ता एवं सचिव वेदप्रसाद भट्टराई भन्छन्, "बयानका सबै बेहोरा बाहिरिएका होइनन् । चार पानामध्ये थोरै कुरा मात्र सार्वजनिक भयो । बाहिरिएका सबै कुरा सत्य होइनन् । बयान दिने, साक्षी सबैलाई आश्वस्त पारिएको छ । यसले अनुसन्धानलाई असर गरेको छैन ।"

तत्काललाई यो विषय साम्य भए पनि आयोगको विश्वसनीयतामा भने प्रश्न उब्जिएको छ । पीडित र पीडकको गोपनीयता, सुरक्षा

प्रत्याभूत गर्नु आयोगको दायित्व हो । तर बयान छरपस्ट हुँदा उनीहरूको सुरक्षामा समेत असर गर्ने हेक्का आयोगले राख्न सकेन । एक सदस्यले *नेपाल*सँग नाम उल्लेख नगर्ने सर्तमा भने, "बयान जहिले पनि गोप्य हुन्छ । पीडकको पनि अधिकार हुन्छ । बयानमा स्वीकारेको कुरा सार्वजनिक गर्नु आचारसंहिताविपरीत काम हो । यस्तो भएपछि आयोगमा उजुरी दिन, सूचना दिन को आउँछ ? मानिसले कसरी विश्वास गर्छन् ?"

असफल आयोग

विवादास्पद मृत्युका घटना छानबिन गर्ने मामिलामा आयोगले त विश्वास त गुमाइसकेको छ । खासगरी गैरन्यायिक हत्याको विषयमा आयोगले आफ्नो अडान र निष्कर्ष नै दिन सकेको छैन । पछिल्ला एक दशकमा दर्जनभन्दा बढी व्यक्ति हत्याका घटना भए पनि आयोगले त्यसमा छानबिन गरेर निचोड निकालेको छैन । सरकारलाई निर्देशन दिने त परको कुरा । पौडेल साँच्चै भिडन्तमा मारिएका हुन् वा राज्य पक्षबाट योजनाबद्ध हत्या भएको भन्ने आयोगले बोल्न सकेको छैन ।

आयोगको अकर्मण्यता पुष्टि गर्ने थुप्रै उदाहरण छन् । एक वर्षअघि मुठभेडकै नाममा भक्तपुरमा मारिएका थिए, बालक अपहरणकर्ताद्वय सिन्धुपाल्चोकका गोपाल तामाङ र नुवाकोटका अजय तामाङ । ११ वर्षे बालक निशान खड्कालाई अपहरणपछि मारेको आरोपमा तामाङद्वय महानगरीय अपराध महाशाखाको टोलीद्वारा मारिएका थिए । समातेपछि जंगलमा लगेर प्रहरीले हत्या गरेको भन्दै २३ साउन ०७५ मा मृतकका परिवार आयोगको शरणमा पुगेका थिए । उजुरीलगत्तै आयोगले पाँच सदस्यीय छानबिन समिति मात्रै बनाएन, उजुरी परेकै दिन महानगरीय प्रहरी आयुक्त कार्यालयका तत्कालीन आयुक्त प्रहरी नायब महानिरीक्षक (डीआईजी) मनोज नेउपानेलाई बोलायो । छानबिन समितिका प्रमुख एवं आयोगका सदस्य सुदीप पाठकबीच झन्डै एक घन्टा चर्को सवालजवाफ चलेको थियो ।

सुरुआती चरणमा सक्रिय देखिएको आयोगको अनुसन्धान पनि घटनामा खाटा बस्दै गएसँगै सेलाउन थाल्यो । वर्ष दिन नाघिसक्यो तर त्यो मुठभेड सक्कली थियो वा नियोजित भन्ने द्विविधामै छ, आयोग । आयोग यस्तो द्विविधामा रहेको लामै भइसक्यो । २१ फागुन ०७१ सालको चर्चित काण्डलाई आयोगले अझै फर्स्योट गरेको छैन । काठमाडौँ भीमढुंगामा प्रहरीमाथि गोली प्रहारपछि जवाफी कारबाहीमा मारिएको भनिएका दिनेश अधिकारी 'चरी' की प्रेमिका खुश्बु ओलीले दिएको उजुरी पनि आयोगमा निर्णय कुरेर बसिरहेको छ । गैरन्यायिक हत्या भन्दै छानबिनका लागि ओलीले आयोग गुहारेकी थिइन् । तर निष्कर्षै निस्किएन ।

बरु अर्को वर्ष यस्तै प्रकृतिको घटना दोहोरियो । ३ भदौ ०७२ सालमा काठमाडौँको बीचमै अर्का डन कुमार श्रेष्ठ 'घैंटे' लाई प्रहरीले मार्‍यो । प्रहरी योजनाको पूर्वाभास पाएरै हुन सक्छ, कुमारले आफ्नो जीवनरक्षाको माग गर्दै २७ असारमै आयोगमा निवेदन दर्ता गराएका थिए । निवेदनलाई आयोगले गम्भीर रूपमा लिएन । सम्बन्धित निकायसँग सोधीखोजीसमेत गरेन । परिणाम, डेढ महिनापछि कुमार प्रहरीकै हातबाट मारिए ।

त्यो आयोग, यो आयोग

एक दशक लामो हिंसात्मक माओवादी द्वन्द्वमा आयोगको उपस्थिति प्रभावकारी मानिन्थ्यो । नियन्त्रणपछिको हत्यालाई गैरन्यायिक र युद्ध अपराध मानेर आलोचना गर्दा मात्रै पनि त्यो अर्थपूर्ण हुन्थ्यो । द्वन्द्वकालका थुप्रै यस्ता घटनाबारे आयोगले आफ्नो आधिकारिक धारणा सार्वजनिक गर्थ्यो भने छानबिनका लागि सरकारलाई निर्देशन दिन्थ्यो । आफैँले छानबिन गरेर प्रतिवेदन सार्वजनिक गरिदिन्थ्यो ।

तर गणतन्त्र स्थापनापछि आयोग क्रमशः निष्प्रभावी बन्न थाल्यो । गणतन्त्रपछि मधेस आन्दोलन सुरु भयो । विशेष सुरक्षा नीति लगाएपछि त तराईमा सुरक्षाकर्मीको नियोजित दमन बढेको मधेसका मानव अधिकारवादी संस्थाले प्रतिवेदन नै तयार गरेका थिए । तर अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्थाले यस विषयलाई सशक्त रूपमा उठाए पनि आयोग मौन नै बस्यो । संयुक्त राष्ट्रसंघीय मानव अधिकारसम्बन्धी उच्च आयुक्तको कार्यालयले ०६५ देखि ०६८ को मधेस आन्दोलनमा २ सय ८१ गैरन्यायिक हत्या भएको र त्यसमा १ सय ३२ सुरक्षाकर्मी दोषी देखिएको रिपोर्ट सार्वजनिक गरेको थियो । आयोगले यस्ता घटनाबारे विज्ञप्ति निकाल्नेबाहेक केही गरेन ।

आयोगको यो प्रवृत्ति त्यसपछि समेत उस्तै रह्यो । गुन्डागर्दी पृष्ठभूमिकालाई प्रहरीले मुठभेडको आवरणमा मार्दा आयोगले मौन समर्थन गरिदियो । निचोड निकाल्न यतिका वर्ष लगाउनुको अर्को कारण देखिँदैन । यद्यपि आयोग सदस्य सुदीप पाठक भने कुमार घैंटे र तामाङद्वयको प्रकरणमा आयोग निचोडमा नपुग्नुको कारण ब्यालेस्टिक (गोली कति दूरीबाट हानिएको भन्ने) विज्ञ अभावलाई देखाउँछन् । चार वर्षसम्म आयोगले ब्यालेस्टिक विज्ञ नभेट्टाउनु आफैँमा आश्चर्यजनक लाग्छ ।

नेपालमा दुई जना ब्यालेस्टिक विज्ञ रहेकामा ए कजना अमेरिकातिर भएको र अर्काले अनुसन्धानमा सघाउन नमानेको सदस्य पाठक बताउँछन् । तर विदेशबाट यस्ता विज्ञ झिकाउने पहलसमेत आयोगले कहिल्यै गरेन । खर्च अभावमा त्यो बाटो अपनाउन नसकिएको पाठकले बताए पनि के-कति लाग्ने भन्नेबारे यकिन गर्न सकेनन्, न त कहिल्यै यो कामका लागि आयोगले सरकारसँग आर्थिक सहायताको विषय उठायो । आयोग प्रवक्ता भट्टराई यसअघि विदेशीले प्राविधिक सहयोग गरे पनि यो घटनामा त्यस्तो बाटो नपहिल्याएको सुनाउँछन् । भन्छन्, "भरसक स्वदेशकै जनशक्तिबाट काम लिन खोजेको हो ।" यसले आयोगको नियतमै प्रश्न उब्जाउने ठाउँ दिएको छ । ने

> बयानका सबै बेहोरा बाहिरिएका होइनन् । बयान दिने, साक्षी सबैलाई आश्वस्त पारिएको छ । यसले अनुसन्धानलाई असर गरेको छैन ।

– वेदप्रसाद भट्टराई
प्रवक्ता एवं सचिव, मानव अधिकार आयोग

(अ) सहमति

प्रेमको प्रशंसामा

भास्कर गौतम

प्रेम व्यक्तिविशेषको निजी अनुभव मात्र होइन। प्रेमसँग सामाजिक सम्बन्ध, मानवीय मनोभाव र स्वतन्त्रताको पक्ष जेलिएको छ। प्लेटोले भनेका थिए, 'जसले प्रेमलाई प्रस्थानबिन्दुको रूपमा लिँदैन, उसले कहिल्यै पनि दर्शनको प्रकृतिलाई बुझ्दैन।' प्रस्थानको रूपमा लिनु भनेको प्रेमलाई परिभाषित गर्न खोज्नु होइन। प्रेमलाई परिभाषित गर्न चाहने प्राज्ञले बुझ्नुपर्छ, जीवनका धेरै दिनचर्यामा उनीहरूका अनुभव पनि सामान्य मानिसका जस्तै हुन्। प्लेटोको आशयअनुसार प्रेमको हुरीले जसलाई पनि प्रभावित पार्न सक्छ। प्रेमको आवेगमा प्लेटोले मानव जातिको सार्वभौम अनुभव निहित भएको देखे। प्रेमको आवेग त्यस्तो मनोभाव हो, जसलाई उनी विचार भन्छन्। त्यहाँ शारीरिक आकर्षण मात्रै छ भने आकर्षित हुनेले नचाहे पनि त्यसतर्फको चाहनामा सौन्दर्यको विचार निहित छ। आकस्मिक भेटबाट सुरु हुने प्रेमावेग खास किसिमको यात्रामा रूपान्तरित हुने क्रममा त्यसले सार्वभौमिक मूल्य-मान्यतालाई स्वीकार्ने गर्छ। त्यसैले प्रेम सार्वभौम अनुभव हुन पुग्छ।

प्रेमलाई सदैव दुई किसिमको जोखिम हुन्छ। प्रेमको पहिलो जोखिम योजनाबद्ध विवाह हो। वैवाहिक संस्थाको धार्मिक आस्था, सामाजिक मूल्य-मान्यता तथा कानुनी थिति हुन्छ। विभिन्न किसिमको योजनाबद्ध विवाहमा प्रेममा जस्तो प्रभावशाली आकस्मिकता प्रायः हुँदैन। विवाह एक वा अर्को किसिमको तयारीसाथ आउँछ। विवाहमा सधैं मातापिताको निरंकुश चाहना र पारिवारिक प्रतिष्ठा बचाउने अभिप्राय नहुन सक्छ। तथापि विवाहले धेरै हदसम्म दुवै व्यक्तिको सुरक्षालाई प्राथमिकता दिन्छ। सो क्रममा प्रारम्भिक सहमतिद्वारा उत्पन्न हुने अनियमितता र संयोगवश हुने आकस्मिक भेटलाई योजनाबद्ध सिलसिलाले जित्छ।

प्रेमको दोस्रो जोखिम प्रेम अत्यावश्यक भावना होइन भन्ने बुझाइ हो। यस्तो बुझाइका केही पक्ष छन्। एउटा पक्षले प्रेमलाई यौनानन्द, कतिपय अवस्थामा उच्छृंखल सुखभोग र विभिन्न किसिमको सम्भावित मोजमस्तीको रूपमा हेर्छ। यस दृष्टिकोणको निहितार्थ प्रेममा बुनिएको तात्कालिक चुनौती र अर्को व्यक्तिको जीवनसँग गाँसिदा उत्पन्न हुने खाँटी अनुभवलाई नकार्नु हो।

दोस्रो पक्ष पहिलोसँग जोडिएर आएको आधुनिकता हो। कृषिप्रधान आर्थिक, सामाजिक संरचनामा भइरहेको परिवर्तनसँगै नेपाली समाज तीव्र गतिमा पुँजीवादी अर्थतन्त्रमा प्रवेश गरिरहेको छ। कृषि उत्पादनमा भइरहेको ह्राससँगै नेपाली श्रम वैश्विक पुँजीवादी अर्थतन्त्रको बजारमा संसारभर प्रतिस्पर्धामा छ, त्यो पनि सस्तो मूल्यमा। उत्पादन व्यवस्थामा भइरहेको परिवर्तनले प्रेम सम्बन्ध, वैवाहिक सम्बन्ध र पारिवारिक सम्बन्धमा ठूलो फेरबदल ल्याइरहेको छ। आर्थिक, सामाजिक संरचनामा भइरहेको परिवर्तनसँगै शारीरिक सुखभोगमा प्रवेश गर्ने तर प्रेममा निहित जोखिम नअँगाल्ने अभ्यासले समेत समाजमा स्वीकार्यता पाउँदै छ। प्रेम कतिपय अवस्थामा यौनभोग बनिरहेछ, जहाँ पारिवारिक तहमा परिणत नहुने समझदारी कायम छ। अन्य कतिपय अवस्थामा सजिलै पारपाचुके गर्ने अभ्यास स्वीकार्य बन्दै छ। नेपाली समाजमा हाबी रहेको ठिमाहा अर्थव्यवस्थासँग यस्तो अभ्यास बढिरहेछ।

समाजमा परिवर्तित सम्बन्धले प्रेमको चार आधारभूत आयामबारे सम्झना दिलाउँछन्। पहिलो, प्रेमको रोमाञ्चक व्याख्या हो। यस बुझाइले भावविभोर खुसी आपसी आकर्षणमा परिणत हुन्छ, जहाँ खास किसिमको मिलन हुने विश्वास गरिन्छ। यहाँ मनोभावबाट उत्पन्न सौन्दर्य आफैंमा सार्वभौम अनुभव हुने अपेक्षा गरिन्छ। प्लेटो यस्तो मान्यता राख्छन्।

दोस्रो, प्रेम हेर्ने प्रयोगवादी, उपभोग्य वा कानुनी दृष्टिकोण हो। यसले प्रेम अन्ततः खास किसिमको करारमा परिणत हुने विश्वास गर्छ। यहाँ दुई व्यक्तिले निश्चित बिन्दुमा पुगेपछि एकअर्काप्रतिको प्रेमलाई विधिवत रूप दिन्छन्। आपसी फाइदा, मनोवैज्ञानिक सन्तुष्टि र सामाजिक सम्बन्धका लागि खास व्यवस्थामा प्रवेश गर्न रुचाउँछन्। यस्तो समझदारीमा प्रवेश गर्दा प्रेमपूर्ण सम्बन्धमा रहेको आधारभूत समानतालाई नबिर्सने प्रण गर्छन्। सामाजमा हुने अधिकांश प्रेमविवाह मूलतः यस्तै मान्यतामा टिकेको विश्वास गरिन्छ।

तेस्रो, प्रेम भ्रम हो वा अन्ततः भ्रममा परिणत हुन्छ भन्ने दृष्टिकोण हो। यहाँ प्रेममा हुने परस्पर आकर्षणलाई सन्देहसाथ हेरिन्छ। यस्तो मान्यता राख्ने दार्शनिकमा जर्मनीका आर्थर सोपेनहावर अग्रपंक्तिमा पर्छन्। प्रेमले मूलतः प्रेमीलाई हासिल गर्ने चाहना राख्छ। तर प्रारम्भदेखि नै जसको सौन्दर्यमा कोही प्रेममा परेको हुन्छ, उसले आफ्नो आकर्षणले उस्तै परस्पर मायाको अपेक्षा राख्छ। एक उर्दू सायरले 'प्यार पाने मै नहीं पा जाने कि अरमाने मै हैं' भनेजस्तै कसैलाई हासिल गरेपछि आकस्मिक आवेगमा रहेको जुनून र मनोभाव उस्तै रहँदैन, न त प्रेमले अपेक्षा

प्रेमले तय गरेको निष्ठामा स्वतन्त्रता निहित भएकाले सामाजिक जडता हल्लाउने तागत राख्छ । त्यसैले प्रेमलाई बुझ्ने प्रयास गर्नु भनेको स्वतन्त्रतालाई समेत बुझ्नु हो ।

गरेको परस्परको सामन्जस्य उस्तै रहन्छ। त्यसैले सोपेनहावरजस्तै प्रेमलाई भ्रम मान्नेहरूको कमी छैन।

चौथो, प्रेमलाई यी कुनै पनि मान्यतामा सीमित गरिनु हुँदैन किनकि त्यो सत्यको खोज हो। फ्रान्सेली दार्शनिक एलेन बाडियो यस्तो मान्यता राख्छन्। उनले सत्यलाई अमूर्त रूपमा होइन, खास किसिमले ठम्याउन खोजेका छन्। जस्तो, आफ्नो मात्र नभएर अर्को व्यक्तिको दृष्टिकोणबाट हेर्ने प्रयास गर्दा संसार कस्तो देखिन्छ ? भिन्न दृष्टिकोण वा मूल्य-मान्यता भएको व्यक्ति सँगसँगै बाँच्दा, परिपक्व हुँदा र अनुभव गर्दा जीवन र जगत् कस्तो देखिन्छ ? यसरी प्रेममा एकाकार भएर संसारलाई नै भिन्न दृष्टिकोणबाट बाँच्न र हेर्न सिक्दा त्यसबाट यौनाकांक्षा वा सन्ततिको रहर अलग हुन्छ भन्ने होइन। भिन्न दृष्टिकोण पनि आफ्नो दृष्टिकोणमा गाभिँदा संसारलाई हेर्ने नजर प्रेममा परेको बिन्दुबाट अर्कै हुन्छ भन्ने हो। त्यसैले प्रेममा भावविह्वल भएपछि अर्को व्यक्तिको दृष्टिकोणबाट प्रेमीले संसार हेर्न सिक्छ। अर्को शब्दमा, प्रेममा परेपछि विभेद र भिन्नतालाई हेर्ने मान्यतासमेत परिवर्तन हुन सक्छ।

आधुनिक समाजमा प्रेम उच्च तहको मनोभाव भएकाले त्यो सामान्यतः विभिन्न चरणबाट गुज्रने विश्वास गरिन्छ। डेनमार्कका दार्शनिक सोरेन किर्केगार्डका लागि प्रेम अस्तित्वको तीन चरणबाट गुज्रन्छ। सौन्दर्यको तह पहिलो हो। यस तहमा प्रेम फगत यौनाकांक्षा र त्यस्तो आसक्ति दोहोरिरहने क्रममा हुन्छ। सुखभोगको स्वार्थ र त्यस्तो स्वार्थ पूर्ति गर्ने उत्कट अभिलाषाबाट व्यक्ति परिचालित हुन्छ। नीतिगत तह अर्को हो। यहाँ प्रेम चोखो वा वास्तविक हुन्छ। चोखो प्रेमले आफ्नै निष्ठा र गाम्भीर्यको सिर्जना गर्छ। त्यो विशिष्ट किसिमको प्रतिबद्धताबाट उत्पन्न हुने हुनाले प्रेम आफ्नै किसिमको निष्ठामा चल्छ। अन्ततः यदि वैवाहिक मूल्य-मान्यताले प्रेमलाई औपचारिकता दिए नीतिगत तहको उच्चतम स्वरूपले धार्मिक तह हासिल गर्न सक्छ। यहाँ विवाहलाई केवल आपसी सामाजिक सम्बन्धलाई मजबुत बनाउने संस्थाको रूपमा मात्र कल्पना गरिएको छैन, जहाँ प्रेमले नयाँ स्वरूप ग्रहण गर्छ। त्योभन्दा भिन्न दृष्टिकोण राख्दै विवाहलाई त्यस्तो संस्थाको रूपमा कल्पना गरिएको छ जहाँ वास्तविक प्रेम आफ्नो आधारभूत लक्ष्यमा पुग्न सफल हुन्छ।

प्रायः अवस्थामा प्रेमीहरूले एकापसमा एकाकार नहुने सम्भावना त्याग्नु अर्को चरण हो। कति प्रेमीले एकअर्कालाई हासिल गर्न धर्म त्याग्छन्। कतिपय अवस्थामा प्रेमीलाई पाउन सुविधा त्याग्छन्। यस्तो गरिरहँदा धेरै प्रेमीले आपसी मिलनका लागि प्रारम्भदेखि नै विशिष्ट जोखिमलाई आमन्त्रणा दिन्छन्। यी सबै अवस्थामा प्रेमले आपसी निष्ठा र विश्वासको बाटो स्वयं तय गर्छ। त्यसो गरिरहँदा प्रेमले धेरै अवस्थामा धर्मभेद, वर्गभेद, जातिभेद र उमेरभेदलाई अस्वीकार गर्छ। विद्यमा विभेद बलशाली रहेको अवस्थामा प्रेमीलाई थाहा हुन्छ, परिवार र गाउँ-समाजले उनीहरूलाई सहजै स्वीकार्दैन। सम्भवतः अस्वीकार गर्छ। यस्तो अवस्थामा धेरै प्रेमीको प्रेम विशिष्ट किसिमको 'वान वे' मा प्रवेश गरेजस्तै हो। त्यस्तो 'वान वे' जहाँबाट पछाडि फर्किन सम्भवः छैन, अगाडि कहाँ पुगिने हो, थाहा हुन्न। तथापि प्रेमीलाई के थाहा हुन्छ भने विवाहमार्फत एकअर्कामा समाहित भएर एकअर्काको दृष्टि अँगाल्दै जीवन र जगत्लाई सँगै भोग्ने, अनुभव गर्ने र अन्ततः आधारभूत लक्ष्य हासिल गर्ने सम्बन्धमा उनीहरू प्रवेश गर्ने हो। यसो गरिरहँदा प्रेमीहरूको नीतिगत निष्ठाले उच्च तहको मनोभाव हासिल गरिरहेको हुन्छ।

प्रेममा निहित शक्तिले नै प्रेम र स्वतन्त्रताबीच अन्योन्याश्रित सम्बन्ध छ। प्रेममा स्वतन्त्रताको भ्रुण र परिवार तथा समाजसँग विद्रोह गर्ने शक्ति भएकाले त्यसमा निहित स्वतन्त्रता कुनै व्यक्तिविशेषको अनुभवमा मात्र सीमित हुँदैन। प्रेम अन्य सामाजिक सम्बन्धसँग जेलिएकाले निजी अनुभव मात्र होइन। प्रेम भौतिक संसारमा घटित हुन्छ। प्रेम अन्य सामाजिक सम्बन्धबाट प्रभावित हुन्छ र ती सम्बन्धलाई समेत यसले प्रभावित गर्छ। यही सांसारिक स्वतन्त्रताले प्रेमलाई नैतिक कसीमा बाँध्छ। प्रत्येक सांसारिक स्वतन्त्रताले प्रेमलाई खास किसिमको परिस्थितिजन्य वास्तविकतामा समेत ढाल्न खोज्छ। तर प्रेमले तय गरेको निष्ठामा स्वतन्त्रता निहित भएकाले सामाजिक जडता हल्लाउने तागत यसले राख्छ। त्यसैले प्रेमलाई बुझ्ने प्रयास गर्नु भनेको स्वतन्त्रतालाई समेत बुझ्नु हो। ने

विदेशी

बालयौन दुराचार अभियोगमा पक्राउ विदेशी

तस्बिरहरू : नेपाल प्रहरी

ीको अपराध भूमि

नेपालमा एकपछि अर्को अपराधकर्ममा विदेशी संलग्नता

योगेश ढकाल

● १३ भदौ ०७६ साढे २ बजे चिनियाँ टोली काठमाडौं ओर्लियो, चीनबाट। चिनियाँको स्वागतका लागि नेपाली टोली पनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगिसकेको थियो। चिनियाँलाई निजी गाडीमै लैजान नेपाली टोलीको तयारी थियो। तर चिनियाँ टोली एउटा गाडीमा नअटेपछि ट्याक्सी खोजियो। चिनियाँलाई नेपाली टोलीले सीधै ठमेल पुऱ्यायो। पर्यटन मौसम सुरु भइसकेकाले चिनियाँ अनुहार आउँदा पर्यटक सोचेका थिए, देख्नेले पनि।

भोलिपल्ट १४ भदौ मध्याह्न विभिन्न बैंकका एटीएमबाट ३ करोडभन्दा बढी रकम निकाल्ने एउटा चिनियाँ टोली पक्राउ पऱ्यो। त्यसको पत्तो बैंकको सुरक्षा संयन्त्र र प्रहरी प्रशासनले पाइसकेको थिएन। सुरक्षा र सूचनाको कमजोरीले उक्त चिनियाँ टोली काम फत्ते गरेर १६ भदौमा फर्किने योजनामा थियो।

संयोगले प्रभु बैंकका कर्मचारीले पत्तो पाए, बैंकका एटीएममा गडबडी भइरहेको। ती कर्मचारीले तत्कालै प्रहरीलाई खबर गरे। समयमै प्रहरी सक्रियताले बैंकबाट रकम निकाल्ने चिनियाँ टोलीमध्ये ५ जना पक्राउ परे। आखिरमा पोल खुल्यो, बैंकबाट रकम झिक्ने त्यो ह्याकरको समूह सोही चिनियाँ टोली रहेछ। त्यसपछि सोचमग्न बनायो- के एक दिनको अन्तरमै यति ठूलो ह्याकिङ प्रकरण सम्भव थियो ? सम्भव नमान्ने हो भने नेपालको सुरक्षासम्बन्धी सूचनाको कमजोर पाटो यहींनेर खोतलिन्छ।

सूचना र डाटाबेस प्रणालीलाई त १३ भदौको एक साताअघि अर्थात् ७ भदौ ०७६ सालको घटनाले गिज्याइदिन्छ। उक्त दिन टर्किस एयरलाइन्स इस्तानबुल जान लागेको थियो, त्रिवि विमानस्थलबाट। उडान समयमै हल्लाखल्ला भयो, यात्रुको सामान चोरिएको भनेर। विमानभित्र यात्रुको सुन र नगद चोरिएको हल्ला हुनेबित्तिकै सुरक्षा निकाय सक्रिय भयो र दुई जना पक्राउ परे पनि। चोरी प्रकरणमा पक्राउ पर्नेमा पनि चिनियाँ नागरिक नै थिए, क्वु वेई र हु झिङफोङ।

● १८ वैशाख ०७६ मा यस्तै घटना पर्दाफास भइदियो, एम२९८१९८३५ नम्बरको राहदानीवाहक दक्षिण कोरियाली महिला नारा किमको। नाराको नेपाल आउजाउ क्रम निकै थियो, पर्यटकका रूपमा। र, उनको बसाइ पोखरामा बढी हुन्थ्यो। त्यही बसाइले जुराइदियो एक जना मगर परिवारको बच्चा नाराका लागि। नारा बच्चा लिएर कोरिया जाने योजनामा पनि थिइन्। त्यही उद्देश्यले बच्चाको नाम राखियो- किम छानोराङ।

पूर्वी रुकुमको मगर परिवार पोखरामा मजदुरी गर्दै आएको थियो। त्यो परिवारसँग सम्बन्ध बनाएर नाराले हरिचोकस्थित जिनो अस्पतालबाट जन्मदर्ता प्रमाणपत्र र पोखरा महानगरपालिकाबाट सिफारिस बनाइन्। त्यही कागजातका आधारमा ६ महिने ती बच्चाको राहदानी पनि बनाइदिइन्। ती महिला पनि फन्दामा परिन्, बच्चाको अनुहार नमिलेपछि। अध्यागमन विभागका कर्मचारीले त्यही अनुहारका आधारमा शंका गरेर थालेको अनुसन्धानले गलत पुष्टि मात्रै गरेन, धर्मपुत्र-पुत्रीका नाममा मौलाएको धन्दाको पर्दा पनि खोलिदियो। काठमाडौं जिल्ला अदालतले नारालाई पुर्पक्षका लागि केन्द्रीय कारागार पठाइदिएको छ, २३ जेठ ०७६ मा।

यी **दुई घटनाले एकै पटक दुई तथ्यको** पर्दा उघाऱ्यो। पहिलो, विदेशी नागरिकको शृंखलाबद्ध बदमासी र अपराधकर्म। दोस्रो, नेपालको सुरक्षा प्रणाली, सूचनाको सहज पहुँच र कमजोर निगरानी। घटनामा दोषी पक्राउ परे भनेर उम्किन सकिएला तर नेपालको सुरक्षा र सूचना प्रणाली कमजोर छ भन्ने बुझ्नै निरन्तर अपराधकर्ममा जुट्न विदेशी प्रोत्साहित भइरहेका छन्।

पूर्वडीआईजी हेमन्त मल्लको भनाइमा नेपालमा कस्ता मान्छे आउँदै छन् भन्ने जानकारीसमेत नहुँदा अपराधकर्ममा संलग्नहरू सहजै प्रवेश पाउँछन् र अपराधमा लाग्छन्। अनि, आएकामाथि पनि निगरानी नहुँदा अपराधमा

नेपाल प्रहरी

विभिन्न बैंकका एटीएम काउन्टरबाट रकम निकाल्ने क्रममा १४ भदौमा पक्राउ परेका चिनियाँ नागरिक

सहजै जोडिन सक्छन् । आखिर १३ भदौको घटनाले विमानस्थल जाँचको प्रवृत्ति र संयन्त्रको फुक्काफाल प्रवृत्ति अनि बैंकहरूको आन्तरिक सुरक्षाको खेलाँची पनि उदांगो भइदियो । अर्को पनि तथ्य देखाइदिन्छ, विदेशी नागरिकका अपराधकर्मको उकालिँदो ग्राफले । जस्तो, बैंकिङ अपराधका क्रममा चिनियाँ मात्र होइन, बुल्गेरिया, टर्की र उत्तर कोरियाका नागरिकसम्म संलग्न भेटिन्छन् ।

विदेशीका बहुरूप

डेढ वर्षपहिला अर्थात् २४ चैत ०७४ मा हाई-प्रोफाइलका व्यक्ति पक्राउ परे, बालयौन दुराचारको अभियोगमा । काभ्रेको मण्डन देउपुरस्थित चीनकाजी महर्जनको घरमा पक्राउ परेका पिटर जोन डाल्गलिसले युएन ह्याबिटाटको अफगानिस्तान प्रतिनिधि भएर सन् २०१० देखि २०१४ सम्म ४ वर्ष बिताएका थिए । विश्व स्वास्थ्य संगठनको सल्लाहकार भएर लाइबेरिया र विश्व खाद्य कार्यक्रममा डार्फरमा समेत काम गरेका यी क्यानेडियन ३ वटा मानार्थ विद्यावारिधि प्राप्त हुन् ।

स्ट्रिट किड्स इन्टरनेसनलका संस्थापक रहेका उनले गरिबी र अभावको फाइदा उठाई बालबालिकालाई पढाइदिने, विदेश घुमाइदिने, जागिर लगाइदिनेजस्ता प्रलोभन दिएर यौन शोषण गरेको तथ्य खुल्छ । त्यही अभियोगमा

अदालतले उनलाई २३ वैशाख ०७५ मा जेल पठाएको हो ।

५ माघ ०७५ मा बेलायती नागरिक रोबर्ट कोले समातिए, बालयौन दुराचार अभियोगमा । कालीमाटीस्थित सुविधासम्पन्न अपार्टमेन्टको चौथो तलामा बस्थे, ५१११२३६५९ नम्बरको राहदानीवाहक रोबर्ट । उमेरले ५० वर्ष कटेका रोबर्टको चालढाल, आवतजावत, बोलीव्यवहारले अपराधकर्ममा संलग्न छन् भन्ने शंका गर्ने ठाउँ दिन्थेन । रोबर्टको पोल खुल्नेबित्तिकै नेपाल प्रहरीले ५ माघ ०७५ मा बिहान ४ बजे नै अपार्टमेन्टबाट पक्राउ गऱ्यो । रोबर्टलाई २ नेपालीले साथ दिएको तथ्य पनि त्यही पक्राउमा खुल्यो । ३ जना पीडित बालकलाई उद्धार पनि गरियो ।

रोबर्ट नेपालभित्र लुकीछिपी बालयौन दुराचारमा संलग्न एक्लो विदेशी नागरिक होइनन्, न त पछिल्लो नै । रोबर्ट पक्राउ परेको २ महिना मात्रै बितेको थियो, २८ चैत ०७५ मा फ्रान्सेली नागरिक जर्ज सिमानस्काई ठमेलबाट समातिए, सोही अभियोगमा । १३ डीडी ८०५७१ नम्बरको फ्रान्सेली राहदानीवाहक ६९ वर्षीय जर्जको नेपाल यात्रा फगत बालयौन दुराचारका लागि थियो । पिटर, रोबर्ट र जर्जको उदाहरणले हाइप्रोफाइल र विकसित देशका नागरिक पर्यटक मात्र बनेर आउँदैनन् भन्ने पुष्टि गर्न काफी भइदियो ।

२ वर्षयताको प्रहरी रिपोर्टलाई आधार मान्ने हो भने पनि १२ जनाभन्दा बढी विदेशी नागरिक बालयौन दुराचारमा संलग्नताको आरोपमा पक्राउ परे । केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का प्रवक्ता दीपक रेग्मीको भनाइमा फ्रान्स, जर्मनी र क्यानडालगायत देशका नागरिक बालयौन दुराचारमा बढी संलग्न देखिन्छन् ।

०७६ साउन तेस्रो साता डिल्लीबजार कालिकास्थानस्थित अध्यागमन विभाग पुगिन्, ५६०७९३४०२ राहदानीवाहक बेलायती महिला डोना स्मिथ । आमाछोरीको भिसाका लागि विभाग पुगेकी स्मिथ निकै हतारोमा देखिइन् । विभागका कर्मचारी स्मिथसहित अन्य विदेशी नागरिकको कागजात जाँचिरहेका थिए । स्मिथको हतारो, बच्चासँगको व्यवहार सहज थिएन । अस्वाभाविक चालचलनले विभागका कर्मचारीलाई स्मिथप्रति शंका उब्जायो । स्मिथसँग बच्चाको व्यवहार थप पुष्टि गरिदिने खाले थियो । त्यहीँबाटै विभागका कर्मचारीले शंकाको सुई स्मिथमाथि घुमाए र अनुसन्धानमा ताने । आखिरमा स्मिथ अवैध रूपमा बच्चा बेलायत लैजाने प्रयासमा रहेको पुष्टि भयो ।

ललितपुर महालक्ष्मी नगरपालिकाका रामप्रसाद श्रेष्ठको घरमा उक्त बच्चा जन्माएको दाबी गरेकी स्मिथले तयार पारेका सबै कागजात

प्रमुख देश

५६४ २०१८

चीन **३५७**

अमेरिका **४२**

बेलायत **११**

पाकिस्तान **१६**

१७३ २०१९

चीन **१०९**

अमेरिका **१२**

बेलायत **६**

पाकिस्तान **५**

नेपाली जेलमा विदेशी कैदी

भारत	३७३	रूस	५
पाकिस्तान	१८	सोमालिया	३
भुटान	१६	जर्मनी	२
चीन	११	फ्रान्स	२
बंगलादेश	१०	अमेरिका	१

विदेशीको नेपाल धन्दा

विदेशी नागरिकका अपराधकर्मको उकालिँदो ग्राफ

१२ सय विदेशी जेलमा, ६ सय देश निकाला

अपराधका प्रकृति

- बालयौन दुराचार
- चोरी
- लागूऔषध
- जाली मुद्रा
- जाली भिसा
- विदेशी विनिमय
- सुन चोरी-पैठारी
- हातहतियार तथा खरखजना
- खोटा चलन
- कागजात नभएका
- ओभर स्टे
- शरीर बन्धक
- अपहरण तथा शरीर बन्धक
- अप्राकृतिक मैथुन
- अवैध हुन्डी कारोबार
- ठगी
- दूरसञ्चार
- मानव बेचबिखन
- अखेटोपहार ओसारपसार
- सरकारी छाप दस्तखत किर्ते
- भिसा उद्देश्यविपरीत कार्य

स्रोत : गृह मन्त्रालय, केन्द्रीय अनुसन्धान ब्युरो, अध्यागमन विभाग

पनि नक्कली भेटिए। १६ असार ०७६ मा पहिलो पटक नेपाल आएकी स्मिथ दोस्रो पटक ११ साउन ०७६ मा आइन्, बच्चा लिन। यसको चाँजोपाँजो नेपाल बाल संगठनका कर्मचारीले मिलाएका रहेछन् भन्ने तथ्य सार्वजनिक भएको मात्रै के थियो, त्यसमा बेलायती दूतावास पनि तानियो। दूतावास शंकामा तानिनुमा स्मिथको भनिएको बच्चा, जुन आन्ना बेल लक्ष्मी श्रेष्ठ स्मिथको नाममा उसैले ७९२१५९३१४ नम्बरको राहदानी दिएको थियो। दूतावासले ख्याल गरेको हुन्थ्यो भने ११ साउनमा काठमाडौं आएकी स्मिथले कसरी १२ साउनमा बच्चा जन्माउन सम्भव भयो ? बच्चाको जन्मदर्ता प्रमाणपत्रले बोल्छ, १२ साउनमा बच्चा जन्मिएको।

नेपालमा थुप्रै विदेशी नागरिक अपराधकर्ममा संलग्न छन्। अध्यागमन विभागको तथ्यांकलाई मात्रै आधार मान्दा पनि विभिन्न अपराधकर्ममा संलग्न भएबापत गत वर्ष मात्रै ६ सय ३८ विदेशी देश निकालामा परे। नेपालका जेलमा करिब १२ सय विदेशी छन्। चिनियाँ नागरिक सुन तस्करीमा बढी संलग्न देखिन्छन् भने भारतीय दूरसञ्चार सेवाको अवैध सेवा अर्थात् कल बाइपासमा। ती भारतीय नागरिकलाई साथ दिनेमा बंगलादेशी हुन्छन्। प्रहरीकहाँ भारतीयको संख्या निकै देखिन्छ तर विभागको तथ्यांकमा चिनियाँ। यसो हुनुमा भारतीयलाई भिसा नलाग्ने भएकाले विभागसम्म पुग्दैनन्। तर चोरी, लुटपाटदेखि कल बाइपासजस्ता अपराधकर्ममा भारतीयको उल्लेख्य संख्या छ।

नेपाल आउने विदेशी विभिन्न २३ प्रकारका अपराधकर्ममा संलग्न हुने गरेको भेटिएको छ। सीआईबीका प्रवक्ता रेग्मीको भनाइमा बालयौन दुराचार, बैंकिङ कसुर, लागूऔषधजस्ता अपराधकर्ममा बढी संलग्न छन्। "यस्ता अपराधकर्ममा खासगरी युरोपेली देशका नागरिक संलग्न देखिएका छन्," रेग्मी भन्छन्, "भारत, चीनबाट आउनेहरू पनि अन्य विभिन्न अपराधकर्ममा संलग्न भेटिन्छन्।"

अहिले बैंकिङ अपराधकर्ममा चिनियाँ नागरिक जोडिनु एक वर्षअघि उत्तर कोरियाली लजारस समूहले नेपालको एनआईसी एसिया बैंकको रकम लगेको थियो। त्यसको एक वर्ष पहिले २० भदौ ०७४ मा टर्किस नागरिक एक्रेम अर्मान्सी पनि एटीएमबाट रकम झिक्ने क्रममै पक्राउ परेका थिए। उनी दरबारमार्गको नेपाल इन्भेस्टमेन्ट बैंकको एटीएम शाखाबाट रकम निकाल्न संलग्न थिए। त्यो अभियोग सदर गर्दै उच्च अदालत पाटनले १३ कात्तिक ०७४ मा जेल चलानको आदेश दियो।

बुल्गेरियाली मिट्को स्टोयानोभी ठमेलको बुद्ध होटलको कोठा नम्बर ५०५ मा बस्थे।

> "विकसित देशका नागरिकलाई तेस्रो विश्वका देशका मानिसलाई सहजै पैसामा प्रभाव पार्न सकिन्छ भन्ने विश्वास छ।"
>
> **– हेमन्त मल्ल**
> पूर्वडीआईजी

उनी कुन प्रयोजनका लागि आएका थिए भन्ने प्रस्ट खुलेको थिएन। होटलले पनि चासो दिएको थिएन। तर नक्कली भिसा कार्डमार्फत नेपाल इन्भेस्टमेन्ट बैंकको ठमेल शाखाबाट रकम झिक्न लाग्दा स्टोयानोभी बच्न सकेनन्।

सुन तस्करीकै कुरा गर्दा चिनियाँ नागरिक छुट्दैनन्। २८ चैत ०७५ कै सन्दर्भ लिन सकिन्छ। उक्त दिन ३ जना चिनियाँ नागरिक ३ किलो सुनसहित पक्राउ परे। चीनको कुनमिङबाट सीधै काठमाडौं ओर्लेका झ्याङ झियाङ, माओ इन्गुवा र माओ फुमिङले मलद्वारमा सुन लुकाएर ल्याएका थिए। यहीसँग मिल्दोजुल्दो थियो, १९ साउन ०७६ को घटना। हङकङबाट काठमाडौं आएको ड्र्यागन एयरको फ्लाइट नम्बर केए१०४ बाट ४ किलो सुनसहित चिनियाँ नागरिक लि निङ जी पक्राउ परे। प्रहरीको तथ्यांक हेर्दा पनि साइबर अपराध, बैंकिङ कसुर र सुन तस्करीमा चिनियाँको संलग्नता देखिन्छ।

विदेशीहरू बैंकिङ कसुर, धर्मपुत्र-पुत्रीको व्यापार मात्र होइन, धर्म प्रचारमा पनि संलग्न छन्। खासगरी विद्यार्थी र पर्यटक भिसामा आउने जापानी तथा कोरियाली धर्म प्रचारमा संलग्न हुन्छन्। १८ कात्तिक ०७५ मा

भीआईपी कान्ड

विदेशी नागरिकले नेपालमा मच्चाएका तहल्का पछिल्ला तीन उदाहरण, जो भीआईपी घटनाका रूपमा पनि परिचित छन्। तिनले नेपालको सुरक्षा संवेदनशीलता र संयन्त्रमाथि प्रश्न उठाइदिए। जस्तो, ०६० मा काठमाडौंमा पक्राउ परेका फ्रान्सेली नागरिक चार्ल्स शोभराज। शोभराजमाथि ६ पुस ०२६ मा क्यानेडियाली नागरिक लोरेन्ट क्यारियरको हत्या गरी मनोहरा खोलामा फालेको अभियोग छ।

शोभराजको चर्चित भनाइ छ, नेपालको विमानस्थलबाट हात्ती पनि छिराइदिन्छु। दशक पुरानो शोभराजको त्यो भनाइ सुरक्षा प्रणाली हेर्दा अहिले पनि सान्दर्भिक लाग्छ। अर्को घटना, भारतीय नागरिक मनमित सिंह सुन्धारास्थित केन्द्रीय कारागारमा छिर्न मात्र होइन, कैदीलाई गोली हान्नसमेत सफल भए। नक्कली भारतीय नोटको कारोबारमा संलग्नताको अभियोगमा जेल परेका युनुस अन्सारीमाथि २६ फागुन ०६७ मा सिंहले गोली दागे। नेपाली जेलको दुर्दशा देखाउन काफी थियो, यो घटना।

त्यति मात्र होइन, बंगलादेशी नागरिक तथा कांग्रेस नेतृ सुजाताका ज्वाइँ रुबेल चौधरीमाथि कल बाइपास मुद्दा जोडियो। ०६७ चैतमा चितवनमा पूर्वयुवराज पारस शाहसँग झगडा भएपछि चौधरीको धन्दा खुलेको हो। तर त्यो मुद्दा त्यत्तिकै सेलायो। रत्नपार्क नजिकैको घन्टाघरअगाडि इस्लामिक संघ नेपालका महासचिव फैजान अहमदको हत्यामा भारतीय अन्डरवर्ल्डसँग बब्लु भनिने त्रैलोक्यविक्रम सिंह समूहको संलग्नता देखियो। अर्थात्, विदेशी जोडिएका यी भीआईपी घटनाले नेपाली कानुन र प्रवृत्ति उदांगो पारिरहेका छन्।

फाइल

मनमित सिंह

चार्ल्स शोभराज

रूपन्देहीमा यासुको ओवा र मारी इक्युरा दुई जापानी नागरिक पक्राउ परे । बुटवल मोतीपुर क्षेत्रको सुकुम्बासी क्षेत्रमा क्रिस्चियन धर्म प्रचारमा भेटिए । त्यही बेला प्रहरीले पक्राउ गऱ्यो र देश निकालामा परे । जापानी र कोरियाली मात्र होइन, अमेरिकी नागरिक पनि दाङमा भेटिए, धर्म प्रचारमा क्रममा । असार ०७६ मा पक्राउ परेका सिन क्यान्टा ओलिएना मेसँगै भारतीय गौरव श्रीवास्तव पनि समातिए । दाङ प्रहरीले त ती अमेरिकी नागरिकलाई १० वर्ष नेपाल प्रवेशमा रोक लगाउन प्रस्ताव गरेको थियो ।

नेपालमा उज्वेकिस्तानका युवती आउँछन् भन्ने पोल खुलेको धेरै भएको छैन । अध्यागमन विभागका अनुसन्धान अधिकृत बैकुण्ठराज रेग्मीको भनाइमा पछिल्ला दिनमा उज्वेकिस्तानी युवतीको संख्या बढ्न थाले पनि किन आउँछन् भन्ने खुल्दैन । यद्यपि उज्वेकिस्तानी युवती नेपाल मात्र होइन, यहीँको बाटो भएर भारतसम्म पुग्ने र ओभर स्टेपछि नेपाल हुँदै फर्किने गरेका छन् । यही वर्ष विभागले ५ उज्वेकिस्तानी युवतीलाई देश निकाला गरेको छ । ती ५ जना ओभर स्टे भएका र नक्कली भिसा टाँस गर्नेहरू थिए ।

विभागमा परेको ठाडो उजुरीकै आधारमा गरिएको अनुसन्धानमा कोरियाली बुङमो हाङ हामाथि छानबिन भयो । छानबिनले पुष्टि गऱ्यो, उनी ठगी धन्दामा संलग्न भएको । त्यही आधारमा डेढ महिनाअघि अर्थात् १ साउनमा देश निकालामा परे । पोल्यान्डका मार्सिन कोराल वाल्कलाई राहदानीबिना नेपाल बसेको अभियोगमा पोखरामा प्रहरीले पक्राउ गरेको थियो । अनुसन्धानमा राहदानी नम्बर एक्स ०८७१०३९ भेटियो तर राहदानी भेटिएन । विभागले १० साउन ०७६ मा देश निकालाको निर्णय गरिदियो । यही हविगत भोगिन्, बेलायती अमन्दा क्रिस्टीले । ५२७७२९८०१ नम्बरको राहदानीवाहक बेलायती नेपालमा ओभर स्टे थिइन् । ६ हजार अमेरिकी डलर तिरिन्, जरिवानाबापत क्रिस्टीले । विभागले १६ साउन ०७६ मा बेलायत पठाइदियो ।

बंगलादेशका मोहम्मद सैल कविरलाई ४ वर्ष पहिले वीरगन्जमा कल बाइपासको धन्दा सुरु गर्न लागेकै बेला प्रहरीले समात्यो । अनि ४ वर्ष जेल जीवन बिताएपछि एक महिना पहिले अर्थात् १९ साउनमा देश निकालामा परे । विदेशीका अनेक धन्दामा संलग्न कथाको फुर्को जोडिन आइपुग्छ, डेनिस नागरिक मथुरी मेकाइल चुफो । उनी बालयौन दुराचारमा संलग्न थिए । काठमाडौं मूलपानी क्षेत्रमा बसेर धन्दा चलाएको सूचनाका आधारमा उनी विभागबाट देश निकालामा परे, १९ साउनमा ।

> हामी बायोमेट्रिक्स सफ्टवेयर प्रणाली लागू गर्ने तयारीमा छौं । त्यसपछि धेरै समस्या समाधान हुन्छन् ।
>
> **– रामचन्द्र तिवारी**
> निर्देशक, अध्यागमन विभाग

नेपाल ट्रान्जिट

नेपाल पछिल्लो दिनमा अपराधकर्मसँगै मानव तस्करीको जालोसँग जोडिएको छ । द्वन्द्वग्रस्त मध्यपूर्वका देशसहित इरानलगायत मुलुकका नागरिकलाई नेपालको बाटो हुँदै युरोप र अमेरिका लैजान थालेका छन्, मानव तस्करले । तिनले काठमाडौं अन्तर्राष्ट्रिय विमानस्थललाई सुरक्षित र भरपर्दो ट्रान्जिटका रूपमा प्रयोग गरिरहेको तथ्य एक वर्षमा यस्तै मुद्दामा २४ भन्दा बढी इरानी देश निकाला हुनुले पुष्टि गर्छ । इरानीले काठमाडौं विमानस्थलमा प्रयोग गर्ने युरोपेली देशको नक्कली राहदानीको संख्याले पनि मानव तस्करको तारो काठमाडौं भएको देखिन्छ ।

इरानीलाई काठमाडौं अन्तर्राष्ट्रिय विमानस्थलबाट फ्रान्स, स्पेन इटाली, ग्रिस, पोल्यान्ड, पोर्चुगल, फ्रान्सदेखि दक्षिण अमेरिकाको मेक्सिकोसम्म पुऱ्याउने गरेको तथ्य छन् । र, ती मानव तस्करले पहिला प्रयोग गर्ने भारत-बैंकक-अबुधावी-युरोप रुट परिवर्तन गरेर बैंकक-काठमाडौं-चीन-युरोप



कल बाइपासमा संलग्न भारतीय नागरिकसम्बन्धी प्रहरीले तयार गरेको दस्तावेज

बालयौन दुराचार अभियोगी



इयान रोबर्ट कोल

पिटर जोन डालगालिस

अल्बर्ट फ्रेड क्लिनिकी

तस्बिरहरू : नेपाल प्रहरी

नयाँ रुट बनाएका छन् । पछिल्ला दिनमा विकसित यो रुटको तथ्य बुझ्न इरानी महिला इब्राहिमी इरमियाको घटना नियाल्दा पुग्छ। इब्राहिमीको साथमा इटालीको नक्कली राहदानी रहेको पुष्टिपछि चीनले १ चैत ०७५ मा नेपाल फिर्ता पठाइदियो । काठमाडौंबाट कुनमिङ उडेकी इब्राहिमी कुनमिङबाट काठमाडौं फिर्ता भएलगत्तै अध्यागमन विभागले पक्राउ गर्दा मानव तस्करको विकसित रुटबारे तथ्य सार्वजनिक भयो ।

इब्राहिमी चीनको कुनमिङबाट फ्रान्स जाँदै थिइन्। उनी बैंककबाट २८ फागुन ०७५ मा काठमाडौं ओर्लिएकी थिइन् । ब्लु होराइजन होटलमा बसेकी इब्राहिमी ३ दिनपछि चाइना साउथ वेस्टर्न एयरबाट कुनमिङ हान्निइन् । ४ हजार अमेरिकी डलरमा इटालीको नक्कली राहदानी खरिद गरेको बताएकी इब्राहिमी त्यसरी युरोप जाने नयाँ र एक्लो इरानी नागरिक थिइनन् ।

पछिल्ला दिनमा इरानीहरू टर्कीबाट बैंकक हुँदै काठमाडौं आउँछन्। गृह मन्त्रालय स्रोतका अनुसार त्यसरी आउने इरानीमध्ये कतिपयले टर्कीमै युरोपेली देशको नक्कली राहदानी खरिद गर्छन् र नेपालसम्म आइपुग्छन् । अनि कतिपयले बैंककमा आएर खरिद गर्छन् । तर नेपालसम्म आइपुग्दा भने इरानी राहदानी नै प्रयोग गर्छन् । जब नेपाल छाड्ने बेला हुन्छ, उनीहरू खरिद गरिएको राहदानीबाट उड्छन्। १० फागुन ०७५ कै घटनाले पनि त्यही पुष्टि गर्छ। उक्त दिन युरोप छिर्ने अभियानमा नेपाल आएका ३ इरानी देश निकाला गरिए। १४ पुस ०७५ मा पक्राउ परेका मोहम्मद नाज्मी, उनकी पत्नी आतेफ र छोरा अमिन इस्ताकरलाई गृह मन्त्रालयले ५ वर्षका लागि निष्कासनको निर्णय गरेको थियो। अनुसन्धानका क्रममा उनीहरूले ५ हजार युरोमा ग्रिस र इटालीको राहदानी खरिद गरेका थिए । र, भारतबाट नेपाल भने स्थलमार्गबाटै आएका थिए ।



न्युयोर्क टाइम्स

नेपाल प्रहरी

बालयौन दुराचार आरोपी पिटर र उनी बस्ने घर

इरानीले लर्को लागेर युरोपेली देशको नक्कली राहदानी प्रयोग गर्छन् । जस्तो, डेनमार्कको नक्कली राहदानीमा बाबाक फिरोजी, स्पेनको राहदानीमा सादेग महदिन र जर्मनीको राहदानीमा हमिद माफी नेपाल छिरेका थिए। तीमध्ये स्पेनको नक्कली राहदानीमा आएका महदिनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयले ३० चैत ०७५ मा पक्राउ गर्‍यो । नेपालको सुरक्षा संयन्त्रको प्रभावले भन्दा पनि कतारबाट इरानी राहदानीमा आएका महदिनले भिसा लिने क्रममा स्पेनको नक्कली राहदानी देखाएपछि शंकाको सुई उनीतिर सोझियो र पक्राउ परे। यद्यपि अन्य २ इरानीको नक्कली राहदानी विमानस्थलस्थित कर्मचारीले खुट्याउन नसक्दा डेनमार्क र जर्मनीको नक्कली राहदानीमा आगमन अनुमति दिए । क्यानडा जाने क्रममा नेपाल पसेका माफीलाई समेत चीनको ग्वान्झाउ अध्यागमनले फिर्ता पठाएपछि मात्र विभागले छानबिन गरेको थियो ।

विभागका एक कर्मचारीको भनाइमा विदेशीले नेपाललाई ट्रान्जिट बनाएर नक्कली राहदानी प्रयोग गर्ने गरेका छन् । कतिपयले भने सक्कली राहदानी र केहीले चोरीको राहदानी प्रयोग गरेको भेटिएका छन् । नेपाललाई ट्रान्जिट बनाउनेमा इरानी मात्रै छैनन्। जस्तो, जुन १५ मा बेलायतको नक्कली राहदानीवाहक ६ पाकिस्तानीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयले भिसा दियो । त्यसो हुनुमा ती पाकिस्तानीसँग रहेको बेलायतको राहदानी सक्कली वा नक्कली खुट्याउन सकेन। त्यसको एक दिनपछि मात्रै कर्मचारीले सुइँको पाए, पाकिस्तानी हुन् भनेर। त्यसपछि उनीहरूको

क्रिस्टोफी ग्युलोक्स

खोजी गरियो र ४ जनालाई ठमेल र २ जनालाई विमानस्थलबाटै पक्राउ गरियो।

नक्कली राहदानी प्रयोग गरेका पाकिस्तानीलाई काठमाडौँ जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाइदियो। पाकिस्तानीजस्तै अफ्रिकी देश इरिट्रियाका १० नागरिक पनि नक्कली राहदानी प्रयोग गरेर पूर्वी टिमोर जाने प्रयासमा काठमाडौँ आइपुगेका थिए। केही महिनापहिले ती नागरिक काठमाडौँबाट सहज ढंगले बोस्निया हर्जगोभिनासम्म पुगेका थिए। तर उनीहरूको राहदानी नक्कली हो भनेर त्यही पुष्टि भयो।

यी सबै घटनाले बताउँछ, नेपालको अध्यागमन भरपर्दो र संवेदनशील छैन। सबैभन्दा महत्त्वपूर्ण त राहदानी अध्ययन गर्ने मेसिनसमेत छैन। बायोमेट्रिक्ससहितको सफ्टवेयर प्रणाली अहिलेसम्म राख्न नसक्दा नेपाल ट्राजिन्ट मुलुक बनिरहेको छ। विभागसँग सूचना अभावले नै कुन अपराधसँग जोडिएको व्यक्ति नेपाल प्रवेशको प्रयासमा छ भन्ने खुल्दैन। जस्तो, इरानी नागरिक रेजा फादे स्पेनको नक्कली राहदानीको साथमा ३ साउन ०७६ मा नेपाल आइपुगे। तिनको उद्देश्य मूलतः नेपाल-चीन हुँदै स्पेन पुग्नु थियो। भलै, उनको योजना सफल भएन। यस्तै घटना भयो, २० साउनमा। उक्त दिन दुबईको बाटोबाट नेपाल प्रवेशका लागि आएका ४ सिरियाली मोनिर क्वास, फतामे तहेसा, सारबेल कोइरी, अमाल नायफलाई इन्ट्री रिफ्युज (फिर्ता) गरिदियो। तर त्यसको कारण खोजिएन। सिरियन नागरिकले नेपालमा अनअराइभल भिसा नपाउने हुँदा मात्रै फिर्ता भए। खासमा उनीहरू नेपालमार्फत युरोप जान चाहन्थे। ने

“अपराधका चुनौती थपिएका छन्, हाम्रो काम गराइ पुरानै छ, त्यसले पनि विदेशी नेपाललाई सुरक्षित थलो ठान्छन्।

– गोविन्द कुसुम
पूर्वगृहसचिव

जहाँ सजिलो, त्यहीँ विदेशी

अस्थिर राजनीतिक परिस्थितिमा दण्डहीनता मौलाउनु नौलो होइन। त्यही दण्डहीनताको फाइदा उठाउँदै विदेशीहरू नेपालमा अपराधकर्ममा संलग्न हुन्छन्। त्यसमा कमजोर कानुन, निगरानी अभाव र डाटावेस सूचना अभावको फाइदा पनि विदेशी अपराधीले लिएका छन्। पूर्वडीआईजी हेमन्त मल्लको विश्लेषणमा नेपालमा विदेशीको सामाजिक अपराधकर्म वृद्धि हुनुमा नेपाली समाजको लोभी प्रवृत्ति र गरिबी पनि हाबी छ। “विकसित देशका नागरिकलाई तेस्रो विश्वका देशका मानिसलाई सहजै पैसामा प्रभाव पार्न सकिन्छ भन्ने विश्वास छ,” मल्ल भन्छन् “त्यही मनोविज्ञान बोकेर नेपाल आउँछन् र छिटो प्रभावमा पर्छन्।”

पोखरामा कोरियाली नागरिक नारा किम र बेलायती नागरिक स्मिथले बच्चा लैजान परिवारलाई सहजै मनाएको घटनाले मल्लको विश्लेषणलाई बल दिन्छ। विदेशीमाथि नेपालमा निगरानी कमजोर हुनु पनि अपराध बढ्नुमा अर्को कारण हो। यस्तै छिद्र खोजेर भित्रिएका विदेशीबाट सुरक्षा चुनौती थपिएको छ। नेपालमा घटित पछिल्ला घटना विश्लेषण गर्दै पूर्वगृहसचिव गोविन्द कुसुम साइबर अपराध मात्र होइन, कृत्रिम बौद्धिक अपराधको चुनौती आइसके पनि नेपाल अहिलेसम्म साइबर अपराधको वरपर घुमेको बताउँछन्। उनको भनाइमा अपराधका चुनौती नयाँ ढंगले थपिएका छन्, हाम्रो काम गराइ र बुझाइको शैली पुरानै छ, त्यसले पनि विदेशी नेपाललाई सुरक्षित थलो ठान्छन्। यद्यपि अपराध अस्वाभाविक घटना भने होइन। जहाँ सजिलो हुन्छ, विदेशी त्यही आउँछन्। “विदेशीको बढ्दो अपराधकर्मले देशको कूटनीतिक सम्बन्धमा खलल पार्ने र अपराधको नेटवर्किङ बढाउँछ,” कुसुम भन्छन्, “त्यसबाहेक सामाजिक प्रणाली, अर्थतन्त्र मात्र होइन, राजनीतिमा अपराधीकरण पनि बढाउँछ।”

कुसुमको भनाइमा सहमत छन्, मल्ल। खासगरी विदेशी नागरिकमाथि निगरानी बढाउन डाटावेस प्रणालीको विकास अपरिहार्य हुन्छ, जुन अहिलेसम्म गृह मन्त्रालयले प्रयोगमा ल्याइसकेको छैन। अध्यागमन विभागका निर्देशक तथा प्रवक्ता रामचन्द्र तिवारी विभाग समयानुकूल सुधार नभएको स्वीकार्छन्। भन्छन्, “हामी अब विस्तारै बायोमेट्रिक्स सफ्टवेयर प्रणाली लागू गर्ने तयारीमा छौँ। त्यसपछि धेरै समस्या समाधान हुन्छ।”

नेपालमा सुरक्षा पाटो कमजोर छ। विकसित देशले सुरक्षालाई प्राथमिकतामा मात्र राख्दैनन्, त्यसैको छाताबाट अरू संयन्त्र तयार गरेका हुन्छन्। जस्तो, भारतले नक्कली भारुदेखि सीमा सुरक्षाको सन्दर्भ नेपालमाथि उठाइरहेको हुन्छ। चीनले तिब्बत र उइगुरको मुद्दालाई आन्तरिक सुरक्षासँग जोडेर नेपालसँग व्यवहार गरिरहेको हुन्छ। तर नेपालमा विदेशी नागरिक अपराध गरेर पनि फुक्काफाल बस्न सक्छन्। नेपालमा दण्ड कमजोर छ। सुपुर्दगी सन्धि नभएका कारण अपराधमा संलग्नलाई पक्रेर नेपालले सम्बन्धित देशमा बुझाउन सक्दैन। यी दुवैको फाइदा विदेशी अपराधकर्ममा संलग्नले लिइरहेका छन्। त्यस अर्थमा विदेशी नागरिकमाथि निगरानी, बायोमेट्रिक्स प्रणालीको सफ्टवेयर सुरुआत, डाटाबेस प्रणाली विकास र कतिपय सन्दर्भमा सुपुर्दगी सन्धि ढिला भइसकेको छ।

आवरण : बालयौन दुराचारमा संलग्न पिटर जोन डाल्गलिस, तस्बिर : *न्युयोर्क टाइम्सबाट*

किसानका नाममा स्वाहा !

बर्सेनि अर्बौं खर्चिए पनि उपलब्धिविहीन

यम बम

चितवन, फूलबारीमा रहेको न्यौपाने गाई फार्मका लागि १ करोड ८ लाखको प्रस्ताव स्वीकृत भयो, १७ जेठ ०७३ मा। ३२ लाख १८ हजार रुपैयाँ अनुदान रकम पाउने गरी भएको सम्झौताअनुरूप फार्ममा २५ वटा गाई पनि राखियो। तर व्यावसायिक कृषि तथा व्यापार आयोजना (प्याक्ट) को टोली २६ जेठ ०७५ मा मात्र अनुगमनमा गयो। ३ वर्षसम्म न न्यौपाने गाई फार्मसँगको सम्झौता रद्द गरियो, न त अनुदान नै दिइयो। कारण थियो, गाई फार्म र आयोजनाबीचका कर्मचारीको कमिसन भागबन्डा नमिल्नु।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयबाट गठित अनुदानको प्रभावकारितासम्बन्धी कार्यदलले १३ असोज ०७५ मा अनुगमन गर्दा फार्म रित्तै भेटिएको थियो। प्रतिवेदनमा भनिएको छ, 'अनुदान हत्याउन गोठ बनाउने र गाई पाल्ने नाटक गरेको प्रस्ट हुन्छ।'

प्याक्ट त्यही परियोजना हो, जसले नेपालमा कृषि उत्पादन वृद्धि र बजारीकरणमा टेवा पुऱ्याउने भन्दै किसानका नाममा १० वर्षमा ५ अर्ब १२ करोड खर्च गऱ्यो। प्याक्टको अनुदानको दुरुपयोग यतिसम्म भयो कि टाठाबाठा र पहुँचवालाको हालीमुहाली मात्र भएन, नक्कली कृषक खडा गरियो। त्यसलाई पुष्टि गर्छ, महालेखा परीक्षक कार्यालयको ५६ औँ वार्षिक प्रतिवेदनले। अनुदान उपलब्ध गराएमध्ये सम्पन्न उपआयोजना सञ्चालनमा रहे/नरहेकोबारे परामर्शदातामार्फत स्थिति अध्ययन गराइएकामा ४१ करोड ७६ लाख अनुदान रकम उपलब्धिविहीन बनेको महालेखाको ठहर छ। जबकि प्याक्टले १ हजार २ सय १६ उपआयोजनालाई २ अर्ब १८ करोड ३० लाख नगद अनुदान बाँडेको थियो।

कृषकलाई प्रोत्साहन गर्न कृषि तथा पशुपक्षी मन्त्रालयबाट सञ्चालित दुई दर्जनभन्दा बढी कार्यक्रम/परियोजनामा कुनै न कुनै रूपमा पूरक अनुदान तथा सहायता छ। त्यसबाहेक प्रदेश र स्थानीय तहले पनि अनुदानका कार्यक्रम चलाइरहेका छन्। दातृ निकाय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सहायता उपलब्ध गराउँदै आएका छन्।

कृषि तथा पशुपक्षी मन्त्रालयको तथ्यांक केलाउँदा पछिल्लो पाँच वर्षमा कृषकलाई ५४ अर्ब रुपैयाँ अनुदान वितरण गरिएको छ। तर उक्त रकम बालुवामा पानी खन्याएसरह भएको छ। कृषिविद् कृष्णप्रसाद पौडेलको भनाइमा कृषि अनुदान रकम एक प्रतिशत कृषकसम्म पनि पुगेको छैन। भन्छन्, "अनुदान लिने ९० प्रतिशत खेती गर्दैनन्, बरु खेती गराउँछन्। बाँकी ९ प्रतिशत खेती गर्छन् तर कृषक नभई उद्यमी हुन्।"

पौडेलको तर्क पुष्टि गर्न इलामको सन्दकपुर र रोङ गाउँपालिकाले वितरण गरेको अनुदान रकम हेरे पुग्छ। नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान रकम उपलब्ध गराउन मिल्दैन। तर सन्दकपुरले सिद्धपोखरी चिया उत्पादन सहकारी संस्थालाई





चिया प्रशोधन कारखाना निर्माणका लागि १० लाख र रोडले तीन वटा सहकारीको भवन निर्माण, फर्निचर खरिद र घेरबारका लागि ८ लाख ४५ हजार खर्चिएको पाइन्छ ।

कार्यदलको प्रतिवेदनमा उल्लेख भएअनुसार बर्दिया र उदयपुरमा सहकारी तथा साना सिँचाइ कार्यक्रममा उपलब्ध गराइएको १५ लाख ७३ हजारमध्ये ४.१२ प्रतिशत अनुदानमा रकम अनियमितता भेटिएको थियो ।

प्याक्टकै बाटोमा

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सरकारकै लगानीमा सञ्चालित सबैभन्दा ठूलो कृषि परियोजना हो । १० वर्षमा एक खर्ब ४४ अर्ब बजेट खर्चेर कृषिलाई आधुनिकीकरण गर्ने लक्ष्य राखिएको परियोजनाबाट ०७३/७४ यता साढे ६ अर्ब बढी रकम खर्च गरिसकेको छ । यो वर्ष त ८ अर्ब १० करोड विनियोजन गरिएको छ तर परियोजना गतिहीन देखिन्छ । 'परियोजनाको कार्यान्वयन प्रभावकारी रूपमा र कार्यविधि मर्मअनुसार हुन नसकेको हुँदा परियोजनाले अपेक्षित गति लिन सकेको देखिँदैन,' कृषि तथा पशुपक्षी विकास मन्त्रालयबाट गठित कार्यदलको अध्ययन प्रतिवेदनमा छ ।

बजेटमा पकेट, ब्लक, जोन र सुपरजोनका निश्चित मापदण्ड बनाई बालीविशेष र पशुपालन गरी परियोजना ३९ जोनमार्फत ६९ हजार हेक्टरमा विस्तार गरिने उल्लेख भए पनि कार्यविधि परिमार्जन गरी परियोजनालाई केन्द्रीकृत गर्न खोजिएको छ । मन्त्रिपरिषद् पुगेको कार्यविधिमा काठमाडौँ उपत्यकामा एउटा र बाँकी प्रत्येक जिल्लामा परियोजनाकै कार्यालय खोल्ने उल्लेख छ । यो परियोजनाको पकेट र जोन प्रदेशबाट सञ्चालन भइरहेकामा स्थानीय तहलाई अधिकार दिइएको छैन ।

राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष उद्धव अधिकारीको टिप्पणी छ, "सरकार पालिकामा पुग्नुपर्ने ठाउँमा झन् माथि गयो, यसरी संघदेखि सञ्चालन गरेको कार्यक्रममा साना किसानको पहुँच नै पुग्दैन ।" यो परियोजनामार्फत कृषि उत्पादन सामग्री, औजार तथा उपकरणमा ५०-५० प्रतिशत, प्रयोगशाला सेवा, साना सिँचाइ पूर्वाधार, उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारमा ८५-८५ प्रतिशत र प्राविधिक सहयोगमा एक सय प्रतिशत अनुदान दिइँदै आएको छ ।

परामर्शदातालाई खुवाउँदै ठिक्क

आर्थिक वर्ष ०७४/७५ मा वैदेशिक निकायको अनुदान तथा ऋण सहायतामा सञ्चालित परियोजनाको संख्या ९ थियो । ती परियोजनाले एक वर्षमै परामर्शदाताका नाममा २ अर्ब ७१ करोड ३५ लाख खर्च गरेको देखिन्छ, जबकि वार्षिक कुल खर्च ३ अर्ब ३६ करोड ६२ लाख मात्र हो ।

उक्त आवसम्म १९ अर्ब १९ करोड खर्च भएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ । परामर्श सेवाको खर्च कटौतीको सुझाव दिँदै महालेखाले भनेको छ, 'दातृ निकायसँगको सम्झौतामा वैदेशिक सहायताबाट कृषकलाई अनुदान वितरण गर्ने परामर्श सेवाको अनिवार्यताले सरकारी निकायमा कार्यरत जनशक्तिको उपयोग न्यून छ । आयोजना सञ्चालन गर्दा सरकारी निकायमा उपलब्ध जनशक्तिको उपयोग गरी परामर्शदाता खर्चमा कमी ल्याउनुपर्छ ।'

तर अनुदान सञ्चालक समितिको निर्णयका आधारमा वितरण हुन्छ । 'यो परिपाटीले पदाधिकारी मात्रै लाभान्वित भएको देखिन्छ,' प्रतिवेदनमा भनिएको छ ।

पकेट, ब्लक, जोन तथा सुपरजोन स्थापना हुँदा प्राविधिक सम्भाव्यताको आधारभन्दा पनि प्रभावको आधारमा हुने गरेको छ ।

प्याक्ट सञ्चालनमा रहेका बेला राष्ट्रिय योजना आयोगले ०७३ सालमा गरेको अध्ययनमा प्याक्टले सहयोग गरेका ७६ प्रतिशत उपआयोजनाको दिगोपनमा आशंका गरिएको थियो । त्यो अहिले आएर पुष्टि भयो । प्याक्ट तत्कालीन पाँच वटै विकास क्षेत्रमा अनुगमन, किस्ता भुक्तानीलगायतको काम गर्न प्रिस्ट नामक कार्यालय नखोलिएको होइन । तर परियोजनामा आवेदन बुझाउनुपर्ने, भुक्तानीका लागि धाउनुपर्ने र भौगोलिक रूपमा टाढा हुने भएकाले पनि साना कृषक अनुदानबाट वञ्चित रहेको कृषक महासंघ अध्यक्ष अधिकारी बताउँछन् ।

आधुनिकीकरण परियोजनाको कामप्रति स्वयं प्रधानमन्त्री केपी ओली पनि सन्तुष्ट छैनन् । आलोचना बढेपछि उनले मन्त्री र सचिवहरूसँगको बैठकमा गत वर्ष भनिदिएका थिए, 'परियोजनाको नामअगाडि प्रधानमन्त्री झुन्ड्याइरहनु पर्दैन । हटाइदिए हुन्छ ।'

कृषकको नाममा सञ्चालित यो परियोजना अनियमितताबाट अछूतो रहन सकेको छैन । त्यसको उदाहरण हो, चार वटा प्रयोगशाला मोबाइल भ्यान खरिदमा भएको अनियमितता । भ्यान कार्यालयमा दाखिला नगरी रकम भुक्तानी गरेर १२ करोड ४० लाख रुपैयाँ भ्रष्टाचार गरेको अभियोगसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ८ जेठमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशक सञ्जीव कर्णसहित १३ जनाविरुद्ध मुद्दा दायर गर्‍यो । सोही परियोजनामा कृषकलाई ५ हजार रुपैयाँका दरले अनुदान दिएर १५ हजारको भर्पाइ बनाएको र कृषकलाई दिनुपर्ने ट्र्याक्टर आफैं प्रयोग गरेको भेटिएपछि सोही दिन पर्साका वरिष्ठ कृषि विकास अधिकृत वीरेन्द्रप्रसाद सिन्हासहित ६ जनाविरुद्ध पनि मुद्दा चलाएको थियो ।

मलमा खेल

'रासायनिक मलको सर्वसुलभ आपूर्ति सुनिश्चित गरी कृषि उत्पादन बढाउन रासायनिक मल खरिदको अनुदान ५० प्रतिशतले वृद्धि गरी ९ अर्ब पुर्‍याएको छु ।' आर्थिक वर्ष ०७६/७७ को बजेटमा उल्लिखित ९६ नम्बर बुँदा ।

अर्थमन्त्रीको उक्त घोषणाले मल अभाव झेलिरहेका कृषक पक्कै खुसी भए तर बजेटमा उल्लेख भएजस्तो चालू आवमा ९ अर्ब रुपैयाँ विनियोजन भएको होइन । मल खरिदका लागि अर्थ मन्त्रालयले ७ अर्ब ५० हजार रुपैयाँ विनियोजन गरेको छ, बाँकी एक अर्ब ५० करोड बक्यौता रकम तिर्न मात्र हो । चालू आवमा पनि ३ लाख २७ हजार मेट्रिक टन मल खरिद हुने अनुमान कृषि तथा पशुपक्षी मन्त्रालयले गरेको छ, जबकि मुलुकमा वार्षिक कम्तीमा ७ लाख मेट्रिक टन आवश्यक पर्छ । "डलरको भाउ घट्यो भने मात्रा बढ्न सक्छ, बढ्यो भने घट्छ," मन्त्रालयका वरिष्ठ कृषि प्रसार अधिकृत नेत्र भण्डारी भन्छन् ।

गत आव ०७५/०७६ मा मलका लागि ८ अर्ब ९९ करोड ९६ लाख विनियोजन भएकामा ६१ करोड फ्रिज भएको थियो । कारण, जीटुजी भनिने सरकारी प्रक्रियाबाट भारतबाट मल ल्याउने भनिए पनि सफल हुन सकेन । उक्त वर्ष तीन लाख २७

अहिलेजस्तो भद्रगोल नहोस्

– कृष्णप्रसाद पौडेल, कृषिविद्

साना किसान, गरिब, मुक्त हलिया, मुक्त कमैया जो पुर्खौंदेखि खेती गर्दै आएका छन् । उनीहरूको लागतमा सहुलियत नदिए टिक्न सक्दैनन् । कृषि श्रम मूल्य बढ्नु राम्रो हो तर बजारमा नाफाका हिसाबले बिक्री गर्न सक्ने स्थिति छैन । अनुदान लागत घटाउन दिइने हो ।

किसानकहाँ पुर्‍याउन अनुदान व्यवस्था गरिएकै होइन । आफ्ना कार्यकर्ता, बिचौलियाका लागि अनुदान व्यवस्था गरिएको हो, जो आफूलाई बेलाबेलामा व्यावसायिक किसान भन्ने गर्छन् । अनुदान लिनेमध्ये ९० प्रतिशत खेती गर्दैनन्, बरु खेती गराउँछन् । बाँकी अनुदान पाउने उद्यमी हुन् । प्रधानमन्त्री आधुनिकीकरण परियोजना नयाँ प्याक्ट बनेको छ । किसान र कृषिको नाममा दुरुपयोग भएको छ । अनुदानका कार्यक्रम असफल हुनुमा वास्तविक किसानले नपाउनु हो ।

साना किसानले अनुदान कृषिमै टिकिरहन माग्ने हो तर हाम्रो व्यवस्थाले दिँदैन । तहअनुसार किसानको वर्गीकरण गरे अनुदान तथा सहायताको आवश्यकता हेरेर उपलब्ध गराउनुपर्छ । अनुदानको ढाँचा सही भए पनि वितरण प्रणाली भएन भने हुँदैन । त्यसका लागि संयन्त्र चाहिन्छ । अहिले कार्यविधि तयार गर्नेदेखि वितरण गर्ने नाइके कर्मचारीलाई बनाएका छौं । तिनले किसानलाई पत्याउँदैनन् । जनप्रतिनिधि, प्राविधिक कर्मचारी र किसानको संयन्त्र बनाएर अनुदान वितरण गर्नुपर्छ । नियमन गर्ने संयन्त्रका लागि सरकारले चिन्ता गर्नु पर्दैन । कहीं–कतै गडबड होला तर अहिलेजस्तो भद्रगोल पक्कै हुँदैन ।

हजार मेट्रिक टन मल आयात भएको थियो । सरकारले रासायनिक मल अनुदानमा खरिद गरी सहकारीमार्फत किसानलाई बिक्री गर्दै आएको छ, जसको जिम्मेवारी कृषि सामग्री केन्द्र (७० प्रतिशत) र साल्ट ट्रेडिङ कर्पोरेसन (३० प्रतिशत) पाएका छन् । अनुदानको मल कृषि सामग्री कम्पनीका ५ हजार २ सय र साल्ट ट्रेडिङका २ हजार ३ सय सहकारी डिलरबाट बिक्री हुँदै आएको छ ।

कुनै वर्ष पनि कृषकले समयमा मल पाउँदैनन्, पर्याप्त त परैको कुरा । सरकारले आव ०६४/०६५ देखि विभिन्न २६ जिल्लाबाट कृषकलाई अनुदानको रासायनिक मल उपलब्ध गराउन थालेकामा हाल मुलुकभर विस्तार गरिएको छ । मल अभाव त छँदै छ, कालोबजारी गरेर निजी क्षेत्रबाट समेत बिक्री हुने गरेको पाइन्छ । अनुदानको रासायनिक मलमध्ये युरिया मलमा २ सय ७१ प्रतिशत र डीएपी मलमा १ सय ९५ प्रतिशतसम्म अनियमितता भएको निष्कर्ष संसद्को कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले निकालेको थियो, गत वर्ष । कृषिविद् पौडेल मल वितरण प्रणाली नै भ्रष्ट भएको बताउँछन् ।

अधूरो उपाय

कृषिको अनुदानमा दुई थरी टिप्पणी पाइन्छन् । अनुदान नै चाहिँदैन वा चाहिन्छ तर वितरण प्रणाली प्रभावकारी बनाउनुपर्छ । कृषिविद् पौडेलको टिप्पणी छ, "खुला बजारमा अनुदान दिनु भनेको पक्षपात हो, उदारवादी जहिल्यै अनुदान दिनु हुँदैन भन्ने पक्षमा हुन्छन् ।"

नेपालमा पनि कृषिमा एक सय प्रतिशतसम्म अनुदान उपलब्ध गराइन्छ । साना कृषकले नपाएको गुनासो त छँदै छ, उद्यमीले पाए पनि उत्पादन वृद्धि भएर आयात घट्नुपर्ने । तर नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार अवस्था ठीक उल्टो छ, आव ०७५/७६ मा मात्र ३३.२२ अर्बको चामल र १६.६१ अर्बको तरकारी आयात भएको छ । ०७५ मा मनसुनी वर्षाअनुकूल हुँदा धान उत्पादन ८.८९ प्रतिशत बढेर ५६ लाख १० हजार मेट्रिक टन पुगेको थियो । अर्थशास्त्री डिल्लीराज खनालको टिप्पणी छ, "सरकारले अनुदानका नाममा रकम खन्याए पनि कृषि उत्पादनको लागत हरेक वर्ष बढ्दो छ, जसको सीधा असर बजारमा पर्छ ।"

छिमेकी भारतकै उदाहरण हेर्ने हो भने कृषकलाई उत्पादनदेखि बजारीकरणसम्म अनुदान उपलब्ध गराउँदै आएको छ भने सहायताका कार्यक्रम त्यत्तिकै छन् । विश्व व्यापार संगठनमा आबद्ध मुलुकले निश्चित मात्रामा मात्र अनुदान उपलब्ध गराउन पाउँछन् । तर भारतमा नरेन्द्र मोदी दोस्रो पटक प्रधानमन्त्रीमा निर्वाचित भएसँगै पहिलो मन्त्रिपरिषद् बैठकले ६० वर्षभन्दा माथिका कृषकलाई पेन्सन दिने निर्णय गरिदियो ।

नेपालमा आव ०७१/७२ को बजेटमै कृषकलाई वर्गीकरण गरेर पेन्सन उपलब्ध गराइने उल्लेख भए अहिलेसम्म कार्यान्वयनमा आएको छैन । रासायनिक मलको अनुदानले कृषि मन्त्रालयको बजेटको २० प्रतिशत हिस्सा ओगट्छ भने भारतमा कुल कृषि क्षेत्रमा जाने अनुदानको ४० प्रतिशत मलमै जान्छ । नेपालमा किसानले मलमा ६७ प्रतिशतसम्म अनुदान पाउँदै आएका छन् । तर अब सरकारले सबैखाले कृषि अनुदान कटौती गरेर बढीमा ५० प्रतिशत कायम गर्ने गरी कार्यविधि बनाउन थालेको छ । कृषिका सहसचिव (हाल प्रदेशमा सरुवा) गोविन्द शर्मा नेतृत्वमा गठित कार्यदलले ७५ प्रतिशत र एक सय प्रतिशतसम्म दिने गरिएको अनुदानलाई ५० प्रतिशतमा सीमित गर्न सुझाएको हो ।

अनुदानलाई थप प्रभावकारी बनाउन एउटै छाता कार्यविधि बनाउन थालिएको कृषि मन्त्रालयका प्रवक्ता तेजबहादुर सुवेदी बताउँछन् । यससँगै मलमा पनि अनुदान कटौती हुनेछ । उनको तर्क छ, "मलको अनुदान कटौती भइरहेको होइन, मूल्य समायोजन गरी आयात बढाउन थालिएको हो ।"

नियमन गरी वास्तविक कृषकको पहुँचमा पुर्‍याउन छाडेर सहुलियतपूर्ण कार्यक्रम पनि प्रभावकारी नबनाई अधूरो उपायको रूपमा अनुदान कटौती गर्न खोजिएको देखिन्छ । पौडेल कृषिमा सहायतालाई बढावा दिनुपर्ने बताउँछन् । जस्तै, कृषि बिमा, कृषि औजार खरिद, व्यावसायिक कृषि कर्जा । यी कार्यक्रम सञ्चालनमा नरहेका होइनन् तर आम कृषकसामु पुर्‍याउनुपर्ने हुन्छ । "अनुदान पाएका कारण लापरबाही भयो, दुरुपयोग भयो तर कटौती समाधान होइन," पौडेल भन्छन्, "अनुदान वितरण जिम्मा स्थानीय तहलाई दिनुपर्छ ।" राष्ट्रिय योजना आयोगको पञ्चवर्षीय कार्यक्रममा कृषि क्षेत्रको उत्पादकत्व प्रतिहेक्टर २.९७ मेट्रिक टनबाट ४ पुर्‍याउने लक्ष्य राखिएको छ । ने

जनजातिका लुगाको लैंगिकता

हिन्दु वर्णाश्रमबाहिरको समानतामा आधारित समुदाय भएको दाबी गर्दै आएका जनजातिले हिन्दु दर्शनमा आधारित नारीत्व र पुरूषत्वको शास्त्रीय गुण अवलम्बनकै प्रदर्शन गर्दै आइरहेका छन् ।

कैलाश राई

लुगाकपडाले व्यक्तिको सामाजिक-सांस्कृतिक धरातल चित्रण गर्छ । पञ्चायतकालीन 'राष्ट्रिय पोसाक' नीतिले दौरा-सुरुवाल-टोपी, गुन्यू-चोलीबाहेकका पोसाकलाई 'अन्यकरण' गऱ्यो । अन्यकृतका पोसाकको वृत्त साँघुऱ्याउँदै लग्यो । त्यहीमाथि विश्वव्यापीकरण, आधुनिकीकरण आदिबाट निर्देशित राष्ट्रिय-अन्तर्राष्ट्रिय बजारको प्रभाव झाँगिँदै गयो । त्यसले मौलिक भेषभूषाको सामाजिक-सांस्कृतिक महत्त्व भने बढायो ।

०४६ सालको परिवर्तनपछि आदिवासी जनजाति आन्दोलनले 'अन्यकरण' को राजनीतिलाई आफ्नो अस्त्र बनायो । दिनचर्यामा नदेखिएका जनजातीय लुगा निश्चित अवसरमा पहिरिने जुक्ति निकाल्यो । धर्ना, जुलुस तथा झाँकीमा आन्दोलनकारी मौलिक पोसाकमा उपस्थित हुने चलन बसाल्यो । जनजातीय चाड, दिवसहरू मनाउँदा मौलिक पोसाक प्रयोगमा जोड दियो । यो तौरतरिका अझसम्म यथावत छ ।

कतिपय मिथकीय पात्रदेखि पाका महिलामा रहेको तान, राडीपाखी, खाँडी, ढाका बुन्ने कलालाई मौलिक सीप भन्दै महिमा गरिन्छ । यस्ता सीपको पुस्तान्तरण महिलाले राम्रोसँग गराउँछन् भन्ने धारणा जीवित छ । त्यसै प्रभावको निरन्तरता हुन सक्छ, त्यालीहरूमा उभिने/उभ्याइनेमा महिला रहँदै आएका छन् ।

मानवशास्त्री जनक राईका अनुसार धिमाल महिलाले 'बोना' लगाएर आफूलाई 'मधेसी' र 'पहाडी' महिलाभन्दा भिन्न रूपमा उभ्याउँदै आएका छन् । ०५८ सालमा खुलेको आदिवासी जनजाति महिला महासंघले आफ्नो उद्देश्यमा लेखेको थियो- आदिवासी जनजाति महिलाका पहिचान खुलाउने खालका भाषा, भेषभूषा आदिको संरक्षण, सम्वर्द्धन गर्ने-गराउने । पहिले आ-आफ्नै भेषभूषामा रहँदै आएका महिलाले पछिल्लो समय पोसाक पहिरिनुको अलग्गै कारण भेटे । जनजातीय पोसाकमा उपस्थित हुनुलाई जनजाति महिला आन्दोलनले सकारात्मक रूपमा आत्मसात गऱ्यो । नेपालका महिलाबीच अलग सामाजिक-सांस्कृतिक चिनारी कायम राख्न त्यसले भूमिका खेल्यो ।

सामूहिकता आदिवासी जनजातिको विशेषता हो । पञ्चायतकालपूर्व विविध महिलाकेन्द्री उत्पादित केही लेखले जनजातीय मौलिक पोसाकबारे उल्लेख गरेका छन् । जीवनाथ कोइरालाले ०१६ सालमा 'कुलुङका आइमाई' शीर्षकमा लेखेका थिए, 'जंगलमा उम्रेका, आफ्ना हातले काढेका, सफा गरी कातेका, बुनेका अल्लो नामक वनस्पतिका बोक्राको कपडा सर्वांगमा लगाउँछन् ।' त्यस्तै, 'पाल्पाली मगर्नी' शीर्षकमा ज्ञानप्रसाद खनालले ०१८ सालमा लेखेका थिए, 'अगाडिपट्टि मुजा पर्दै गोलीगाँठासम्म लर्केको कालो फरियालाई कम्मरमा सेतो पटुकाले टमक्क बाँधेको, पनेलाको कालो चोलीमाथि रातो घलेक, टाउकामा आफैँले बुनेको जालीरुमाले मुजेत्रो, ...पिठ्युँमा सानो चिल्लो सोलीलाई रातो रुमालले मोरी झुम्के रंगीन नाम्लोले हल्कासाथ बोकेका हुन्छन् । सहर अथवा कुनै ठाउँ जानु छ भने एकै भेषमा एक हूल भएर हिँड्छन् ।'

पत्रपत्रिकाले जनजातीय पोसाकमा रहेको महिला तस्बिरलाई फोकस गरेर समाचार छाप्ने गरेको देखिन्छ । तस्बिरले जति स्थान उनीहरूको वास्तविक सरोकारले पाएको भेटिन्न । सवालको उत्खनन, तिनको पहिचान र सम्बोधनतर्फ जनजाति आन्दोलनको कदम लम्किएकै छैन । जनजाति महिला आन्दोलनले पुरुषले रचेको जनजाति आन्दोलनकै खाका र क्रियाकलापको अनुसरण गर्दै आएको छ । हिन्दु वर्णाश्रमबाहिरको समानतामा आधारित समुदाय भएको दाबी गर्दै आएका जनजातिले हिन्दु दर्शनमा आधारित नारीत्व र पुरुषत्वको शास्त्रीय गुण अवलम्बनकै कुशल प्रदर्शन गर्दै आइरहेका छन् ।

जनजाति आन्दोलनका अभियन्ताको छविभित्र निःसन्देह पुरुष पर्ने गर्छन् । पुरुष हुनुको संरचनागत पहिचानले ऊसँग विचार र नेतृत्वको अपेक्षा गर्ने बनिबनाउ धारणा छ । त्यसैले उसले आफ्नो भूमिका प्रस्ट्याउन जातीय पोसाक पहिरिनैपर्ने आवश्यकता कमै महसुस गर्ने गरिन्छ । महिलाको हकमा भने भेषभूषा पहिरिएका सांस्कृतिक संवाहकको भूमिका सार्वजनिक वृत्तमा बढी रुचाइएको वा अपनाइएको देखिन्छ ।

छरिएर रहेका आदिवासी जनजाति मनोरञ्जन र पहिरन प्रदर्शनको प्रवृत्ति तोड्ने प्रयत्नमा पनि छन् । तैपनि अनेक कारणले पहिचान र मौलिकताको नाममा जनजातीय भेषभूषाधारी महिला छवि छनोटमा पर्ने र त्यसलाई आकर्षक आवरण वा मुखाकृतिमा सीमित राख्ने प्रवृत्ति यथावतै छ । समुदायभित्रै र बृहत् समाजमा पनि उनीहरूको सहयोगी र पूरक भूमिकालाई मात्रै अपनाइएको पाइन्छ । यस्तो प्रवृत्तिले आदिवासी जनजातिको असन्तुलित लैंगिक भूमिका सुधार्न सक्दैन । सामूहिक उत्थानमा तात्त्विक परिवर्तन ल्याउँदैन । ने

राम्री देखिनुपर्ने दबाब

कार्यक्रमपिच्छे नयाँ पहिरनमा सजिनुपर्ने दबाबले चुनौतीपूर्ण बन्दै मनोरञ्जन क्षेत्र

सुनिता लोहनी

मनोरञ्जनको दुनियाँमा फेसन अपरिहार्य छ। देखाउने दुनियाँ भएकाले होला, जसले सुन्दर रूपमा प्रस्तुत गर्न सक्छ, उसैले वाहवाही पाउँछ। सुन्दरताको व्यापार कहिल्यै फेल खाँदैन। राम्रो देखिन को चाहँदैन ? यस्तै, फेसनलाई चुनौती दिएकी थिइन्, अमेरिकी पपगायिका लेडी गागाले। ग्रामीजस्ता ठूल्ठूला अवार्ड समारोह र मेट गालाजस्तो ग्याम्पवाकमा उनले चुनौती दिँदै फरक पहिरन लगाइन्। पहिरनले महिलालाई अत्यन्तै सुन्दरी देखाउनुपर्ने पूर्ववत् सर्त लत्याएर गागाले मासुको पहिरन लगाइन्। सन् २०१० को *एमटीभी* भीएमए समारोहमा उनले उक्त पहिरन समलिंगीको अधिकारका लागि सरकारको नीतिको आलोचना गर्न लगाएको बताइन्।

महिला भन्नेबित्तिकै सुन्दर देखिनुपर्छ भन्नेका लागि लेडी गागाको यो ठूलो झापड थियो। उनले पहिरनमा गर्ने भिन्नभिन्न प्रयोगले फेसनलाई 'युनिक' रूपमा स्वीकार्न सञ्चार माध्यम बाध्य बन्यो। तर अझै पनि अमेरिकी मनोरञ्जन उद्योगमा उत्कृष्ट र खराब पहिरनको भोटिङ हुन्छ। मतका आधारमा नराम्रो पहिरनमा परेका कलाकार तथा मोडललाई मिडियाले उछितो काड्छ भने सामाजिक सञ्जालमा ट्रोल पनि उत्तिकै। गायिका गागाले दिएजस्तो झापड अन्य देशका मनोरञ्जनमा काम गर्नेहरूले लगाउन सकेका छन् त ?

मनोरञ्जनको दुनियाँमा अधिकांश युवकयुवतीको आसक्ति नै काफी छ, यो बताउन। चाहे स-साना सहरबाट काठमाडौंमा आउने भीड या भनौं धनाढ्य खान्दानी परिवारबाट आउने युवा। विराटनगरबाट नायिका बन्ने सपना बुनेर आएकी रेखा थापा होऊन् या राजा सुरेन्द्रकी सन्तति साम्राज्ञीराज्यलक्ष्मी शाह, मनोरञ्जनले सबैलाई लोभ्याएको छ। नाम र दामको लोभमा युवा जमात मनोरञ्जन उद्योगमा आकर्षित देखिन्छ। यो उद्योगमा प्रख्यात भएपछि मात्र दाम र नाम कमाइन्छ भनिए पनि सुरुआती दिन त्यति सहज छैन। पछिल्लो समयका सामाजिक सञ्जाल *फेसबुक, ट्वीटर, इन्स्टाग्राम* र *युट्युब*जस्ता अनलाइन साइटले मनोरञ्जनको दुनियाँमा काम गर्ने कलाकार र मोडललाई चर्चा कमाउन सहयोग त गरेको छ। तर तनाव पनि उत्तिकै दिइरहेको छ। हरेकपल्ट नयाँ पहिरन, नयाँ जुत्ता तथा गरगहनामा देखिरहनु सम्भव छैन। सामाजिक सञ्जालले चुनौती झन् थपेको छ। फेरि संसारमै विडम्बना छ, महिलाको पारिश्रमिक जुनै क्षेत्रमा पनि पुरुषको तुलनामा थोरै छ। राम्रो देखिने दबाब पनि महिलालाई नै छ।

नेपालको मनोरञ्जन क्षेत्र त्यस्तो फराकिलो पनि छैन, जसरी भारतमा फैलिएको छ। त्यहाँ टीभीमै काम गर्ने कलाकारले हिट भएपछि प्रतिसिरिज भारतीय रुपैयाँ डेढ लाखसम्म पाउँछन्। तर नेपाली उद्योग त्यस्तो छैन। थोरै आम्दानीमा सधैं टिपटप भएर हिंड्न नसकिने बताउँछिन्, अभिनेत्री ऋचा शर्मा, ३२। ०६६ सालमा *फस्ट लभ*बाट चलचित्र उद्योगमा आएकी ऋचाका अनुसार आम्दानी हेरी खर्च गर्नुपर्छ। भन्छिन्, "हामीसँग त्यस्तो धेरै पैसा छैन, सधैं फेरी-फेरी नयाँ लगाएर हिंड्न सकियोस्। ठाउँअनुसार विशेष पहिरन लगाउनुपर्छ। तर हरेक दिन नयाँ सम्भव छैन।"

ऋचाका अनुसार फेसन ट्रेन्डमा रमाउने कलाकार टन्नै छन्। साम्राज्ञी, स्वस्तिमा खड्का र प्रियंका कार्की ऋचालाई फेसेनेवल लाग्छन्। तर फेसनलाई आफू भने प्राथमिकतामा राख्दिनन्। सामाजिक सञ्जालको जमाना र 'शो बिजनेस' मा काम गर्ने भएकाले प्रस्तुतिमा ध्यान दिन जरुरी भएको ऋचा बताउँछिन्। भन्छिन्, "म ठीक, उचित र राम्रो देखिनुपर्छ। त्यसमा मात्र हो, मैले ध्यान दिने।"

आफूले मिडियामा काम गर्दा संक्रमणकालीन समय भएकाले उति समस्या नपरेको ऋचाले सुनाइन्। परम्परागत पहिरनका लागि ६/७ वटा बुटिकले उनलाई सहयोग गरेका छन्। सपिङका लागि अझै न्युरोड नै जान्छिन्। भएकै कपडा मिलाएर लगाउन जान्नु कला भएको उनी मान्छिन्। उनीसँग जिन्सको भेराइटी छ। पहिरन दोहोऱ्याएर पनि लगाउँछिन्। भन्छिन्, "कुनै कपडा यति आरामदायी हुन्छन्, त्यही मात्र लगाउन मन पर्छ।"

अभिनेत्री स्वस्तिमा खड्का, २४, लाई चलचित्रजस्तै पहिरन र प्रस्तुतिमा प्रयोग गरिरहन मन पर्छ। तर अरूलाई देखाउनकै लागि फेसन गर्न मन लाग्दैन। भन्छिन्, "मैले कहिल्यै दबाब महसुस गरिनँ। सबैलाई देखाउन जरुरी छैन। आफूलाई मन परेको, सुहाउने पहिरन लगाउने हो।"

सार्क फिल्म फेस्टिभलमा *बुलबुल*का लागि विशेष जुरी अवार्ड पाएकी स्वस्तिमाका अनुसार चलचित्र क्षेत्रमा अधिकांश कलाकारका आफ्नै डिजाइनर छन्। विशेष कार्यक्रमका लागि अन्य डिजाइनरका कपडा लगाइन्छ। भन्छिन्, "उनीहरूको कामको पनि प्रमोसन हुने अनि हाम्रो आवश्यकता पनि टर्ने। त्यसैले अन्य डिजाइनरको कपडा लगाउँछौं।" नेपाली डिजाइनर पनि अन्तर्राष्ट्रिय स्तरका हुँदै गएको स्वस्तिमाको बुझाइ छ। भन्छिन्, "सार्कमा र अन्य अन्तर्राष्ट्रिय क्षेत्र हेर्दा नेपाली डिजाइनर कम छैनन्।"

*गुगल*मा फेसन ह्याक भनेर टाइप गऱ्यो भने दर्जनौं भिडियो र समाचारका साइट भेटिन्छन्। यी भिडियो र साइटले एउटै कपडा, जुत्ता र गरगहनालाई कसरी फरक-फरक तरिकाले लगाएर प्रत्येक पटक नयाँ देखाउने भनेर सिकाउँछन्। फेसन ह्याक महिला फेसनपारखीमाझ प्रख्यात छ। फेसन ह्याकजस्तै अभिलाषा शर्मा एउटै कपडालाई

कहिले टिसर्ट त कहिले वनपिसका रूपमा लगाएको बताउँछिन् । भन्छिन्, “पहिरन लगाउन जान्नुपर्छ । एउटै कपडालाई पनि फरक-फरक शैलीले लगाउन सकिन्छ ।”

र्‍यापर निर्णय एनएसकेको गीतबाट म्युजिक भिडियोमा डेब्यु गरेकी अभिलाषा हिमालय कलेज अफ इन्जिनियरिङबाट ब्याचलर्स अफ इन्जिनियरिङ गर्दै छिन् । पढाइका कारण पनि इभेन्टमा जान समय हुँदैन । फुर्सद निकालेर म्युजिक भिडियो र र्‍याम्पवाक गर्ने भएकाले सपिङ जान समय कम हुने उनी बताउँछिन् । भन्छिन्, “कुनै इभेन्टमा जानैपरे र भनेकै कपडा नभए बुटिकको सहयोग लिने गरेकी छु ।” उनी सपिङ आफ्नै पैसाले गर्छिन् । अस्ट्रेलियाबाट बाआमाले पहिरन, जुत्ता र गरगहना पठाइदिने कारणले पनि उनलाई केही सहज हुने गरेको छ ।

बेलायत, थाइल्यान्ड घुम्न जाँदा एकैपल्ट थुप्रै पहिरन किनेर ल्याउँछिन्, मोडल सृष्टि खड्का, २२ । उनलाई भने बुटिकको ड्रेस लगाउन खासै मन पर्दैन । भन्छिन्, “मलाई एलर्जी हुन्छ, त्यही भएर पनि लगाउँदिनँ ।”

प्रायः आफ्नै पहिरन लगाउने सृष्टिका मोडलिङ क्षेत्रमा थोरै मात्र साथी छन् । *इन्स्टाग्राम*मा देखाउनकै लागि नयाँ-नयाँ फोटा राख्ने, सस्तो सामान किने पनि ब्रान्डको हो भनेर गफ दिने व्यक्ति उनलाई मन पर्दैनन् । भन्छिन्, “शोअफ गर्ने धेरै छन्, त्यही भएर साथी बन्न सक्दिनँ ।”

हरेक दिन बाहिर निस्कन सृष्टि प्रायः जिन्सका आउटफिट लगाउँछिन् । एउटै पहिरन दोहोर्‍याएर लगाउन रुचाउँदिनन् । ३ वर्षदेखि उनी मनोरञ्जन क्षेत्रमा काम गर्दै छिन् । मोडलिङ, विज्ञापन तथा म्युजिक भिडियोमा काम गरिरहेकी सृष्टि परिवारबाट खर्च नलिएको बताउँछिन् । भन्छिन्, “म आफ्ना लागि आफैँ खर्च जुटाउँछु । मितव्ययी हिसाबले खर्च गर्छु ।”

अभिनेत्री झरना थापाले जाडो महिनामा वनपिस लगाउँदा सञ्चार माध्यम तातेको थियो । प्रियंका कार्कीले वनपिस लगाउँदा उस्तै प्रतिक्रिया आयो । पत्रकारले सोध्दा उनले जवाफ दिएकी थिइन्, “हिरोइनलाई कहाँ चिसो लाग्छ ? उनीहरू त ग्लामरस देखिनुपर्‍यो नि ।” मिडिया या फ्यानले कलाकार तथा मोडललाई राम्रो बन्न दबाब दिएका यी केही उदाहरण हुन् । तर मिडियाले यस्तो कुनै दबाब नदिएको कलाकारद्वय ऋचा र स्वस्तिमाको तर्क छ । त्यस्तो खाले कुनै दबाब नझेलेको उनीहरूको अनुभव छ । यी कलाकारले भनेझैँ मिडियामा राम्रो देखिने दबाब छैन भने किन हाम्रा कलाकार तथा मोडल राम्रो देखिने होडबाजीमा छन् ? किन उनीहरू आफ्नो क्षमता तिखार्नभन्दा पनि *इन्स्टाग्राम* र *फेसबुक*मा फोटो राख्न व्यस्त छन् ? गायिका गागाले जस्तो कुनै विशेष ‘कज’ का लागि पहिरन लगाएका छन् ? ने

ऋचा शर्मा >

सिक्किमा *आप्पा* प्रदर्शनपछि प्रशंसकमाझ अभिनेता दयाहाङ

सिमानापारि सिने-क्रेज

भारतमा नेपाली फिल्मको फैलिँदो बजार

गोकर्ण गौतम

नेपालमा *कबड्डी कबड्डी* प्रदर्शन भएको केही महिना मात्र बितेको थियो, कालिङपोङको एउटै पसलबाट दैनिक २ हजार जनाले यो फिल्म पेनड्राइभमा सारेको देखे, अनमोल गुरुङले । कालिङपोङमै फिल्म र सांगीतिक कर्ममा सक्रिय अनमोलले नेपाली फिल्मको क्रेजको छनक पाए ।

कबड्डी त *युट्युब*मा आउनुपहिल्यै त्यहाँ पुगिसकेको थियो । यसैगरी पेनड्राइभमा सार्न मारामार भएको थियो । नेपाली फिल्म पूर्व र पश्चिमका हलबाट पाइरेसी भएर सिक्किम-दार्जिलिङ क्षेत्र पुग्छन् । नयाँ फिल्म पुगेको थाहा पाउनसाथ पसलमा भीड लाग्छ । अनमोल निश्चिन्त भए, नेपाली फिल्म हलमै रिलिज भए हल प्रिन्ट र *युट्युब*मा हेर्नुपर्ने बाध्यता हट्छ र व्यापार पनि बढ्छ । तर नेपाली फिल्म ल्याउने पो कसरी ?

चार वर्षपछि अनमोलले 'बोल्ड' निर्णय गरे, आफैँ नेपाली फिल्म बनाउने, नेपाली कम्पनीसँग सहकार्य गर्ने । त्यसो गर्दा सेन्सर गरेर भारतमा चलाउन पनि सहज । त्यसकै नतिजा हो, *आप्पा* । नेपालमा यस फिल्मको व्यापार औसत रह्यो । तर नेपालीभाषी बाहुल्य रहेका भारतीय सहरमा व्यापारका रेकर्डै रेकर्ड । निर्माता-निर्देशक तथा वितरक अनमोलका अनुसार *आप्पा* सिक्किम, कालिङपोङ, डुवर्स, कोलकाता, आसाम, खर्साङ, जलपाइगुढीका हलमा नियमित प्रदर्शन भयो । कोलकाताको आइनोक्स साउथ सिटी मलमा लगातार दुई साता चल्यो, जबकि त्यतिबेला शाहिद कपुरको *कबिर सिंह* पनि प्रदर्शनरत थियो । दार्जिलिङ र सिलिगुढी क्षेत्रमा लगातार ५१ दिन मनायो । "दार्जिलिङको आइनोक्समा त अहिलेसम्मकै उच्च कलेक्सन गर्‍यो । *बाहुबली*लाई पनि जित्यो," अनमोल खुसी साटछन्, "१ करोड ६० लाख भारु लगानी भएको थियो । सुरुआती दुई-तीन सातामै उठ्यो । त्यसपछिको नाफा हो ।"

अनमोल यो व्यापारको पहिलो जस *आप्पा*का मुख्य अभिनेता दयाहाङ राईलाई दिन्छन् । किनभने *लुट, कबड्डी, कबड्डी कबड्डी, वीरविक्रम*जस्ता फिल्मले त्यहाँका नेपालीभाषीमाझ दयाहाङ लोकप्रिय छन् । उनका हरेक गतिविधि र फिल्मलाई त्यहाँका फ्यानले उत्सुकतासाथ पछ्याउँछन् । तर समस्या उही, हलमा उनका फिल्म हेर्न नपाउने । अनमोलले सुनाए, "मलाई दया दाइको अभिनय राम्रो लाग्छ नै । सँगै उहाँको लोकप्रियता देखेको छु । त्यसैले व्यापारमा सघाउ पुग्ने लोभले उहाँसँग काम गरेँ ।"

*आप्पा*को चरित्र र कथावस्तु मन पर्‍यो

दयाहाङलाई। त्योभन्दा ज्यादा क्रेज र सम्भावित व्यापारले आकर्षित भए उनी । निर्माता पनि बनिसकेका दयाहाङ भन्छन्, "हाम्रा सिनेमाको लगानी बढे पनि कमाइको स्रोत बढ्न सकेको छैन । घाटैघाटा भएका बेला नयाँ बजार पहिल्याउनु अभिनेताको रूपमा मेरो दायित्व पनि हो ।"

निर्माणको आधा शताब्दी नाघिसक्दासमेत नेपाली फिल्मको गुणात्मक पक्ष अपेक्षाकृत उकासिएको छैन । बजेट अभाव पनि यसको कारण हो । नेपाली फिल्मको औसत बजेट २ करोड पुग्नै लाग्दा पनि बजार विस्तार हुन सकेको छैन । दयाहाङकै *लुट*ले नेपाली डायस्पोरामा उपस्थिति जनायो । *कबड्डी*ले अर्को इँटा थप्यो । तर अस्वस्थ प्रतिस्पर्धा र फिल्मको गुणस्तर अब्बल हुन नसक्दा डायस्पोरा फेरि शिथिल भएको छ। ओभरसिजमा नेपाली फिल्म नियमित प्रदर्शन गर्न लागिपरेका हाइलाइट्स नेपालका सञ्चालक ओम गुरुङ आफैं नियमित अस्ट्रेलियामा बस्न थालेका छन्। च्यारिटी र सामुदायिक सोबाहेक अस्ट्रेलिया, अमेरिका, बेलायत, हङकङजस्ता देशमा नेपाली फिल्म हलमै नियमित प्रदर्शन शून्यप्रायः छ। देशभित्रकै हलको व्यापार उस्तै डामाडोल छ। वर्षमा झन्डै सय सिनेमा बने पनि घरेलु बजारबाटै लगानी उठाउने सिनेमाको संख्या पाँच पुग्दैन। दयाहाङ भन्छन्, "अब सिक्किमको बजार नेपाली फिल्मका लागि ठूलो ढाडस बन्न सक्छ। त्यहाँ नेपाली फिल्म र कलाकारप्रतिको माया साँच्चै अद्भुत रहेछ ।"

*आप्पा*को सुटिङकै लागि पहिलोपल्ट दयाहाङ दार्जिलिङ, कालिङपोङ र सिक्किम पुगेका थिए । जहाँ पुग्थे, त्यहीँ शुभेच्छुकको भीड लाग्थ्यो । भन्छन्, "त्यतिविघ्न प्रेम पाइएला भनेर सोचेकै थिइनँ । हरेक नेपाली कलाकारलाई उत्तिकै माया गर्दा रहेछन् ।"

मातृभाषाको फिल्म हेर्न नपाएको भोक छ । नेपालभन्दा सिक्किम-दार्जिलिङ क्षेत्रमा नेपाली सिनेमा मन पराउने जमात ठूलो छ ।

– **अनमोल गुरुङ**, निर्देशक/निर्माता

अनमोलका अनुसार सिक्किम-दार्जिलिङ क्षेत्रमा ७० लाख नेपालीभाषी छन्। आसाम, दार्जिलिङ, सिलिगुढी, उत्तरबंगालमा नेपाली एकत्रित भएर बसेका छन् भने अन्यत्र छरिएर । अधिकांशको पहुँच मल्टिप्लेक्समा छ, जो नियमित हल पुग्न सक्छन् । उनी भन्छन्, "मातृभाषी फिल्मको भोक छ । यहाँ नेपाली सिनेमा मन पराउने जमात ठूलो छ।" त्यहाँका दर्शक छिटो र हलमै फिल्म हेर्न आतुर रहेको उनको बुझाइ छ ।

कुनै समय उक्त क्षेत्रले नेपाली फिल्म बजारको ठूलो हिस्सा ओगटेको थियो । *दर्पणछाया*ले सय दिन मनाएको थियो। नेपाली फिल्म उकास्न तुलसी घिमिरे, निरुता सिंह, शम्भु प्रधान, उत्तम प्रधानजस्ता उताका फिल्मकर्मीको भूमिका उल्लेखनीय छ। तर बिस्तारै त्यहाँका हलमा नेपाली फिल्म लाग्नै छाडे । यसको पछाडि तीन कारण औंल्याउँछन्, अनमोल । पहिलो, त्यता र यताका फिल्म वितरकबीच हिसाब पारदर्शी नहुँदा पैदा भएको अविश्वास। दोस्रो, सिक्किम-दार्जिलिङले अपनत्वबोध गर्ने र बुझ्ने कथा अभाव । महत्त्वपूर्ण र तेस्रो, नेपाली फिल्मकर्मी अमेरिका र अस्ट्रेलिया धाउन थाले तर छेवैको सिक्किम-दार्जिलिङलाई वास्तै गरेनन् । जबकि ती देशभन्दा भारतमै नेपालीभाषी बढी बस्छन् । अनमोल भन्छन्, "हिजो जे भयो, भयो । अब नेपाली फिल्म र यस क्षेत्रको सान्निध्य हुनुपर्छ। यहाँका दर्शकलाई नेपाली फिल्म हेर्नु छ, नेपाली फिल्ममेकरलाई व्यापारको नयाँ थलो चाहिएको छ। यो समीकरण मिलाइयो भने दुवै पक्षलाई फाइदा हुन्छ ।"

भारतका विभिन्न सहरमा आक्कलझुक्कल पुग्ने नेपाली फिल्म प्रोजेक्टर राखेर देखाइन्छ, हलमै देखाइयो भने एक-दुई सोमै सीमित हुन्छ। दयाहाङकै शब्दमा प्रोजेक्टरमा देखाउँदा फिल्मकै अपमान हुन्छ, न त दर्शकै सन्तुष्ट हुन्छन्। उनी थप्छन्, "नेपाली निर्माताले व्यापार भएन भनेर रोइलो गर्नुभन्दा सम्भावनासम्म पुग्न सक्नुपर्छ। भारतको नेपालीभाषी क्षेत्र हाम्रा लागि उर्बर हुन्छ।" नियमित फिल्म चल्दा व्यापार फराकिलो हुनुका साथै नेपालीभाषीबीचको सामीप्य प्रगाढ बनाउने र सांस्कृतिक आदान-प्रदानमा भूमिका खेल्ने उनको बुझाइ छ ।

*आप्पा*पछि अनमोलको टिमले दयाहाङकै *कबड्डी कबड्डी कबड्डी* उक्त क्षेत्रमा प्रदर्शन गर्दै छ । भारत प्रदर्शन राइट्सको १४ लाख भारु छ । नेपालमा ३ असोजमा प्रदर्शन हुनेछ भने भारतमा त्यसको एक सातापछि । प्रमोसनका लागि कलाकार चाहिने भएकाले एक साता ढिला हुने अनमोलले जानकारी दिए । *इन्टु मिन्टु लन्डनमा* रि-रिलिज हुँदै छ । नेपाली फिल्म भारत प्रदर्शनका लागि सेन्सरको झमेला चर्कै छ । सेन्सरका लागि समय पाउन घटीमा सय दिन कुर्नुपर्छ भने एक लाख हाराहारी खर्च हुन्छ । अनमोलको सुझाव छ, "भारतीय कम्पनीसँग को-प्रोडक्सन भयो भने सेन्सर प्रक्रिया सहज हुन्छ। यतातिर पनि हामीले सोच्नुपर्छ ।" ने

हाम्रा सिनेमाको लगानी बढे पनि कमाइको स्रोत बढ्न सकेको छैन । घाटैघाटा भएका बेला नयाँ बजार पहिल्याउनु अभिनेताको रूपमा मेरो दायित्व पनि हो ।

– **दयाहाङ राई**, अभिनेता

क्रान्तिकारी पत्रिकामा राजाको दीर्घायु कामना

शिशिर वैद्य

O३६ सालतिर प्रकाशित *अनुभूति* त्रैमासिक, पूर्णांक ४–५, स्तालिन अंक थियो। रुसी कम्युनिस्ट पार्टीका शक्तिशाली नेता स्तालिनमाथि लेखिएका कविता, लेख, जीवनी एवं विभिन्न रचना प्रकाशित छन्, पत्रिकामा । पत्रिकाको अन्तिम गातामा तीन विज्ञापन छापिएका छन् । अन्तिम पानाको विज्ञापनमा नेसनल ट्रेडिङ लिमिटेडको तर्फबाट विजयादशमीको शुभकामना छ। भित्री गातामा श्री ५ महाराजाधिराज र बडामहारानीको दीर्घायुको कामना गरिएको शुभकामना सन्देश छ।

पञ्चायती क्रूरता चरम बिन्दुमा रहेको वर्ष हो, ०३६ साल । निरंकुश मानिएको यस्तो समयमा स्तालिनको महानताको गाथा एवं कम्युनिस्ट सिद्धान्त र विचारले भरिएको पत्रिकामा महाराजाधिराजको दीर्घायुको कामना ? प्रश्नले मन उद्विग्न भयो। त्यसैले केही समयअघि जम्मा पारेका पुराना साहित्यिक पत्रिका फेरि एक पटक पल्टाउन मनमस्तिष्कले झक्झकायो।

मेरा अगाडि थिए *सुस्केरा, अक्षलोक, नौलो साहित्य, संकल्प, कटिबद्ध, युगबोध, मधुमास, दियालो, वेदना, उत्साह, नेपाली साहित्य, युवा साहित्य, नवआलोक, झिसमिसे, दियो, जनसाहित्य, युग विजय, हातेमालो, नयाँ कदम, निर्माण, रातो क्षितिज, साहित्य, स्वास्नीमान्छे, सितु, मूल्यांकन, रत्नश्री, नेपाल पत्र, मुक्ति*...। पत्रिका र विज्ञापन एकअर्काका पूरक हुन्, सहयोगी हुन्। विज्ञापन पत्रिकाको आर्थिक मेरुदण्ड हो । त्यसैले पत्रपत्रिकामा नववर्षको शुभकामना, प्रजातन्त्र दिवसमा शुभकामना छापिनु स्वाभाविकै हो। तर वामपन्थी विचारधाराका पक्षपोषक पत्रपत्रिकामा राजाको दीर्घायु कामना कताकता नमिलेजस्तो, नसुहाएजस्तो लाग्ने रहेछ। माथि उल्लिखित सबै पत्रिका यो विरोधाभासपूर्ण विज्ञापनका भागीदार हुन् भन्न मिल्दैन। भनौँ, कम्तीमा मेरा अगाडि भएका अंकमा ती चोखा थिए, यो मामिलामा। थुप्रै पत्रिकामा विभिन्न संघसंस्था र कलकारखानाका तर्फबाट विजयादशमी र नववर्षको शुभकामना विज्ञापन प्रकाशित छन् । तर केही पत्रिकाका विज्ञापन निकै विरोधाभासपूर्ण छन् । जस्तो, ०३० साल असारमा प्रकाशित *संकल्प* मासिकमा १३ विज्ञापन युवराजधिराजको तेस्रो शुभजन्मोत्सव अवसरमा दीर्घायुको कामनासहित छापिएका छन् । पत्रिकाको दोस्रोदेखि सातौँ पाना पल्टाउन्जेलसम्म पाठक ती विज्ञापन पढ्न र हेर्न बाध्य हुन्छन्। ०३८ साल वैशाखमा प्रकाशित *नौलो साहित्य*को पूर्णांक ६, राजनीतिक लेख अंकमा विशेष सामग्रीका रूपमा नेपाल कम्युनिस्ट पार्टीका ऐतिहासिक दस्तावेज प्रकाशित गरिएका छन् । कम्युनिस्ट पार्टीको घोषणापत्र, कार्यक्रम मस्यौदा, पार्टी सदस्यका लागि मात्र भनेर लेखिएको दस्तावेज, चुनावी घोषणापत्र आदि छापिएको पत्रिकाको यो अंक कम्युनिस्ट पार्टीको इतिहासबारे पढ्न इच्छा राख्नेका लागि निकै महत्त्वपूर्ण हो। कम्युनिस्ट पार्टीका ऐतिहासिक तथ्य छापिएको पत्रिकाको यस अंकमा ठूल्ठूला अक्षरमा श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवलाई ३६ औँ जन्मोत्सवको शुभकामना व्यक्त गरिएको नेसनल ट्रेडिङको विज्ञापन पनि छापिएको भेटिनुलाई सामान्य रूपमा कसरी लिने ? ०४४ सालमा प्रकाशित *सुस्केरा* द्वैमासिकमा मोदनाथ प्रश्रित, राधाकृष्ण मैनाली, हिरामणि शर्मा पौड्याललगायतका समालोचना, कविता आदि प्रकाशित छन्। *सुस्केरा*को यस अंकमा श्री ५ महाराजाधिराजको ४३ औँ शुभजन्मोत्सवको उपलक्ष्यमा चिरायु तथा भक्तिपूर्वक शुभकामना विज्ञापन छापिएको छ । त्यस्तै, ०३७ सालमा प्रकाशित *कटिबद्ध* मासिकमा पनि महाराजाधिराजको ३६ औँ शुभजन्मोत्सवको उपलक्ष्यमा सुस्वास्थ्यको कामनासहित शुभकामना सन्देश छापिएका छन्। *अक्षलोक* त्रैमासिक, *संचेतना* त्रैमासिक, *मुक्ति* मासिक, *निर्माण* मासिक, *दियालो* आदि पत्रिकामा पनि यस्ता शुभकामना विज्ञापन छापिएका उदाहरण थुप्रै छन् । भक्तपुर नगर पञ्चायतले छापेको *पञ्चायत* र मदनदेव भट्टराई प्रधानसम्पादक र मुमा बडामहारानी संरक्षक रहेको *रत्नश्री*जस्ता पत्रिकामा यस्ता विज्ञापन छापिनुलाई सामान्य रूपमा लिन सकिन्छ। तर वामपन्थी विचारधारा, प्रगतिशील साहित्य, लेख, समालोचना आदि सामग्रीको संकलन रहेका पत्रपत्रिकामा महाराजाधिराजहरूको दीर्घायु कामनासहितका विज्ञापन उचित मान्न अलि गाह्रै पर्दो रहेछ । भन्नेले ती विज्ञापन व्यावसायिक कुरा हो भन्लान्, पत्रिकाको सिद्धान्त र विचारसँग त्यसको कुनै सरोकार छैन पनि भन्लान् । तर व्यावसायिकताका नाममा आर्थिक लाभका लागि राजा-महाराजाहरूको दीर्घायु कामना पनि छाप्ने अनि क्रान्तिका कुरा पनि छाप्ने प्रवृत्तिलाई कसरी बुझ्ने ?

माथि उल्लिखित र उल्लेख नगरिएका विभिन्न साहित्यिक पत्रपत्रिकाको मूल उद्देश्य सामाजिक वास्तविकता र वैचारिक सामग्रीलाई सशक्त रूपमा आम मानिससामु पस्किनु थियो। *झिसमिसे*, वर्ष २२ पूर्णांक ३५ मा सम्पादक रघु पन्त लेख्छन्, 'राजनीतिक आन्दोलनले मानिसलाई जुलुसमा ओराल्यो, नारा लगाउन सिकायो, संघर्ष गर्न

के वामपन्थी विचारधाराका यी पत्रपत्रिकाप्रति दरबारले नरम नीति लिएकै थियो त ?

लगायो तर संस्कारयुक्त नयाँ मानिसको निर्माण गर्न सकेन । नयाँ मान्यता, मूल्य र जीवनशैलीका लागि उत्प्रेरित गर्न सकेन । नयाँ आदर्श र आस्थाको स्थापना गर्न सकेन । मानिसको संस्कारमा परिवर्तन र व्यवहारमा परिमार्जन ल्याउन सकेन । साहित्य यसमा प्रभावशाली माध्यम बन्न सक्ला भन्ने आशाका साथ हामी तपाईंमाझ झुल्केका छौँ ।' अनेक नाममा विभिन्न जिल्लाबाट प्रकाशित भएका यस्ता साहित्यिक पत्रपत्रिकाको उद्देश्य यस्तै थियो । सबै सम्पादकको भनाइ पनि लगभग यस्तै थिए । तर ती विशुद्ध साहित्यिक पत्रिका मात्रै थिएनन् । त्यस समय प्रकाशित हुने थुप्रै साहित्यिक पत्रपत्रिका पार्टीका मुखपत्रजस्तै थिए ।

३० वर्ष लामो पञ्चायती शासनमा निरंकुशता झेल्दै थुप्रै साहित्यिक पत्रपत्रिका प्रकाशित भए । कैयौँ पत्रिकामाथि पटक-पटक प्रकाशनमा बन्देज पनि लागे । पत्रिकामा राज्यविरुद्धका सामग्री छापेको निहुँमा पत्रकार-सम्पादकहरू जेल परे । छापाखानामा ताला लागे । उद्देश्यमूलक यस्ता पत्रपत्रिका प्रकाशित गर्नु र निरन्तरता दिनु चुनौतीपूर्ण समय थियो । कतिपय अवस्थामा सेन्सरका मान्छे 'तँ छाप्, म नदेखेजस्तो गर्छु तर अलि नरम है, हामीलाई पनि अप्ठेरो नपरोस्' पनि भन्थे । चुनौती लिए पनि आफू बच्ने उपाय पहिल्यै लगाउँथे । विभिन्न चुनौतीको सामनाका साथ प्रकाशित यस्ता पत्रपत्रिकामा ठूलठूला अक्षरमा छापिएका विज्ञापनरूपी महाराजाधिराजको जयगानले भने क्रान्तिकारी लेखरचनाको चुरोलाई गिज्याएजस्तो लाग्दो रहेछ । जतिसुकै सर्वहारा वर्गको पक्षमा लेखिएका साहित्य भए पनि विपक्षीलाई कुरा काट्न यी विज्ञापनले प्रशस्त स्थान दियो । कुरा काट्न र आरोप लगाउन जति सजिलो हुन्छ, प्रमाणित गर्न त्यति नै कठिन । के साँच्चै वामपन्थी विचारधाराका यी साहित्यिक पत्रपत्रिकाप्रति दरबारले नरम नीति लिएकै हो त ? जवाफ कसले दिने ?

राजाको दीर्घायुको कामनासहितका विज्ञापन छापिएका भए पनि यी पत्रपत्रिका समाजमा चेतना फैलाउन र वामपन्थी विचारधारालाई प्रचारप्रसार गर्न महत्त्वपूर्ण साधन थिए । त्यति मात्रै होइन, यी साहित्यिक पत्रिका युवा लेखकले आफ्ना रचना छाप्न पाउने बिसौनी पनि थिए । वर्तमान समयका थुप्रै नामी लेखकले सुरुआती लेखन यिनै साहित्यिक पत्रिकाबाट गरेका अनेकौँ उदाहरण छन् । विज्ञापनशून्य पत्रिका पनि नभएका होइनन् । ती कसरी चलेका थिए, प्रकाशक-सम्पादकले नै भन्न सक्लान् । *मूल्यांकन*, *झिल्को*जस्ता म्यागजिन पनि थिए, जसको माग बजारमा अत्यधिक थियो । यी पत्रिकाका नयाँ अंक कहिले आउला भन्ने प्रतीक्षामा रहन्थे, पाठक ।

साहित्यिक पत्रपत्रिकाको पञ्चायतकालीन भीड सुकेको छ । औँलामा गन्न सकिने केही अनेक नामधारी साहित्यिक पत्रिकाले पत्रकारिताको यो विधालाई धान्ने प्रयास गरिरहेका छन् । तर ती पत्रिकाको विज्ञापनशून्य अवस्थाले वर्तमान महँगो र प्रतिस्पर्धी बजारमा ती कसरी चलिरहेका छन् भन्ने प्रश्न भने मनमा उब्जिँदो रहेछ । साहित्यको बजारमा साहित्यिक पत्रिकाभन्दा पनि विभिन्न विधाका साहित्यिक पुस्तक प्रकाशनको संख्या अत्यधिक बढेको छ । साहित्य लेख्ने, पढ्ने र प्रकाशन गर्नेको संख्यामा भएको वृद्धिलाई सकारात्मक नै मान्नुपर्छ । यसले राम्रो लेख्न र उत्कृष्ट कलेबरमा साहित्यलाई प्रस्तुत गर्ने प्रतिस्पर्धा बढाएको छ । राजतन्त्रको समाप्तिसँगै दीर्घायु कामनाका विज्ञापन स्वतः बन्द भएका छन्, राजतन्त्रको वकालत गर्ने केही राजावादीका पत्रिकाबाहेक । तर यससँगै साहित्य प्रकाशनमा विज्ञापनको स्थान प्रायोजनले लिएको छ । साहित्यसम्बन्धी भइरहेका विभिन्न कार्यक्रम यसका साक्षी हुन् । ने



रङ

गुलाबी कथावाचक

अमर न्यौपानेको नयाँ उपन्यासमा किशोरी मनोविज्ञान

राजकुमार बानियाँ

तस्बिर : सरोज बैजु

'त पाईं सुविन भट्टराई बन्न खोजेको हो ?'

फूलबुट्टे गातावाला *गुलाबी उमेर* आउने खबर पाएपछि आख्यानकार अमर न्यौपाने, ४२, लाई यदाकदा सोध्न थालिएको छ । यसै वर्ष बिहेवारी गरेका अमर त्यसलाई शालीन ढंगले प्रतिवाद गर्छन् । "सुविनका उपन्यास पढ्नुस् त, त्यसका पात्र एमए पढ्दै हुन्छन्, कम्तीमा पनि २३ वर्ष पार गरेका," उनी भन्छन्, "मैले ७ देखि १२ कक्षा पढ्नेहरूको कथा समेटेको छु । उनले तिनका बारे लेखेका भए त म किन दोहोऱ्याउँथें र ?"

१३ देखि १९ वर्षसम्मको उमेर अर्थात् 'टिनेज' । शारीरिक र मानसिक रूपमा छिट्छिटो बदलिने त्यही उमेरलाई विचारेर लेखिएको आख्यान नै पाएनन्, अमरले । अनि त्यो उमेरको नेपाली नाम पनि कतै भेटेनन् । उनको भाषामा गुलाबीको अर्थ गुलाफको फूल होइन । बरू जीवनको रङमा गाढा र फिक्काको मिसावट हो ।

उपन्यासको बीज ०६७ असारमै रोपिएको रहेछ, *नेपाल* म्यागजिनमा । किशोरी मनोविज्ञान उधिनिएको त्यही 'अहं ममी' शीर्षकको बीजकथालाई नै उपन्यासको रूप दिने सोचेर २०-२५ हजार शब्द भेला पारेछन् । *सेतो धरती* लेख्न थालेपछि ल्यापटपमा त्यत्तिकै थन्काएछन् । र, नौ वर्ष पुरानो त्यही भ्रुण अहिले अमरको चौथो आख्यानका रूपमा जन्मिएको छ । लेखकले मुख्य पात्र किशोरीको नाम भने गुपचुप नै राखेका छन् ।

ती किशोरीलाई उनले १० कक्षामा भेटेका थिए । उपन्यासको बिर्को लगाउने बेला उनी गुलाबी उमेरमा थिइनन् । अमरको आकांक्षा छ, उपन्यास पढ्दा प्रत्येक किशोरीले कतै न कतै आफूलाई भेटून् । उपन्यासमा उनले उत्तरआधुनिकतावादको 'रिडर्स रेस्पोन्स थ्यौरी' प्रयोग गरेका छन् । किशोरीले शिक्षकलाई लेखेको पत्र अनि शिक्षकको प्रतिकथन समेटिएको छ । "*सेतो धरती* लेख्दा म कलिलै थिएँ तर छिप्पिएको उमेरका कथा लेखें । *गुलाबी उमेर* लेख्दा छिप्पिएँ तर अल्लारे उमेरबारे खोतलें," लजालु स्वभावका यी लेखक भन्छन्, "यो मैले दिएको खुला परीक्षा हो । जाँच्ने काम पाठक र समीक्षकको ।"

खासमा १२ वर्षे मास्टरीको प्रतिफल हो, *गुलाबी उमेर* । उनी कक्षाकोठामा २० मिनेट पढाउँथे, २० मिनेट स्कुले कथा सुन्थे । "मैले स्कुलेलाई किताबका कुरा पढाएं, तिनले मलाई जीवनका कुरा पढाए, मैले भनेर गृहकार्य दिएँ, तिनले मलाई नभनेर गृहकार्य दिए," उनी फर्माउँछन्, "खासमा किताबी कुरा मेरो थिएन । स्कुलेहरूको जीवन भने मौलिक थियो, अनुहार र औँठाछापजस्तै ।"

वैदिककालीन उमेरका मानक छन्, २५ वर्षसम्म ब्रह्मचर्याश्रम, २५ देखि ५० सम्म गृहस्थाश्रम, ५० देखि ७५ सम्म वानप्रस्थाश्रम र ७५ देखि मृत्युसम्म सन्यासाश्रम । पेन्टिङलाई निरन्तरता दिन नसकेको क्षतिपूर्ति साहित्यमा लिइरहेका उनलाई झोक चल्यो- जीवन भनेकै रङ हो । रङलाई उमेरको आधुनिक मानक किन नबनाउने ? "उमेरबारे लेखिएका किताब खोजें, शब्दकोश खोजें, विद्वान्लाई सोधें, केही हात लागेन," उनी सुनाउँछन्, "रङका आधारमा उमेर बाँड्न दुई वर्ष लाग्यो ।"

अमरको रङ-दर्शन छ, १२ वर्षसम्म पल्लवी, १३ देखि १९ गुलाबी, २० देखि ४० मखमली, ४१ देखि ६० बैजनी र ६१ देखि आसमानी । पल्लवी उमेर अर्थात् हरियो पनि नभइसकेको मुना, पालुवा वा पिपिरा । मखमली उमेर अर्थात् गाढा भएको गुलाबी रङ । गुलाबी रङमा थपिएको रातोपन । जीवनको प्राइम टाइम । बैजनी उमेर- मखमली रङमा नीलो रङ थपिएको अवस्था । दिमागले जीवन चलाउने प्रयासमा लागेका मानिस । त्यसपछि आउँछ आसमानी उमेर । आसमान अर्थात् आकाश । जीवनको गहिराइ र अनन्तताको प्रतीक । "यसमा गुलाबी उमेरको कथा मात्रै लेखेको छु," उनी सिरिजतिर संकेत गर्छन्, "पछि बैजनी, पल्लवी र आसमानी उमेरको कथा लेख्न पनि सक्छु ।"

यो उपन्यास सूक्तिमय छ । जस्तै, 'आंधीलाई झैं सम्हाल्न गाह्रो । तर सम्हालिसकेपछि बहारजस्तै सुवासिलो लाग्ने उमेर यही हो । कहिल्यै थकाइ लाग्दैन जस्तो, कहिल्यै रोग लाग्दैन जस्तो, कहिल्यै बुढ्यौली आउँदैन जस्तो र कहिल्यै मर्नुपर्दैन जस्तो लाग्ने उमेर पनि यही हो ।' 'संसारको सबैभन्दा महान् चित्रकार उमेर हो । नजानिँदो गरी प्रत्येक दिन उमेरले मानिसको रूप र स्वरूप फरक-फरक बनाउँदै जान्छ ।' 'काँचा भए पनि बुद्धिले नजितेका अनुभव साँचा हुन्छन् ।'



"*सेतो धरती* लेख्दा म कलिलै थिएँ तर छिप्पिएको उमेरका कथा लेखें । *गुलाबी उमेर* लेख्दा छिप्पिएँ तर अल्लारे उमेरबारे खोतलें । यो मैले दिएको खुला परीक्षा हो । जाँच्ने काम पाठक र समीक्षकको ।"

भन्नै परोइन, पुरस्कारका हिसाबले यी लेखक 'लक्की' छन् । उनको पहिलो आख्यान *पानीको घाम* (०६६) ले पद्मश्री पाएको थियो भने *सेतो धरती* (०६८) ले मदन पुरस्कार । *करोडौं कस्तूरी* (०७२) को खातामा पनि पुरस्कार छन् नै । "सधैं राम्रै पुस्तकले पुरस्कार पाउँछन् भन्ने पनि छैन र पुरस्कार नपाउनेहरू राम्रो लेख्दैनन् भन्ने पनि होइन," उनी भन्छन्, "तर पाउँदा भने राम्रै हो ।"

सुस्ताएको किताबी बजारमा अमरले उपन्यासको प्रचारमा कुनै कन्जुस्याइं गरेका छैनन् । "तपाईं अहिले गुलाबी उमेरमा हुन पनि सक्नुहुन्छ, नहुन पनि सक्नुहुन्छ । यदि तपाईंको जीवनमा गुलाबी उमेर आउँदै छ भने कल्पिंदै पढ्नुस्, भोग्दै हुनुहुन्छ भने अनुभव गर्दै पढ्नुस् र बिताइसक्नुभएको छ भने सम्झँदै पढ्नुस् ।" लेखकले यसो भनेपछि किताब कसो नपढिएला ! ने

नदेखिएका बीपी


शशांक कोइराला

बुबा बीपी कोइरालाको सार्वजनिक जीवनका प्रायः सबै पाटा देशलाई थाहा छ । *फेरि सुन्दरीजल*, *जेल जर्नल* र *आत्मवृत्तान्त*जस्ता कृति, लेख-रचना र स्मरणमा उहाँको सार्वजनिक जीवनवृत्तान्त देशका सामु छर्लंगै छ । उहाँको व्यक्तिगत र वैचारिक उचाइ विश्वलाई थाहा छ । उहाँको अदम्य साहस, उच्च कल्पनाशीलता, दूरदृष्टि र राष्ट्रप्रेम हामी सबैका लागि आज पनि प्रेरणा-स्रोत हुन् ।

पछिल्लो दशकमा गणेशराज शर्मा र प्रदीप गिरिले अप्रकाशित सामग्री प्रकाशित गरेर बीपीलाई युवा पुस्तामाझ लोकप्रिय बनाएको त सर्वविदितै छ । यसै मेसोमा पदमबहादुर थापा पनि जोडिइनुभएको छ । थापालाई म बनारसको संघर्षका दिनदेखि जान्दछु । बीपीलाई व्यक्तिगत र वैचारिक यो उचाइ कुन पृष्ठभूमिले दियो, त्यो थोरैलाई मात्र थाहा छ । आम मान्छेको जस्तै उहाँको जीवनमा पनि पीडा र गरिबीको पाटो कति कहरपूर्ण थियो, त्यो पनि थोरैलाई मात्र थाहा छ । जीवनभरि आफ्नो पीडा लुकाउने र देशको पीडा मेटाउने अभियानमै उहाँ व्यस्त रहनुभयो । आफ्नो निजी र पारिवारिक आवश्यकता बिर्सेर देशको आवश्यकतामा केन्द्रित हुनुभयो । यस स्थितिमा घर-परिवार कसरी चल्यो, पारिवारिक र राष्ट्रिय आवश्यकताबीच सन्तुलन कसरी कायम भयो, त्यो भने थोरैलाई थाहा छ ।

००८ देखि ०१३ सम्म लिखित बुबाको डायरी पहिलोपल्ट यस स्वरूपमा देशसामु आउन लागेको छ । यसले तमाम बीपीप्रेमी, विद्यार्थी, अन्वेषक र पत्रकारलाई जीवनका केही नयाँ पाटासँग पनि परिचित गराउने मेरो विश्वास छ ।

डायरीमा बुबाको दैनन्दिनीका तीन महत्त्वपूर्ण पाटा छन् । पहिलो, राजनीति । पाँच वर्षका महत्त्वपूर्ण राजनीतिक घटनाक्रम र तिनमाथि उहाँको दृष्टिक्षेप समेटिएको छ । यो राजा त्रिभुवनको निधन र राजा महेन्द्रको सत्तारोहणको समय हो । यसको अर्थ, अपेक्षाकृत उदार राजाबाट एक अनुदार राजाको हातमा देश पुगेको समय हो । यो बेला परास्त राणा शासनबाट प्रजातन्त्रवादी नेतृत्वको हातमा परेको देश पुनः परामर्शमण्डलका नाममा केही पुरातन चिन्तनका समर्थकको हातमा पुगेको समय हो । यो भर्खरै स्वतन्त्र भएको र अनेक महत्त्वाकांक्षासहित अगाडि बढिरहेको नयाँ भारतको उदयको पनि समय हो, जसको प्रत्यक्ष चासो नेपालमाथि थियो । यसैकारण सम्बन्धमा अनेक प्रकारका खटपट पनि थिए । यो नेपाल र चीनबीच पहिलोपल्ट द्विपक्षीय कूटनीतिक सम्बन्ध स्थापनाको समय पनि हो । विविध पार्टीको जन्म, विलय र विग्रहबीच नेपाली कांग्रेसले एउटा राष्ट्रिय पार्टीका रूपमा ठोस स्वरूप ग्रहण गरेको समय हो । ठूलोबुबा मातृकाप्रसाद कोइराला सरकारको उदय र पतन, प्रजापरिषद् र गोर्खा परिषद्को उदय, टंकप्रसाद आचार्यको राजनीतिक उत्कर्ष र पतन अनि एक शक्तिशाली राष्ट्रशक्तिका रूपमा नेपाली कांग्रेसको उदयको समय पनि ।

डायरीमा बुबाको जीवनको व्यक्तिगत पाटो निकै कारूणिक छ । परिवार, त्यहाँ व्याप्त गरिबी, सन्तानको जन्म र बढ्दो आवश्यकता, खस्कँदो स्वास्थ्य आदि विषयले पनि प्रवेश पाएका छन् । बुबाको जीवनको अधिकांश समय गरिबीको अकल्पनीय कहरमै बाँचेको थियो । सुशीला कोइरालाले यी सबै पीडा संयमका साथ सहँदै बुबालाई अविच्छिन्न रूपमा देशको सेवामा लागिरहन बल दिइरहनुभयो । हामी त्यसै गरिबीमा हुर्कियौँ । मनभरि घर, परिवार र सन्तानको पीडा बोकेर पनि बुबा राष्ट्रयज्ञमा लागिरहनुभयो । हाम्रो परिवारमा गरिबी र अव्यवस्थाको ग्रहण उहाँको जीवनकालमा कहिल्यै हटेन । तर कसैले पनि उहाँको अनुहार र कार्यशैलीमा त्यो पीडा अभिव्यक्त भएको देखेन । ठूलोबुबासँगको राजनीतिक घर्षण, आमाका अनेक कारूणिक कथा, सन्तान लालनपालनको व्यथा अनि पेट र घाँटीको समस्या उहाँको दैनन्दिनीका अक्षुण्ण पाटा थिए । तर तिनको छाया उहाँको ध्येय र उद्देश्यमा कहिल्यै परेन ।

डायरीको तेस्रो महत्त्वपूर्ण पाटो कला र साहित्य हो । उपन्यास, नाटक, राजनीतिक लेखन र चलचित्रका प्रसंग डायरीभरि छरिएका छन् । युरोप भ्रमणताका चित्रकला र मूर्तिकलाको चर्चाले उहाँमा समालोचकीय चेत कति प्रचुर रहेछ भन्ने बुझिन्छ । सामान्य मान्छेलाई असामान्य चिन्तक बनाउनमा अध्ययनको कति ठूलो भूमिका हुन्छ, त्यो प्रेरणा सबै पाठकले लिन सक्छन् । डायरीमा घरको बिचल्ली, यात्रामा देखिएका सुन्दर दृश्यमा आमा नहुँदाको रिक्तता, सम्बन्ध, प्रेम र यौनमाथिको दृष्टि तथा साहित्यमा तिनको चित्रणलगायत रूमानी र भावुक पाटो भेटिन्छन् । यसले नेपालको लोकतान्त्रिक र कांग्रेसको इतिहासका साथै व्यक्तिगत तथा निजी जीवनका विविध अध्ययनमा एउटा बलियो इँटा थपेको छ ।

(शिखा बुक्सको प्रकाशोन्मुख ***बीपी डायरी****बाट)*



तीन किताब

कृष्ण धरावासी | लेखक

विद्रोही हिटलर

जेल जर्नलजस्तो लाग्ने **माइन क्याम्फ** निकै तार्किक लाग्यो, निरपेक्ष भएर पढ्दा । एडोल्फ हिटलरलिखित यस किताबमा संसदीय व्यवस्थाका विकृति पनि खुलस्त पारिएको छ । हामीले अहिले भोगिरहेको संसदीय बेथिति र हिटलरको त्यो बयान दुरुस्तै मेल खान्छ । व्यक्ति हिटलर र उनका कदम पन्छाएर पढ्दा- राजनीतिक दृष्टि, क्रान्तिकारिता, राज्यमाथि चिन्तन, जर्मनीको अव्यवस्था आदिको निकै आकर्षक चित्रण भेटिन्छ । हिटलर तानाशाह मात्रै होइन, विद्रोही पनि थिए । भलै उग्र राष्ट्रवादी हिटलरका कारण लाखौँ-लाख व्यक्तिको संहार भयो ।

घाइते सेना-कप्तान हिटलर उपचारमै रहँदा पहिलो विश्वयुद्ध सकिएकाले उनी बचेका थिए । पहिलो युद्धपछि टाट पल्टेको जर्मनीले एक लाखभन्दा बढी सेना राख्न नपाउने, हातहतियार बनाउन-किन्न नपाउने र युद्धसिर्जित खर्बौं क्षतिको हर्जाना बेहोर्नुपर्थ्यो । सन् १९१९ मा जर्मन मजदुर पार्टीमा प्रवेश गरेका हिटलरले छोटो अवधिमै विभिन्न मोर्चाको अगुवाइ गरे । हिटलर बिनायोजना त्यो स्थानमा पुगेका थिएनन् । सत्तामा पुगेको लगभग पाँच वर्षभित्रै दोस्रो विश्वयुद्धको घोषणा गरे । हिटलरको उदयपछि अभूतपूर्व ढंगले जर्मनीसँग सेना, हातहतियार, पैसा जम्मा भयो, जुन रूस, बेलायत, फ्रान्स र अमेरिकाले अनुमान गरेकै थिएनन् सायद । चौतर्फी घेराबन्दीमा पर्दा जर्मनी हार्‍यो । तर ठूला शक्तिसँग आधा दर्जन वर्ष टिकिरहनु चानचुने सामर्थ्यले सम्भव थिएन । कथम् त्यो युद्ध जर्मनीले जितेको भए संसारको इतिहास अर्कै बाटोबाट अघि बढ्थ्यो र आज अमेरिकाको जुन प्रभुत्व छ, त्यो जर्मनीको हुन्थ्यो । विजितहरूकै इतिहास मान्य हुने प्रचलनअनुसार लाखौँको नरसंहारपछि पनि हिटलर विश्वनायक हुन्थे ।

द गुड अर्थमा चिनियाँ समाजको गरिबी, सामन्ती परिवेशबीच बढेको दासताको चरम अवस्था, किसानको दुरावस्था पढ्दा मलाई साह्रै पीडा भयो । पर्ल एस बकलिखित यो उपन्यासभित्र सामन्ती र सर्वहारा समाज छ तर मध्यमवर्गीय समाज नै देखिँदैन । धनी महिलाकी सेविका भएर काम गरेकी ओलान र गरिब किसान वाङलुङबीचको प्रेम र संघर्ष रोचक छ । आर्थिक उत्थानपछि सामन्ती स्वभाव विकास भएकाले वाङलुङ जुवा, परस्त्रीगमन, नोकरचाकर राख्नमा रमाउँछ । व्यक्तिभन्दा सम्पत्ति नै सामन्ती संस्कृतिमा अनुवाद गराउने हतियार भइदिन्छ । तर ओलाङमा भने कुनै ठालूपन पलाएको छैन । महिलाकै धैर्य र संघर्षका कारण परिवार र समाजलाई आजसम्म टिकाइराखेको छ । ओलानको सहनशीलताले सुखद परिवारको संकेत गर्छ । लोग्नेका हर कमजोरीलाई क्षमा दिँदै परिवारलाई एउटा मुठ्ठीमा जोगाउन ओलानले गरेको दुःख सराहनीय छ । आँधीहुरी, खडेरी, हिमपात, पहिरोका दुःख-कष्ट सहने धरतीजस्तै ऊर्जाशील-उत्पादनशील छिन्, ओलान । असंगठित राजनीतिक विद्रोह र असन्तुष्टिबीच ओलानको छोरा अन्तिममा आन्दोलनकारीको पछि लागेर जानुले चीनले अब लामो समय गरिबी र उत्पीडन खपेर बस्दैन भन्ने संकेत गर्छ । कल्पना गरिएजस्तै पछि चीन लाल भयो । *द गुड अर्थ*को चीनलाई हेरेर नेपाली कम्युनिस्ट र राजनीतिक परिवर्तनलाई हामी अध्ययन गर्न सक्छौं । परिवर्तनपछि अपरिवर्तनीय ढंगका विकृति किन जीवित भए ? नेपालका नेतृत्व वाङलुङजस्ता लाग्छन् । यो देश अझै ठूलो उथलपुथल पार्ने युद्ध पर्खेर बसेको पो छ कि !

*महाभारत*मा कृष्ण र अर्जुनबीच युद्धस्थलमा भएको संवादको अध्याय नै **श्रीमद्भगवद् गीता** हो । न्यायका लागि लड्नैपर्ने क्रान्तिकारी चेत दिने यो ग्रन्थ पश्चिमा दर्शनमा समेत उत्तिकै प्रभावी देखिन्छ । कांग्रेसको जनक्रान्ति, जनआन्दोलन, जनयुद्ध, मधेस विद्रोह र जनजाति आन्दोलनमा गीतादर्शन सान्दर्भिक रह्यो । गीताको सशक्त पक्ष नै हामीभित्रको विद्रोहात्मक मनोविज्ञान र ताकतलाई निभ्न नदिनु हो । विद्रोह नबोकेको जाति, संस्कृति र सभ्यता बाँच्न सक्दैन ।

कृष्णले अर्जुनलाई भनेका छन्- 'मारियौ भने स्वर्ग जान्छौ, जित्यौ भने पृथ्वीमा राज गर्छौ । दुवै अवस्थामा तिम्रो जित अवश्यभावी हुनाले तिमी युद्ध लड ।' गीतादर्शनबाट क्रान्ति, संन्यास, कर्म, भक्तिजस्ता अनेक विकल्पका साथै सांख्यदर्शन र कर्मयोग बुझ्न सक्छौं । सकारात्मक बाटो छनोटको अवसर भएकाले निराशाको खाडलमा जाकिनबाट बचाउने मानसिक चिकित्सा पनि गीतामा छ ।

गीताले मनोवैज्ञानिक उपचार मात्रै गर्दैन, हामीलाई गलत दिशामा डोर्‍याउन पनि सक्छ । अर्जुनलाई मानव बमको रूपमा प्रयोग गरी आफ्ना शत्रु नाश गर्न कृष्णले विराट स्वरूपबाट सम्मोहित गरेको छ र फालेको गाण्डिव उचालेर युद्धका लागि अर्जुन तयार भएको छ । अहिले पनि आफ्ना अहं र कुण्ठा शान्त पार्न हजारौं मानिसलाई आत्मघाती बम आक्रमणमा प्रयोग गरिन्छ । विश्व आतंकवादलाई पनि बढावा दिन सक्छ, कृष्णको विचारले । विश्वका उत्कृष्ट दर्शनको अग्रपंक्तिमा उभिने हैसियतयुक्त गीतालाई दलित, महिला आदिका पहुँचभन्दा माथि पूजाकोठामा सीमित गर्दै शोषण गर्ने संविधान बनाए, भक्तिवादीले । गीतालाई थुक लगाएर पढ्नै नमिल्ने, पुरेतले मात्रै व्याख्या गर्नुपर्ने दिव्य-ग्रन्थका रूपमा अभ्यास गरिएकाले आलोचनात्मक दृष्टि कमजोर भयो ।

■ **प्रस्तुति : गुरुङ सुशान्त**

कूटनीतिक प्रशासकको चरादृष्टि

टीका ढकाल

करिब अढाई सय वर्षअघि जुनबेला आजको नेपाल राष्ट्र आकार लिँदै थियो, गंगाको मैदान हुँदै फैलिएको यस हिमालय उपमहाद्वीपमा १ हजार ५ सयभन्दा धेरै थुम्के राज्य थिए । राज्य विस्तारका लागि गरिने युद्ध वा अन्य राजसी गतिविधिको साइत हेराउन पृथ्वीनारायण शाहको दरबारमा छुट्टै ज्योतिष कार्यालय स्थापित थियो । ज्योतिषी बस्ने हुनाले त्यसलाई लामो समयसम्म बोलीचालीको भाषामा 'जैसीकोठा' भनियो । नेपालको आधुनिक परराष्ट्र मन्त्रालयको प्रारम्भिक स्वरूप यही थियो । सुरूआतका पात्र भानु जैसी (जोशी/ज्योतिषी) थिए । डेढ महिनाअघि प्रकाशित पुस्तक *परराष्ट्रका पात्र* यिनै प्रसंगबाट सुरू हुन्छ । ११ अध्याय पार गरेपछि आजको परराष्ट्र नीतिमा परिपक्वताको अपेक्षा गर्दै टुंगिन्छ ।

कुनै पनि राष्ट्रको विदेश नीतिलाई उसको इतिहास, भूगोल, राष्ट्रिय आर्थिक तथा सैन्य क्षमता र आन्तरिक राजनीतिको प्रवाहले अनुकूलित गर्ने तथ्यमा सायदै विमति रहला । फरक निर्धारक तत्त्वको प्रभावलाई एकमुस्ट राष्ट्रिय संकथनमा बदलेर बाह्य जगत्सँगको सम्बन्ध क्रियाशील राख्ने निर्णायक तत्त्व मानव संसाधन हुन्छ भने त्यसलाई 'हाउस' गर्ने प्रशासनिक संरचना हुन्छ । कूटनीतिक प्रशासनको जिम्मेवारी यसैलाई भनिन्छ ।

*परराष्ट्रका पात्र*ले नेपालको कूटनीतिक जिम्मेवारीमा सुरूआतदेखि रहेका विभिन्न व्यक्तित्वको छोटकरी परिचय दिँदै परराष्ट्र मन्त्रालयको क्रमिक विकासलाई चित्रण गर्छ । पुस्तक आद्योपान्त पढिसक्दा प्रारम्भदेखि वर्तमानसम्म नेपालको कूटनीति कसले सञ्चालन गरे भन्ने सरसर्ती जानकारी पाइन्छ । साथमा परराष्ट्र मन्त्रालय एउटा सानो कोठादेखि आजको स्वरूपसम्म कसरी आइपुगेको रहेछ भन्ने ज्ञात हुन्छ । परराष्ट्र सेवामा करिब चार दशक बिताएर राजदूत, विदेश सचिव एवं राष्ट्रपतिका कूटनीतिक मामिला विज्ञका हैसियतमा रहिसकेका मदनकुमार भट्टराईलिखित पुस्तकको बलियो पक्ष यही हो ।

परराष्ट्र मन्त्रालय र त्यसका प्रमुख सञ्चालकका वरिपरि रहेका तथ्यलाई मसिनो गरी उत्खनन गर्नु पुस्तकको उद्देश्य देखिन्छ । कूटनीतिक प्रशासकसमेत रहेका लेखक भट्टराईलाई इतिहासका साना तथ्य राम्रोसँग स्मृतिमा राख्न सक्ने व्यक्तिका रूपमा लिइन्छ । आफ्नो यस क्षमतालाई उनले पुस्तकाकारमा उतारेका छन् ।

नेपालको परराष्ट्र नीति, कूटनीतिक सेवा र वैदेशिक मामिला सञ्चालनका सम्बन्धमा कृतिहरू यसअघि पनि लेखिएका छन् । एकै कृतिभित्र इतिहासको सुरूआतदेखि निकट वर्तमानसम्मका पात्रलाई अटाएर लेखिएको *परराष्ट्रका पात्र*ले चाहिं चराको आँखाबाट नेपाली विदेश नीति सञ्चालनको अढाई सय वर्ष लामो शृंखला नियाल्ने प्रयास गरेको छ ।

आकाशमा विचरण गर्ने क्रममा स्वाभाविक रूपले चराले बाटोको लम्बाइ देख्छ, पहाडका उबडखाबड देख्छ, मैदान र उकाली-ओराली देख्छ । ३ सय १० पृष्ठको *परराष्ट्रका पात्र* यति तीव्र गतिमा उड्छ कि अढाई सय वर्ष लगाएर विकसित भएको विदेश कार्यालयलाई उसका प्रमुख पात्रहरूको नाम र कामसहित २ सय ४५ पृष्ठमा समेट्छ, प्रतिवर्ष मुस्किलले एक पृष्ठका दरले । बाँकीमध्ये आठ पृष्ठको भूमिका छ, ५१ पृष्ठको पादटिप्पणी खण्ड र पाँच पृष्ठको अनुसूची छ । यस क्रममा सुरूदेखिकै पात्रका प्रसंग आउँछन् र बीचैमा नयाँतिर प्रवेश गर्छन् । 'स्लाइड सो' जस्तै वा एउटा एल्बमका पाना पल्टाउँदा एक-एक गरी देखिने फोटोजस्तै । जैसीकोठाबाट मुन्सीखाना, मुन्सी कप्तान, डाइरेक्टर जनरल अनि क्रमैसँग अनेक पात्रका नाम इत्यादि । पुस्तकमा आधा हजारजति व्यक्तिका नाम अटेका होलान् वा अझ बढी ।

लेखक आफैँले भूमिकामा स्वीकारेका छन्, 'यो मेरो ग्रन्थनलाई कतिले...विश्लेषणात्मकभन्दा विवरणात्मक पाउलान्... यो मेरो कनिका टिपाइ हो ।' अर्थात्, लेखकलाई आफ्नो सीमाको पूर्वाभास छ । त्यसैले पुस्तकबाट गरिने अपेक्षालाई दायराभित्र राख्न उनले सुरूआतमै प्रयास गरेका छन् । पुस्तकको उद्देश्य विश्लेषण नगर्ने भनिएपछि त्यसमा पाठकले विश्लेषण खोज्नु हुँदैन । जसले खोज्छ, उसले पाउँदैन । यद्यपि आफैं परराष्ट्रका मुख्य पात्र रहेका लेखकबाट समालोचानात्मक विश्लेषणको अपेक्षा राख्नुचाहिं हरेक पाठकको स्वाभाविक चाहना हुन पुग्छ, यस पंक्तिकारको जस्तै । अर्का पूर्वपरराष्ट्र सचिव मधुरमण आचार्यलिखित दुई खण्डको *नेपालः वर्ल्ड भ्युले* विश्लेषणको तिर्खा निकै हदसम्म मेट्छ । यी दुई लेखकका कृति एकैसाथ अध्ययन गर्दा परिपूरकजस्तो लाग्ने रहेछन्,



परराष्ट्रका पात्र
लेखक : **मदनकुमार भट्टराई**
प्रकाशक : **किताब पब्लिसर्स**
पृष्ठ : ३१०
मूल्य : ६००

एकै पेसामा भएकाले होला ।

भट्टराईको पुस्तकमा वर्णित राणाकाल र त्यसअघिका ऐतिहासिक तथ्यको उपयोगिता वर्तमानलाई सूचित गर्न हो । नेपालको परराष्ट्र मामिला सञ्चालनमा राणा शासन ढलेपछिको समय आधुनिकताको जग हाल्ने थियो । यसबेला परराष्ट्र मन्त्रालयको संस्थाकरण र नीतिमा स्थायित्व चाहिएको थियो । विडम्बना भन्नुपर्छ, राजनीतिक अस्थिरताका कारण यसो हुन सकेन । नेपालको व्यापक वैदेशिक सम्बन्ध स्थापना, संयुक्त राष्ट्रसंघको सदस्यताजस्ता महत्त्वपूर्ण दूरगामी उपलब्धि यसैबेला प्राप्त भए । औपचारिक कूटनीतिक सम्बन्धमा सफलता प्राप्त भए पनि नीतिगत अनिश्चय तथा अवान्छित भारतीय प्रभावको युग पनि यही थियो । त्यसबेलाका सबैभन्दा बलिया नेता बीपीले समेत यसलाई रोक्न सकेनन् । मातृकाप्रसाद कोइराला वा सूर्यप्रसाद उपाध्यायमाथि भारतको 'स्ट्रक्चरल ग्यारेन्टी' गरिदिने व्यक्ति भएको आशंका हुँदाहुँदै बीपीले नजरअन्दाज गर्न सकेको देखिन्न । आफूले भरोसा गरेका धेरै पात्रबाट धोका पाएको कुरालाई बीपी स्वयंले विभिन्न प्रसंगमा उल्लेख गरिसकेका छन् । *परराष्ट्रका पात्र*ले दोहोऱ्याएको छ ।

विदेश मामिला प्रत्यक्ष सञ्चालन गर्ने बीपीको समय मोहनशमशेरको मन्त्रिमण्डलमा गृहमन्त्री रहेको नौ महिना र पहिलो जननिर्वाचित प्रधानमन्त्रीका रूपमा करिब अढाई वर्षजति मात्र थियो । लेखक भट्टराईले २० पृष्ठ लामो एउटा खण्ड र त्यसअघिको सानो उपखण्डसमेत बीपीको राजनीति एवं साहित्यलाई समर्पित गरेका छन् । १७ वर्ष राजा रहेका, त्यसमध्येका १२ वर्ष सर्वेसर्वा राजा रहेका महेन्द्रलाई बीपीसँग तुलना गरिएको एउटा उपखण्डमा सीमित गरिदिएका छन् । 'पोलिटिकल करेक्टनेस' छाडेर प्राज्ञिकतालाई अनुसरण गर्दाचाहिँ महेन्द्रको समालोचनासहित छुट्टै खण्ड पुस्तकले माग गर्छ । खासमा मोहनशमशेरपछि ०१५ सालको आम चुनावसम्मका प्रधानमन्त्रीहरू राजाको रूचिमा नियुक्त थिए । त्यसैले भारतलाई सन्तुलनमा राख्न प्रधानमन्त्री टंकप्रसाद आचार्यले गरेको चीन भ्रमण, नेपालको संयुक्त राष्ट्रसंघमा सदस्यतालगायतका उपलब्धि त्यसबेलाको अस्थिर राजनीतिमा राजाको प्रत्यक्ष निगरानीका कारण मात्र सम्भव भएका हुन् भन्न कसैले पनि धक मान्नुपर्दैन । यसो भन्दा बीपीको उपलब्धिलाई अवमूल्यन गरेको ठहर्दैन ।

बीपी र महेन्द्रबीचको सम्बन्ध नेपाली राजनीतिको एउटा रोचक पहेली भएकाले यसमा पाठकलाई तान्ने सामर्थ्य छ । यो तुलना धेरै हुन थालेको देखिन्छ । अखबारी लेखनदेखि अनेक समकालीन पुस्तकमा नेपाली राजनीतिका यी दुई सक्षम पुरूषका तुलना भएका छन् । बीपी लोकतान्त्रिक संघर्षको पृष्ठभूमिबाट खारिएका निर्वाचित नायक थिए भने महेन्द्र आफ्ना पुर्खाको संघर्षले निर्माण गरेको ठान्ने राज्यका जन्मआधारित राजा । दुवैमा देश हितको उद्देश्य अवश्य देखिन्छ । यससँगै तत्काल आफू हाबी हुन चाहने, राष्ट्रिय भाष्यको सिरानमा उभिने आकांक्षाले राजनीतिक नेतृत्वलाई आफ्नो समयका महत्त्वपूर्ण निर्णय लिन प्रेरित गर्छ । दीर्घकालमा आउने परिणामप्रति वर्तमान नेतृत्वको दृष्टि पुगोस् भन्न इतिहासले उनीहरूका निर्णयलाई उज्यालो दिनुपर्छ । तब मात्र इतिहासको बन्दी बन्न छाडेर भविष्योन्मुख राजनीतिको निर्माण हुन सक्छ । ६० वर्षअघि इतिहासको घुम्तीमा बीपी र महेन्द्रबीच जे कारणले सहकार्य हुन सकेन, राजा ज्ञानेन्द्र र राजनीतिक दलहरू पनि लगभग तिनै कारणले एक दशकअघि टाढिए । आज देश गणतान्त्रिक व्यवस्थामा पुगेको छ । राष्ट्रपतिका अधिकार सीमित छन् । सम्पूर्ण कार्यकारी अधिकार अभ्यास गर्ने बलियो सरकारचाहिँ फेरि पनि समकालीन समाजका वैविध्यसँग संवाद गर्न चुकिरहेको छ । निकट इतिहासले आजको राजनीतिक नेतृत्वलाई सूचित गर्न सकिरहेको देखिँदैन, जसरी हिजो सकेको देखिएन ।

> हलुका, एक-दुई बसाइमै सकिने र धेरै माथापच्ची नचाहिने पुस्तक भएकाले एक पटक आरामसाथ पढ्न सकिन्छ । पढिसकेर घोत्लिँदाचाहिँ किताब परराष्ट्र सेवाको सामान्य ज्ञानजस्तो देखिन्छ ।

पुस्तकको एउटा सानो उपखण्डमा परराष्ट्रमन्त्रीका रूपमा वर्तमान प्रधानमन्त्री केपी ओलीबारे छोटो मूल्यांकन छ- अंग्रेजीमा राम्रो वाककला, प्रस्ट वक्ता र निर्णय लिने क्षमता भएका । पाँच पटक प्रधानमन्त्री भएका गिरिजाप्रसाद कोइरालाबारे लेखकको अनिर्णित प्रश्न छ- कोइराला समस्याका कारक हुन् वा समाधान ? आफूले नभेटेको उत्तर उनले भविष्यको इतिहासका लागि छाडेका छन् ।

पात्रका रूपमा उल्लेख नभएको भारत मुख्य पात्रका रूपमा पुस्तकको सुरूदेखि अन्तिमसम्म उपस्थित छ । लेखक भारतमा अध्ययन गरेका, दिल्लीस्थित नेपाली दूतावासमा लामो समय काम गरेका व्यक्तित्व हुनाले भारतबारे धेरै जानकार छन् भन्ने पुस्तकबाट थाहा हुन्छ ।

एकाध ठाउँमा परस्पर विरोधी वाक्य वा तर्क पनि परेका देखिन्छन् । लेखक भन्छन्, 'एक-दुई अपवाद छाडी नेपालको परराष्ट्र मन्त्रालय तुलनात्मक रूपले प्रबुद्ध एवं चर्चित व्यक्तिको सुयोग्य सुपरीवेक्षण र नियन्त्रणमा रहँदै आएको छ ।' पृष्ठ १२ मा यो 'सुयोग्यता' को एउटा दृष्टान्त छ, '...अभिलेख राख्ने प्रणाली छैन । भइहाले पनि जिम्मेवारीबोध छैन । पूर्वाधिकारी या उत्तराधिकारीबीच जिम्मेवारी आदानप्रदान गर्ने परिपाटी छँदै छैन भन्दा पनि हुन्छ ।' यो मूल्यांकन अपवाद लाग्दैन ।

बीपीकै 'सुयोग्यता' को पनि पृष्ठ १२९ मा एक झलक मिल्छ, 'नयाँ सुशिक्षित एवं योग्य अधिकृतको समूह भर्ना गर्ने काममा पनि (बीपीले) महत्त्वपूर्ण भूमिका निर्वाह गरे । नेपालमा सदाझैं देखिने यस प्रकारको नियुक्तिमा शक्तिकेन्द्रसँग नजिक प्रभावशाली एवं नाता पर्ने व्यक्ति घुस्ने रोगबाट यो समय पनि खासै अछूतो रहेन ।'

सारांशमा, सरलता यस पुस्तकको मुख्य आकर्षण हो । सम्बन्धित विधाका अनुभवीले लेखेको हुँदा यसको प्रामाणिकता पछिसम्म रहनेछ । हलुका, एक-दुई बसाइमै सकिने र धेरै माथापच्ची नचाहिने पुस्तक भएकाले एक पटक आरामसाथ पढ्न सकिन्छ । पढिसकेर घोत्लिँदाचाहिँ किताब परराष्ट्र सेवाको सामान्य ज्ञानजस्तो देखिन्छ । 'को, कहिले, कहाँ' प्रश्नमा केन्द्रित, 'किन र कसरी' बारे चुप । सायद अर्को भाग आउला कि ! ने

कागजको रंगीचंगी फूल

मायालु हजार हुन्छन् तर माया एकै हुन्छ
बुझेर माया देऊ, दिनुपर्ने एउटै हुन्छ

यो गीत नसुन्ने को होला ! गायक ध्रुव केसी, ७३, को स्वर तथा गोपाल योञ्जनको शब्द, संगीतमा सजिएको गीतले उतिबेला *रेडियो नेपाल* घन्काएको थियो भने अहिले *युट्युबका* पेज । अधिकांशले उनको यो गीतमा 'कभर सङ' गाएको देखिन्छ । *युट्युबमा* गायक ध्रुव केसी सर्च गर्‍यो भने दर्जनजति गीत फेला पर्छन् । केसीले अधिकांश प्रेमका गीत गाए । शिवशंकरको संगीतमा निष्ठुरी मायालुलाई कर्णप्रिय स्वर र शब्दमा गुनासो पोखे, *तिम्रो माया कागजको रंगीचंगी फूलजस्तो...* ।

गायक केसी ९ वर्षदेखि पार्किन्सनबाट ग्रसित छन् । हाल अर्किड केयरहोममा बस्ने उनलाई रोगले शिथिल बनाएको छ । सुस्तरी बोल्छन् । धेरै हलचल गर्न सक्दैनन् । तर आफ्नो अमर गीत *'मायालु हजार हुन्छन्...'* भने केही गुनगुनाउँछन् ।

सिनामंगलमा जन्मेका केसीका छिमेकी कृष्ण लामिछाने *रेडियो नेपालमा* काम गर्थे । लामिछानेकै सहयोगमा ६ वर्षको उमेरमै उनले *रेडियो नेपालको* बाल कार्यक्रममा सहभागी हुन पाए । त्यहाँ कविता भन्थे । बालगीत गाउँथे । लजालु स्वभावका केसी उमेरमा निकै 'ह्यान्डसम' देखिन्थे । उनका ठूलोबुबाका छोरा भुवन केसी नेपाली चलचित्र उद्योगका सदाबहार हिरो भए ।

६ सन्तानमध्येका जेठा छोरा उनले करिब २० वर्षको उमेरमा मागी विवाह गरे । उनकी जीवनसंगिनीले संसार छाडेको १५ वर्ष भइसक्यो । दुई छोरी भारतमा बस्छन् भने एक छोरी नेपालमै । छोरीसँग फोनमा कुरा भइरहन्छ उनको । कलाकार मदनकृष्ण श्रेष्ठलाई पनि आफूलाई जस्तै रोग लागेको उनी सुनाउँछन् । पार्किन्सनले रोगीलाई डिप्रेसनमा लैजाने उनको अनुभव छ ।

दरबार हाइस्कुलबाट एसएलसी दिएका उनले आर्थिक परिबन्दले डेढ वर्ष मात्र कलेज पढ्न आए । १६ वर्षको उमेरमै स्वर परीक्षा पास गरी गीत गाउन थालेका केसीले *रेडियो नेपालमा* जागिर खाए, क्लर्क पदमा । उनका सहकर्मी थिए, रामलाल जोशी, कन्हैयाकुमार, माणिकरत्न, यादव खरेल र किरण खरेल । रामलाल, कन्हैयाकुमार, माणिकरत्नसँगै पोखरा घुम्न जाँदा फेवातालमा डुंगा चढेर ताल बाराही मन्दिरअगाडि पौडी खेलेको उनी सम्झन्छन् । भन्छन्, "परिवारसँग बस्ने मन छ । साथीभाइ भेट्ने मन छ ।"

रेडियोमा रामलाल, उत्तमलाल, यादव र आफू भएर विज्ञापन सुरू गरेको उनी सम्झन्छन् । केसीले पहिलोपल्ट बाँसबारी जुत्ताको विज्ञापन पढेका थिए । कुनै विज्ञापन आफैं लेख्थे, कुनै अरूले बनाउँथे । ०२९ सालतिर बम्बैको स्टुडियोमा भाषा परीक्षा दिन जाँदा कलाकार मनमोहन किसनले

भर्चुअल दुनियाँको गुम्फन

इन्टरनेटको सहज पहुँच वरदान मात्र होइन, अभिशाप पनि बन्दै छ । इन्टरनेटकै अत्यधिक प्रयोगले मनोवैज्ञानिक समस्याको सिकार भएका छन्, खासगरी तन्नेरी पुस्ता । यही नियतिको प्रतिविम्ब हो- शिल्पी थिएटरमा मञ्चन भइरहेको नाटक *गुम्फन*, जसका पात्रहरू वास्तविक दुनियाँबाट भाग्न मरिहत्ते गर्दै छन् । दिलीप रानाभाट निर्देशित यस नाटकका पात्र र घटनाक्रमलाई यथासक्य हाम्रै वास्तविकतासँग नजिक गराइएको छ ।

कलेजमा साथीसँग घुलमिल नगर्ने मुख्य पात्र आयान एकोहोरो छन् । डिजिटल गार्डेनमा भने खुब रमाउँछन् । त्यहाँ 'डार्क फ्लो' नामले परिचितसँग च्याट गर्छन्, जसका लागि उनी पढाइ, निद्रा, परिवार सबथोक त्याग्न तयार हुन्छन् । त्यही गार्डेनमा उनी ज्यास्मिनसँग नजिक हुन्छन् । कलेजमा आफ्नो प्रेमी भए पनि च्याटमा डार्क फ्लो र अरू केटासँग कुराकानी गरेर रमाइरहेका हुन्छिन् ।

विभिन्न अध्ययनले इन्टरनेटलाई मनोवैज्ञानिक विचलनको जड मानेका छन्, जसले मान्छेलाई वास्तविकताबाट अलग राखेर भ्रमतिर धकेल्छ । इन्टरनेट र मोबाइलकै अति प्रयोगका कारण एक्लोपनले गाँज्छ, परिवारका सदस्य र साथीभाइसँग दूरी बढ्छ । हामी कहीं न कहीं यही नियतिबाट

अन्तर्वार्ता लिएको उनको स्मृतिमा ताजै छ । अन्तर्वार्तापछि भजनमा कोरस गाउन गए । पछि एउटा साथीको संगीत-शब्दमा उनले हिन्दी गजल रेकर्ड गराए, *आ करके मेरे कब्र पर तुमने जो मुस्कुरादिया, बिजली चमके गिरपरे सारा कफन भुलादिया ।*

त्यो गीत *अल इन्डिया* रेडियोबाट बज्यो । आफू हिन्दी गीत गाउने पहिलो नेपाली भएको केसीको दाबी छ । करिब ७० गीत गाएका उनलाई शास्त्रीय संगीत सिक्न ठूलो रहर थियो । डिल्लीबजारको पद्मकन्या स्कुलमा साँझ इलाहावाद विश्वविद्यालयको संलग्नतामा रहेको संस्थाले शास्त्रीय संगीत सिकाउँथ्यो । उनी केही दिन गए । तर घरबाट बन्देज भएपछि धोको अधूरै रह्यो ।

*रेडियो नेपाल*को ४ वर्ष जागिर छाडेर उनी भारत गए । बोतल कारखानामा काम गरे । अवकाशपछि मात्र छाडे र करिब १० वर्षअगाडि नेपाल आए । अहिले उनलाई लाग्छ, संगीतमा केही गर्न सकिएन । तर,केसीका गीत पुरानालाई मात्र होइन, नयाँ पिँढीका लागि पनि उत्तिकै रूचिकर बन्न सक्छन् । उनको गीत सुनेर युवा मन प्रेमिल होस्, निष्ठुरी मायालुलाई फकाउन कोसिस गरिरहोस्, उसका प्रेमिल क्षणलाई यी गीतले अमर बनाइदिऊन् ।

▪ **सुनिता लोहनी**

गुज्रिरहेका छौं । त्यसैले नाटकका हरेक पात्रमा आफैँलाई भेट्न सकिन्छ । *गुम्फन* हाम्रा सम्बन्ध कति कृत्रिम हुँदै छन् भन्ने फेहरिस्त पनि हो । निर्देशक रानाभाटले पात्रलाई लुडोका गोटीझैं बनाएका छन् । अर्थात्, अरूकै इसारामा चल्नुपर्छ । हार्ने र जित्ने पनि अरू नै ।

अधिकांश कलाकार नयाँ भएकाले कतिपय दृश्यमा अपरिपक्वता झल्कन्छ । विषयवस्तु र कलात्मक प्रस्तुतिले *गुम्फन*लाई विशेष बनाएको छ । साइबर संसारमा रूमलिएका अहिलेको तन्नेरी पुस्ताले नाटकमा थप अपनत्वबोध गर्छन् र आफैँसँग सवाल गर्न बाध्य हुन्छन् ।

नाटक मंगलबारबाहेक २९ भदौसम्म मञ्चन हुनेछ ।

▪ **गोकर्ण गौतम**

रास जोशी ❼ प्रश्न

'आक्रामक ठानेर महिलालाई लाखे नाच्न नदिएको'

प्रख्यात नेवारी नाच हो, लाखे । परापूर्वदेखि पुरूष मात्रै नाच्दै आएकामा हिजोआज महिला पनि देखिन थालेका छन् । लाखे नाच्ने पहिलो महिला यकिन नभए पनि यसप्रति उनीहरूको आकर्षण बढ्दो छ । यो परिवर्तनबारे त्रिवि नेपाल भाषा केन्द्रीय विभागका संस्कृतिविद् रास जोशी :

महिलाले पनि लाखे नाच्न थालेछन् हगि ?

यो परिवर्तन नेपाली समाजमा भेदभाव छैन भन्ने सन्देश हो । लाखे नाचमा महिला सक्रियताले परिवर्तनको भोक पनि देखाउँछ ।

महिलाले पहिले किन लाखे ननाचेका ?

महिलाको मासिक चक्रलाई पहिले अपवित्र ठान्ने गरिन्थ्यो । समयसँगै त्यो मान्यता बदलियो । अर्को पक्ष शारीरिक रूपमा बढी चल्नुपर्ने, लाखेको मुकुन्डो गह्रौं हुंदा महिलाले सक्दैनन् भन्ने धारणा पहिले थियो ।

महिलाले सक्दैनन् भन्नु त विभेदै भयो नि ?

लाखेको महिला नाच लसीं नचाउने परम्परा छैन । सबै खेती किसानीमा जाने भएपछि बालबालिका घरमा एक्लै हुन्छन् । बालबालिकाको रक्षा र मनोरञ्जनका लागि लाखे नचाइने परम्परा बस्यो । फेरि लसीं आक्रामक हुन्छ । त्यसकारण लाखेलाई स्थान दिएको हो ।

महिला कसरी आक्रामक हुन्छन् ?

महिलाको स्वभाव रक्षात्मक हुन्छ भन्ने मान्यता थियो । पुरूषले कमाएर ल्याउने र महिलाले त्यसको व्यवस्थापन गर्ने चलन बस्यो । त्यस क्रममा आउने समस्यासँग जुध्न आक्रामक हुनैपर्छ । आफ्ना सन्तानमाथि व्यवधान आए प्रतिवाद गर्छन् । त्यसकारण लसीं नचाइंदैन थियो ।

अब इन्द्रजात्रामा पनि महिलाले लाखे नाच्लान् ?

यो लैंगिक सवाल हो । नाच्न इच्छा राखेर मात्र हुंदैन । यो नाच मात्र होइन, साधना पनि हो । आस्था भएपछि दैवीय शक्ति आउँछ । दैवीय शक्तिलाई पचाउन सक्छन्, सक्दैनन्, त्यो हेर्नुपर्छ । नाच्छु भनेमा नाइँनास्ती नहोला । किनभने कुमारीको रथ महिलाले पनि तान्न थालेका छन् । इन्द्रजात्राको महाकाली

नाचमा महिला नाच्न थालेका छन् ।

महिला नाचे अनिष्ट हुन्छ भन्ने मिथ रहेछ ?

चुलोचौकोमा सीमित महिला स्वतन्त्र रूपमा बाहिर आएपछि तिनमा राजनीतिक, सामाजिक, सांस्कृतिक चेत पलायो । हाम्रा चेली हिजोको तुलनामा शारीरिक र मानसिक रूपमा बलिष्ठ भइसके ।

लाखेको आँखा किन रातो हुन्छ ?

यसलाई भैरव वा शिवगणको रूपमा लिइन्छ । जनैपूर्णिमामा शिवको बाहुल्य हुन्छ । त्यही भएर लाखे जनैपूर्णिमाको भोलिपल्टदेखि सुरू हुन्छ । रातो आँखा भैरवको दिव्यता भएकाले त्यसले नराम्रो तत्त्वलाई अगाडि बढ्न दिंदैन भन्ने मान्यता छ ।

▪ **मनबहादुर बस्नेत**

चीनमा नेपाली कला

प्रख्यात ब्राजिलियन लेखक पाउलो कोहेलोले द *आल्केमिस्ट*मा ब्रह्माण्डको भाषाबारे चर्चा गरेका छन् । उनका अनुसार ब्रह्माण्डको आत्मा नै त्यसको भाषा हो । कलाको जस्तो भाषा कसले बोल्न सक्ला ? ब्रह्माण्डको जुनसुकै कुनामा पनि कलाको भाषा पञ्चतत्त्वजस्तै सर्वव्यापी हुन्छ । यत्ति हो, सबैको बुझाइ फरक हुन सक्छ या एकैखाले ।

दुई नेपाली कलाकार एससी सुमन र रवीन्द्र श्रेष्ठका कलाकृति छानिएका छन्, बेइजिङ इन्टरनेसनल आर्ट बायनालेमा । १ सय २५ देशबाट छानिएका कलाकार सहभागी 'आठौँ बेइजिङ इन्टरनेसनल आर्ट बायनाले-०१९' बेइजिङस्थित नेसनल म्युजियम अफ चाइनामा भइरहेको छ ।

बायनालेको मुख्य थिम 'कलरफुल वर्ल्ड एन्ड अ सेयरड फ्युचर' रहेको छ ।

तीन दशकदेखि मिथिला कला बनाउँदै आएका सुमनले नेपाली कलालाई अन्तर्राष्ट्रिय स्तरमा लैजान बायनाले महत्त्वपूर्ण फोरम भएको बताए । विश्वकै ठूलो उत्त प्रदर्शनीमा नेपालबाट दोस्रो पटक छानिएका सुमनले १६ पटकसम्म एकल प्रदर्शनी गरिसकेका छन् । भन्छन्, "कलामार्फत सांस्कृतिक सम्बन्ध बिस्तार गर्न यो प्रदर्शनी निकै फलदायी हुने अपेक्षा राखेका छौँ ।" विश्वलाई सुन्दर र मानवतावादी समाजको परिकल्पना गरी सुमनले बनाएको चित्रमा नीलो रङको पृष्ठभूमिमा चराचर जगत्का जीव र तिनको जीवनलाई उतारेका छन् ।

अर्का सहभागी कलाकार रवीन्द्रको फिंगरप्रिन्टमार्फत मानवताको विषयलाई प्रस्तुत गरेको चित्र छनोट भएको छ । चित्रले विश्वका मानव जातिको रूप, रङ, भेषभूषा तथा संस्कृति फरक भए

महेश प्रधान

जिन्स सुन्दरी

जिन्सको फेसन सदावहार छ । न कहिल्यै बजारबाट हट्यो, न त हट्नेवाला नै छ । त्यसैले होला, मोडल श्वेता मिश्र ब्ल्याक स्लिपलेस टिसर्ट र ब्लु ग्रन्च प्यान्टमा बबाल देखिएकी छन् । साथमा वेभजस्तै घुम्रिएको लामो कपाल र कालो हाई हिलमा हट लाग्छिन् ।



एससी सुमन

रवीन्द्र श्रेष्ठ

पनि रगतको रङ भने सबैको रातो हुने विषय उठान गरेको छ । शुद्ध सुन र एक्रेलिक रङ प्रयोग गरी बनाइएको उक्त चित्रको पृष्ठ भाग नीलो रङको छ । चित्रले मानिस, जीव-जनावर तथा जगतका यावत् चीजबीच समभाव हुनुपर्ने विषय प्रस्तुत गरेको उनले बताए । १३ भदौमा सुरु प्रदर्शनी ६ असोजसम्म चल्नेछ ।

पेपे पिज्जा

म:म, बर्गर, फ्राई मन पराउने नेपालीमाझ पिज्जा अझै पनि लग्जरियस फुड हो । त्यसो त, हलिउडका फिल्म तथा टेलिचलचित्रमा पिज्जा नाइट भन्दै शुक्रबार पिज्जा खाएको खुब देखाइन्छ । त्यहाँ पनि पिज्जा लग्जरियस फुडकै रूपमा लिइन्छ । फरक के भने भारतमा पिज्जा सस्तो छ भने नेपालमा महँगो ।

महँगो तिरेर पनि गुणस्तरीय खान नपाए के काम ? अब गुणस्तरीय र मीठो इटालियन पिज्जा खान मन छ भने पेपे पिज्जा रेस्टुराँ तपाईंका लागि हाजिर छ । अनामनगर भाटभटेनीको चौथो तलामा रहेको पेपेमा इटालियन थुप्रै स्वादमा पिज्जा पाइन्छ । शान्त वातावरणमा पिज्जा खाँदै ह्याप्पी फ्राइडे मनाउने कि ?

अब निर्देशनतिर

फिल्म, विज्ञापन, म्युजिक भिडियोदेखि स्टेज सोसम्म भ्याउँछिन्, प्रियंका कार्की । सुटिङ नभएको त दिनै हुन्न । तर उनी अभिनीत फिल्म भने भटाभट फ्लप भइरहेका छन् । *प्रेम दिवस* र *हजार जुनीसम्म*को व्यावसायिक असफलतापछि निर्माताहरू बिस्तारै तर्कन थालेका छन् । सायद यसको हेक्का भएरै होला, प्रियंकाले आफूलाई अभिनयमा सीमित राख्न छाडेकी छन् । प्रमाण हो, उनी निर्देशित बेब सिरिज *जस्ट एनोदर लभ स्टोरी* । समलिंगी महिलाको कथा पस्किएको यस सिरिज आठ भागको छ । मुख्य भूमिकामा उनीसँगै सृष्टि श्रेष्ठ छिन् । यो सिरिजपछि फिल्म नै निर्देशन गर्ने योजना छ, उनको । प्रियंका भन्छिन्, "अभिनय, निर्देशन, निर्माण जे गर्नु परोस् गर्छु तर फिल्मबाट कहिल्यै टाढिन्नँ ।"

नोटबुक

यम बम

राम्रा समाचारको भूत

भनिन्छ, सत्ता र शक्तिमा पुगेपछि एकाएक राम्रा समाचारको भूत सवार हुन्छ । सरकारी कदम जतिसुकै गलत किन नहून्, मिडियाले उठान नै नगरोस् भन्ठान्छन् सायद ।

कुनै बेलाका 'साइकल' मन्त्री लालबाबु पण्डितको रवाफ र कार्यशैली पनि भिन्न देखिँदैन । कर्मचारी समायोजन उत्कृष्ट भएको गफ छाँट्न पछि पर्दैनन्, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री पण्डित ।

तर कर्मचारी सिंहदरबार बाहिर जान मान्दैनन्, गएकामध्ये पनि कतिपय वहाना गरी फर्किसके । स्थानीय र प्रदेशमा कर्मचारी अभाव हुँदा पनि संघमा 'बेरोजगार' कर्मचारी छन् । यो विषयमा मिडियाले टिप्पणी गर्दा मन्त्री पण्डितलाई सह्य हुँदैन ।

"सञ्चार माध्यम मूल विषयमा नगई ससाना कुरालाई बाहिर ल्याएर विवादित बनाउन खोज्छन्," ललितपुरमा भएको पत्रकारसँगको छलफलमा उनले भनिदिए । मुलुकका समस्यालाई उनले राष्ट्रवादसँग मात्र जोडेनन्, उदाहरण नै दिन भ्याए । कुनै बेला आफू वैदेशिक कार्यशालामा गएका बेला त्यहाँका मानिसले कुटौँलाझैँ गरेर हप्काएको सुनाए ।

मन्त्री पण्डित गफिँदै थिए, "फोटो खिचिरहेका थियौँ, हप्काए । कारण, हामीले फोटो खिचिरहेको पछाडि अलि फोहोर रहेछ । हाम्रो देशको बदनाम गर्न फोहोर देखिने गरी फोटो खिच्न थाल्यो भन्ने परेछ ।" नेपाली मिडियाले नकारात्मक समाचार मात्र उठान गर्ने गरेको भान पण्डितलाई परेको रहेछ ।

तीन तहका सरकारबीच सहअस्तित्व, सहकार्य र समन्वयको मूल मर्म संविधानमै छ । एकात्मक राज्यजस्तो स्थानीय निकाय नभई सरकार बनेको छ । स्थानीय सरकारका अधिकार कटौती गर्ने गरी संघीय सरकारले चालेका कदमप्रतिको मिडिया टिप्पणी पनि उनलाई अपाच्य भएछ । भनिदिए, "संघ, प्रदेश र स्थानीय तह ठाडो पिरामिडमा हुन्छ ।"

प्रचारबाज मन्त्री

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईको कार्य समीक्षा गर्ने बेला नभए पनि पछिल्ला दिनका गतिविधि नियाल्दा सस्तो प्रचारबाजीमा रमाइरहेको देखिन थालेको छ ।

बाराको निजगढमा विमानस्थल बनाउन वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) स्वीकृत भए पनि डीपीआर नै बनेको छैन । निर्माण ढाँचा र लगानीको अन्योल छ । तर मन्त्री भट्टराईले भनिदिए, "विकास भनेको उत्सव हो, त्यहाँको जंगल भरिने गरी १० लाख मान्छे उतारेर विमानस्थल शिलान्यास हुन्छ ।" मानौँ, विकास होइन, आमसभा हुनेछ, निजगढमा । विमानस्थल निर्माणलाई अगाडि बढाउन देखिएका जटिलता फुकाउन छाडेर सस्तो लोकप्रियताका लागि भाषण गरे, भट्टराईले ।

मन्त्री बनेलगत्तै देश दौडाहामा निस्किएका भट्टराईले अर्को घोषणा गरिदिए, "७० वर्षमाथिका ज्येष्ठ नागरिकलाई हवाई भाडामा ५० प्रतिशत छूट दिने ।" योजना राम्रो भए पनि गृहकार्यबिनै गरिएको घोषणा कार्यान्वयनमा आउने छाँट छैन । किनकि जहाज सञ्चालकले मन्त्री भट्टराईलाई नै भेटेर छूट दिन नसकिने जनाउ दिइसके ।

फिल्म हलमा चलचित्र सुरु हुनुअघि राष्ट्रिय गान अनिवार्य गर्ने विषयकै आलोचना भइरहेका बेला मन्त्री भट्टराईले पशुपतिनाथ मन्दिरमा हुने आरतीको समयमा पनि त्यसै गर्न दिएको निर्देशन विवादरहित हुन सकेन । पशुपतिमा हरेक बेलुका आरती हुन्छ । पशुपतिमा ब्रह्मनाल पारिपट्टि सन्ध्याकालीन आरती हुँदै आएकामा मूल मन्दिरको निकास ब्रह्मनालमा अन्त्येष्टिअघि पार्थीव शरीर राखिन्छ । पशुपति क्षेत्र तीर्थस्थलका अतिरिक्त हिन्दुको अन्त्येष्टि स्थलसमेत रहेकाले राष्ट्रिय गानको सान्दर्भिकतामाथि प्रश्न उठ्नु स्वाभाविकै हो ।

भिडियो संवाद कि मन्त्रिपरिषद् ?

उपचारका क्रममा सिंगापुरमा रहेका प्रधानमन्त्री केपी ओलीले 'टेलिकन्फरेन्समार्फत मन्त्रिपरिषद् बैठक बस्न सकियो' भनी ट्वीट गरे, ९ भदौमा । प्रमको ट्वीटलाई आधार मानेर सञ्चार माध्यममा 'सिंगापुरबाटै मन्त्रिपरिषद् बैठक' आशयका समाचार सार्वजनिक भएपछि गोपनीयताको बहस व्यापक बन्यो ।

अन्ततः कांग्रेस प्रमुख सचेतक बालकृष्ण खाँडले भिडियो कन्फरेन्सबाट मन्त्रिपरिषद् बैठक गर्दा सूचना पनि चुहिने र गोपनीयता नरहने भन्दै सदनमै आपत्ति जनाउन भ्याए ।

प्रधानमन्त्री ओली सिंगापुरमा रहेका बेला भिडियो कन्फरेन्सबाट मन्त्रिपरिषद् बैठक बसेको सार्वजनिक भए पनि सञ्चारमन्त्री गोकुल बाँस्कोटाले खण्डन गरिदिए । संसद्लाई जानकारी दिँदै मन्त्री बाँस्कोटाले मन्त्रिपरिषद् बैठक नै नबसेको बरू प्रधानमन्त्रीले सामूहिक रूपमा हेलो भनेको र आफूहरूले नमस्कार गरेको जिकिर गरे । यदि मन्त्रिपरिषद् बैठक नभई भिडियो कन्फरेन्स अर्थात् संवाद मात्र हो भने 'प्रधानमन्त्री देशबाहिर रहँदा भिडियो कन्फरेन्सबाट मन्त्रिपरिषद् बैठक बस्न सक्ने व्यवस्था' सहित कार्यविधि किन संशोधन गरेको ? भिडियो संवादबाट मन्त्रिपरिषद् बैठक गर्दा गोपनीयताको विषय उठेपछि सरकारले मध्यमार्गी बाटो खोजेर 'कन्फरेन्स' मै सीमित गरेको देखिन्छ । ने

BAJAJ
BAJAJ
15 YEARS OF
LEADERSHIP
BAJAJ
भविष्यवाणी
किन्नु अगाडि जित्नुहोस्
१० हजार
३० हजार
५० हजार
१ लाख
१ लाख
किनेपछि जित्नुहोस्
५० हजार
३० हजार
१० हजार
॥ अब कति जितिन्छ
पहिल्यै देखिन्छ ॥
यो दशैं तिहारमा बजाज बाइक किन्नु अघि नै जित्नुहोस् रू.१,००,०००/-* सम्म ADVANCE CASH र किनेपछि फेरि रू.१,००,०००/-* सम्मको CASH PRIZE
Rs. 5,29,900/-
Rs. 3,19,900/-
Rs. 2,86,900/-
Rs. 3,14,900/-
Rs. 2,79,900/-
DTS-I TD Rs. 2,64,900/- DTS-I Rs. 2,53,900/-
Rs. 3,39,900/-
220 Rs. 3,19,900/- 180 Rs. 2,99,900/-
ST Rs.202,900/- DISC Rs. 1,92,900/- DRUM Rs.1,85,900/-
Rs. 1,64,900/-
SOLE DISTRIBUTOR FOR NEPAL
HANSRAJ HULASCHAND & COMPANY PRIVATE LIMITED Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np
www.facebook.com/hhbajaj
Bajaj 24 x 7 HELPLINE 166001 75555 98015 75555
STATE 1: Ilam 520906, Birtamod 540724, Damak 582109, Pathari 556082, Itahari 585442, Biratnagar 526242, Inaruwa 561657, Dharan 533996, Khandbari 560499, Urlabari 541876, Biratchowk 545383, Gaighat 420966, Katari 450207, Diktel 9852849404, Duhabi 9805324834, Phidim 9851230099 | STATE 2: Rajbiraj 523545, Lahan 560987, Mirchaiya 550744, Siraha 520255, Janakpur 9801667828, Jaleshwor 520518, Bardibas 550639, Lalbandi 501564, Gaur 521599, Nijgadh 540079, Jitpur (Bara) 412170, Birgunj 523837, Kalaiya 551525 | STATE 3: Hetauda 522498, Parsa 583176, Narayanghat 571089, Tandi 563303, Bharatpur 526510, Kumaripati 5530187, Gongabu 4359039, Nayabaneshwor 4781946, Kalanki 4286015, Dillibazar 4435916, Baudha 4474716, Thimi 6631386, Bhaktapur 6611777, Lainchaur 4425579, Gwarko 5007553, Sukedhara 4650914, Maharajgunj 4720809, Battisputali 4465542, Banepa 660295, Charikot 421925, Balaju 4353150, Balkhu 4286377, Sitapaila 4286452, Tinkune 4117534, Nuwakot 561817, Satungal 9813687774, Dhading 521326 | STATE 4: Aabukhaireni 540482, Gorkha 421571, Lamjung 520953, Damauli 560399, Pokhara 522315, Baglung 520882, Jomsom 440290, Dulegauda 414373, Kawasoti 540906, Syangja 9805887122, Walling 412106 | STATE 5: Butwal 437849, Bardaghat 580387, Parasi 520048, Bhairahawa 521855, Jeetpur (4No.) 550249, Chandrauta 540123, Arghakhachi 420964, Pyuthan 460755, Ghorahi 560743, Tulsipur 523402, Rampur 400480, Tamghas 520419, Nepalgunj 522751, Guleriya 420375, Kohalpur 540320 | STATE 6: Surkhet 521979, Jumla 520205, Jajarkot 9861227937, 9812546392 | STATE 7: Lamki 540365, Tikapur 560807, Dhangadi 520892, Mahendranagar 520896, Dadeldhura 420116, Darchula 420300, Aatariya 550762

WEATHERCOAT
LONG LIFE
EXTERIOR EMULSION WITH PU & SILICON
घाम-पानी छेक्छ,
१० वर्ष टिक्छ
Since 1760
Lewis Berger
Paint your imagination
का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८
XP ADVANCED
Since 1760
Lewis Berger
Paint your imagination
WEATHERCOAT
LONG LIFE
EXTERIOR EMULSION WITH PU
PU & SILICON TECHNOLOGY
REPELS HEAVY RAIN
10 YEAR WARRANTY
चर्को घामबाट बचाउँछ
मुसलधारे वर्षाबाट जोगाउँछ
१० वर्ष वारेन्टी